# अध्याय एक
# परिचय

## १.१ विषय प्रवेश

### १.१.१ दलित

नेपाली समाज बहुधार्मिक, बहुजातिय समाज हो । नेपालमा दलित समुदाय उल्लेख्य संख्यामा रहेको पाइन्छ । दलित समुदायको राजनीतिक नेतृत्वमा उपस्थिति भने न्यून रहेको छ । राज्यले विगतमा दलितलाई कानुनी रूपमै अछूत बनाइएको पाइन्छ । नेपालको पहिलो मूल कानुन वि.सं. १९१० को मुलुकी ऐनले सबै नेपालीलाई तागाधारी, मतवाली, छोइछिटो हाल्नु नपर्ने र पानी नचल्ने, पानी नचल्ने छोइछिटो हाल्नुपर्ने गरी चार जातमा बाँडेको थियो । राष्ट्रिय दलित आयोगले दलित जातीय पहिचानका लागि मुख्य दुईवटा आधार अपनाएको देखिन्छ । पहिलो, दलितको परिभाषा र दोस्रो स्थलगत अध्ययनबाट सम्बन्धित जातहरूबारे प्राप्त तथ्याङ्क तथा त्यसबाट निकालिएको निष्कर्षका आधारमा । आयोगले दलितको परिभाषा यसप्रकार गरेको छ- 'हिन्दु वर्णाश्रम जाति व्यवस्था, वि.सं. १९९० को मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नुपर्ने जातजाति भनी जातीय भेदभाव एवं समाजमा अछुत मानिएका र सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक तथा धार्मिक रूपमा राज्यको मूलप्रवाहबाट पछाडि पारिएका जातजातिका नै दलित हुन् ।' राष्ट्रिय दलित आयोगले जातिय अनुसुची प्रतिबेदनमा उल्लेख गरे अनुसार नेपालमा २६ जात दलित अन्तरगत पर्दछन् । दलित समुदायलाई छुवाछुतको व्यवहार गरेको पाईन्छ । कुनै प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज वा अन्य कुनै नाममा कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा भेदभाव गर्नु वा छुन नहुने जात भनी छुवाछुत गर्नु, बहिष्कार गर्नु, प्रतिबन्ध लगाउनु, निष्कासन गर्नु, अवहेलना गर्नु वा अन्य भेदभावजन्य कार्य गर्नु नै जातीय भेदभाव र छुवाछुत हो भनी परिभाषित गरेको पाइन्छ । पहाड, तराई र नेवार समुदायमा दलित रहेको पाइन्छ । दलित समुदायको मुख्य धर्म हिन्दु हो । वर्ण व्यवस्थाको परम्पराले गर्दा यस धर्ममा सामाजिक तवरले छुवाछुतको व्यवहार गरेको पाइन्छ ।(मैनाली,२०६१)

वर्तमान संविधान अनुसार अविभेद तथा छुवाछूत विरुद्धको व्यवस्थाहरू (धारा २४) दलितका लागि कोशेढुंगा मान्न सकिन्छ कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव नगरिने, कुनै सार्वजनिक स्थल, वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरणमा भेदभाव नगरिने, जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचारप्रसार गर्नगराउन नपाइने, कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न नपाइने, सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुन बमोजिम दण्डनीय हुने र पीडित व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुने भन्ने उल्लेख छ । क्षतिपूर्ति पाउने व्यवस्था आफैमा अत्यन्त प्रगतिशील व्यवस्था हो । दलितका लागि व्यवस्था भएको अर्को महत्वपूर्ण धारा ४० हो । यसले आर्थिक  सामाजिक हितको सुनिश्चितता गरेको देखिन्छ । यसमा राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक प्रदान गरेको छ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिने भनेको छ । दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्ति सहित निशुल्क शिक्षाको व्यवस्था गरिने उल्लेख छ । दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुन बमोजिम विशेष व्यवस्था गरिने भनिएको छ । धारा ४० मा नै दलित समुदायको परम्परागत सीपको सन्दर्भमा आफ्नो परम्परागत पेसा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुने भनिएको छ । राज्यले दलित समुदायका परम्परागत पेसासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउने उल्लेख छ ।(नेपालको संविधान,२०७२)

### १.१.२ दलित महिला

आधारभूत रूपमा खस-पर्वते जातिका दलित महिला वर्गीय, जातीय र लिङ्गीय गरी तीन प्रकारका शोषण उत्पीडनमा छन् । मधेसीका दलित महिला वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय र भाषिक गरी पाँच प्रकारका शोषण-उत्पीडनमा छन् । त्यस्तै, नेवारभित्रका दलित महिला चाहिँ वर्गीय, जातीय, लिङ्गीय र भाषिक गरी चार प्रकारको शोषण-उत्पीडनमा छन् । यसरी दलित महिलाभित्र रहेको बहुआयामिक समस्याबारे नेपालको महिला आन्दोलनमा

खासै विमर्श हुन सकेको छैन । महिला आन्दोलनभित्र खस–पहाडे महिला र मधेसी महिला, आदिवासी जनजाति, दलित, मुस्लिम महिलाका विशिष्ट खाले समस्या छन् । यसो भए तापनि अन्य समुदायका महिलाका तुलनामा सबैभन्दा उत्पीडनमा पारिएका र छुवाछूत–भेदभावसमेत भोग्न विवश दलित महिलाको समस्याबारे नेपाली महिला आन्दोलनको दृष्टिकोण के हो ? दलित महिलाले भोग्दै आएको अमानवीय विभेद समाधानको योजना प्राथमिकताक्रममा कहाँनिर पर्छ ? अहिलेसम्म दलित महिलामाथि भएका हिंसाका घटनामा नेपाली महिला आन्दोलनको भूमिका कस्तो रह्यो ? आदि विषयमा महिला आन्दोलनको दृष्टिकोण र भूमिका के हो भन्ने कुरा अब बहसमा आउन ढिला भइसकेको छ । दलित महिला गैरदलित पुरुषबाट मात्रै होइन, गैरदलित महिलाबाट समेत भेदभावमा पर्ने गरेका छन् । यसतर्फ पनि महिला आन्दोलनको क्रियाशीलता बढ्नुपर्ने देखिन्छ ।(मैनाली,२०६१)

### १.१.३ दलितको जनसंख्या

वि.सं. २०६८ सालमा भएको जनगणना अनुसार कास्कीमा जम्मा जनसंख्या ४,९२,०९८ जना रहेकोमा महिला २,५५,७१३ जना र पुरुष २,३६,३८५ जना तथा जम्मा घर परिवार संख्या १,२५,६७३ रहेको छ । घर परिवारको औषत सदस्य संख्या ३.९२ जना, जनघनत्व २४४ जना प्रति वर्ग कि.मि., पुरुष महिला अनुपात ९२.४४ पर्दछन । जिल्लाको वार्षिक जनसंख्या वृद्धिदर २.६५ प्रतिशत रहेको यस जिल्लाको शहरी जनसंख्या ५१.९५ प्रतिशत रहेको छ । कास्की जिल्लामा रहेको जम्मा ८५,०६५ परिवारहरु मध्ये पूरुष घरमूली भएको परिवार संख्या ५९,९८२ रहेको छ भने महिला घरमुली भएको परिवार संख्या २५,०९३ रहेको छ ।

कास्कीमा सबैभन्दा बढी संख्यामा ब्राम्हण(२७.८५) जाति रहेका छन् । त्यस पछाडी क्रमशः दोश्रोदेखि दशौँ ठूलो संख्यामा गुरुङ्ग(१६.६५), क्षेत्री(१४.६५), मगर(८.६५), कामी (७.९५), नेवार(१४.९५), दमाई(३.७५), तामाङ(२.७५), सार्की(२.५५) र ठकुरी(१.४५) जाति रहेको पाइन्छ । कास्कीका मुख्य १० जाति भित्र दलित समुदायका कामी, दमाई र सार्की क्रमशः पाँचौ, सातौँ र नवौँ क्रममा पर्दछन् । कास्कीमा रहेका दलित समुदाय करिब १५.५५ रहेको देखिन्छ । जुन समग्र कास्कीको जनसंख्यालाई हेर्दा ब्राम्हण र गुरुङ्ग पछि तेस्रो ठूलो

समुदायको रुपमा रहेको छ । दलित समुदाय कास्की जिल्लाका सबै क्षेत्रमा छरिएर रहेको पाइन्छ । दलित समुदायमा पनि अन्य समुदायकै जस्तो महिलाको जनसंख्या पचास प्रतिशत भन्दा केही बढी रहेको छ ।(केन्द्रीय तथ्यांक विभाग,२०६८)

## १.१.४ समावेशी लोकतन्त्र

परम्परागत प्रजातन्त्रले समाजका सबै समुदायको प्रतिनिधित्व गराउन नसकेका कारणले सबैको प्रतिनिधित्व गराउने उद्धेश्यले समाजमा रहेका जात, जाति, धर्म, सम्प्रदायको निर्णायक तहमा प्रतिनिधित्व गराउने व्यवस्था नै समावेशी लोकतन्त्र हो । जसको प्रयोग नेपालले मुलभूत रुपमा वर्तमान संविधान मार्फत गरेको छ । देशमा २००७ सालदेखि हालसम्म विभिन्न समयमा भएका आन्दोलनका उपलब्धीहरुलाई संस्थागत गर्ने क्रममा २०७२ साल असोज ३ गते जननिर्वाचित संविधानसभा मार्फत जारी भएको नेपालको संविधानले संघीयताको व्यवस्था गरेको छ । संवैधानिक व्यवस्था अनुसार केन्द्रमा दुई सदनात्मक संघीय संसदको व्यवस्था गरेको छ भने प्रदेशस्तरमा एकसदनात्मक सभाको व्यवस्था गरेको छ । संघीयताको तल्लो तहको रुपमा स्थानीय तहको व्यवस्था गरेको छ ।

विभिन्न समयका आन्दोलनका पृष्ठभूमिका आधारबाट समावेशीतालाई संविधानले अंगिकार गरेको छ । नेपालको संविधानको भाग ३ मा समानताको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, महिलाको हक, दलितको हक आदि महत्वपुर्ण मौलिक हकको व्यवस्था गरेको छ । नेपालको संविधानमा राष्ट्रपति र उपराष्ट्रपति फरक लिङ्ग वा समुदायको हुनुपर्ने संघीय तथा प्रदेश संसदमा महिलाको ३३ प्रतिशत अनिवार्य प्रतिनिधित्व समेतको समावेशीता, जनसंख्याको आधारमा विभिन्न छ समूहको व्यवस्था गरि तोकिए बमोजिमको प्रतिशतमा प्रतिनिधित्व गर्ने व्यवस्था, सभामुख र उपसभामुख फरक लिङ्गको हुनुपर्ने, राष्ट्रिय सभामा हरेक प्रदेशबाट कम्तिमा तीन जना महिला र एक जना दलितको प्रतिनिधित्व हुनुपर्ने गरी लैङ्गिक तथा जातिय समावेशीतालाई अवलम्वन गरेको पाइन्छ ।( नेपालको संविधान (२०७२))

लोकतन्त्रमा निर्वाचन अपरिहार्य मानिन्छ । मतदानको माध्यमबाट प्रतिनिधि चयन गर्ने प्रक्रिया नै निर्वाचन हो । निर्वाचन मार्फत आम नागरिक शासन प्रणालीमा सहभागी

हुन्छन् भने निर्वाचितहरू आमनागरिक प्रति जवाफदेही हुने आधार पनि निर्वाचन हो । निर्वाचन आवधिक रूपमा राज्य इच्छा निर्माण गर्ने र निर्मित नीति कार्यक्रमको नवीकरण गर्ने शक्तिको अभ्यास पनि हो । जनादेश प्राप्त गर्ने विधि हो । निर्वाचन मार्फत नै सबै प्रकारका सुधार कार्यसूची र कार्यक्रमले राज्य प्रणालीमा प्रवेश पाउँछ । यस अर्थमा निर्वाचन बिनाको लोकतन्त्रको कल्पनासम्म गर्न सकिँदैन । यो मतदान मात्र होइन, सबै प्रकारका नागरिक अधिकारको प्रवेशद्वार हो । निर्वाचन प्रणालीको ऐतिहासिक विकास क्रमानुसार पहिला निरङ्कुशता थियो, त्यसपछि धार्मिक नेतृत्व, जहाँनिया वा कुलिन नेतृत्व, प्रजातान्त्रिक नेतृत्व, समावेशी नेतृत्वसम्म आइपुग्दा प्रतिनिधित्व विस्तृतता तर्फ अभिमुख भएको छ साथै प्रतिनिधित्व प्रणाली पनि प्रत्यक्षबाट समावेशी अनि जनसंख्या र भूगोल दुवैलाई समेट्ने बनाउँदै लगिएको छ । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र विश्वासनीय बनाउन निर्वाचन व्यवस्थापन गर्ने निकायलाई स्वतन्त्र संवैधानिक अङ्गका रूपमा विकास गर्ने परिपाटी प्रचलनमा छ भने आवधिक निर्वाचनलाई सुनिश्चितता दिन कानुनमा नै निर्वाचन मितिको व्यवस्था हुने अभ्यास पनि प्रचलनमा आएको छ ।(मैनाली,२०६४)

विश्वमा निर्वाचन हुन थालेको २४५ वर्षपछि मात्र नेपालमा बालिग मताधिकारको प्रचलन भयो । वि.सं २००७ सालपूर्व नेपाली नागरिकलाई रैतिको रुपमा लिइएको थियो । जसमा जनताले आफ्ना प्रतिनिधि निर्वाचनका माध्यमबाट छनौट गर्ने कुरा कल्पनासम्म गरिदैनथ्यो । १०४ वर्षको जहाँनिया शासनको अन्त्यका लागि जनताले गरेको आन्दोलन पश्चात २००७ सालमा प्रजातन्त्रको स्थापना भयो । वि.सं. २०१५ फागुण ७ गते संसदीय निर्वाचनका लागि नेपालीले पहिलोपटक वालिग मताधिकार प्रयोग गर्ने अवसर पाएका थिए, जसको सम्झनामा २०७३ सालदेखि निर्वाचन दिवस मनाउन थालिएको छ । यसअघि गाउँ, नगर जस्ता तहमा बालिग मताधिकारको स्वतन्त्र र प्रत्यक्ष प्रयोग भएका थिए तर छोटो अवधिमा नै संसदीय प्रजातन्त्रको तत्कालीन शाही सरकारद्वारा २०१७ सालमा अपहरण गरेपछि तीनदशक निर्देशित पञ्चायती व्यवस्था कायम रह्यो । त्यस व्यवस्थामा जनता बालिग मत त दिन पाउँथे तर राजनीतिक व्यवस्था निर्दलीय र उम्मेदवारी गाउँफर्क अभियान वा पञ्चायत नीति तथा जाँचबुझ समिति मार्फत अप्रत्यक्ष रूपमा दरबारको अनुमोदनपछि मात्र दिन पाइन्थ्यो । २०४६ को आन्दोलनपछि बनेको नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार बहुदलीय प्रतिस्पर्धामा आधारित लोकतान्त्रिक निर्वाचन हुने परिपाटीको पुनः सुरुवात भयो । २०४८, २०५१ र २०५६ को प्रतिनिधिसभा निर्वाचन तथा

२०४९ र २०५४ को स्थानीय निकाय निर्वाचनमा नेपाली मतदाताले स्वतन्त्र रूपमा मताधिकारको प्रयोग गरी आफ्ना प्रतिनिधि चयन गर्ने अवसर पाएका थिए । जनआन्दोलन भाग २ पछि संविधानसभा सदस्य निर्वाचन, २०६४ र २०७० मा संविधान बनाउने प्रयोजनका लागि प्रतिनिधि चयन गरे । निर्वाचनलाई आधुनिक, स्वतन्त्र र विश्वसनीय बनाउँदै लगेको छ, परिष्कृत निर्वाचन प्रणालीका माध्यमबाट समावेशी लोकतन्त्रलाई अवलम्वन गरिएको छ ।(निर्वाचन बुलेटिन,२०७२)

## १.२ समस्याको कथन

समाजमा दलित समुदायलाई तल्लोस्तरको मानवको रुपमा लिइएको पाइन्छ । विषेशतः हिन्दु वर्णाश्रम अनुसार जातिय हिसावले ब्राम्हण, क्षेत्री, वैश्य र शुद्र भनी चार वर्गमा विभाजन गरेको छ । महिला र सो भित्र पनि दलित महिलाको राजनीति तहका निकै कम मात्र सहभागीता रहेको पाइन्छ । जनसंख्याको अनुपात र राज्यका विभिन्न अंगमा दलितको उपस्थितिका हिसाबले नमिल्दो देखिन्छ । सोही वर्णाश्रम व्यवस्थाले गाजिएको समाजमा दलितलाई नेतृत्वमा ल्याउनु नै चुनौतीपूर्ण छ । सो विषयलाई संविधान र कानुनले प्रत्याभूत गरिसकेको अवस्था रहेको छ । नेपालको संविधान (२०७२) को भाग १७ र १८ मा नगर कार्यपालिका, गाउँ कार्यपालिका एवं जिल्ला समन्वय समितिमा दलित वा अल्पसंख्यकको अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था गरी समावेशीतालाई प्रत्याभूत गरेको छ । गाउँ वा नगरका प्रत्येक वडाबाट चार जना वडा सदस्य निर्वाचित गर्नुपर्नेछ सो चार जना सदस्य मध्ये कम्तीमा २ जना महिला (५० प्रतिशत) हुनुपर्ने व्यवस्था गरेको छ । गाउँ र नगर कार्यपालिकामा क्रमश ४ र ५ जना महिला निर्वाचित गर्नुपर्ने व्यवस्था छ । जिल्ला समन्वय समितिमा कम्तीमा ३ जना महिला र एक जना दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित हुनु पर्दछ ।(नेपालको संविधान (२०७२))

स्थानिय तह निर्वाचनमा गोप्य मतदानको प्रकृयाद्धारा एक पद एकमतको आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको व्यवस्था गरिएको थियो । संवैधानिक व्यवस्था अनुसार ४ वडा सदस्य मध्ये २ जना महिला हुनुपर्ने व्यवस्था गरिएकोमा स्थानीय तह निर्वाचन ऐन, २०७३ ले सो दुई जना महिला मध्ये कम्तीमा एक जना दलित महिला नै

हुनुपर्ने व्यवस्था गरेको छ । गाउँ नगर कार्यपालिकामा दलित वा अल्पसंख्यक समुदायबाट गाउँ कार्यपालिकाको लागि २ जना र नगर कार्यपालिकाको लागि ३ जना निर्वाचित गर्ने व्यवस्था रहेको छ । गाउँपालिका नगरपालिका एवं जिल्ला समन्वय समितिका मुख्य दुई पद प्रमुख र उपप्रमुखमा उम्मेदवारी दिदा कम्तीमा एक पदमा महिलालाई उम्मेदवार बनाउनुपर्ने बाध्यात्मक व्यवस्थाले लैङ्गिक समावेशीकरणलाई महत्व दिएको पाइन्छ ।(स्थानिय तह निर्वाचन ऐन, २०७३)।

स्थानीय तहको निर्वाचन भैसकेको अवस्थामा दलित नेतृत्व के कसरी विकास भएको छ र के कस्ता चुनौती सामना गर्नु परेको छ भन्ने तथ्य उजागर गर्नका लागि जरुरी देखिएको छ । दलितका व्यवहारिक तथा जातिय असहजताको खोजि गरी नेतृत्वमा स्थापित गर्ने र दलितका अन्य सदस्यलाई पनि राजनीतिमा आर्कषित गर्नका लागि यो पक्ष अध्ययनको विषय हुन गएको हो । तसर्थ यस शोध कार्य तपसिलका समस्यामा केन्द्रित छ ।

क) सदस्यहरु के कस्ता शैक्षिक, राजनीतिक, आर्थिक पृष्ठभूमिबाट आएका छन् ?

ख) दलित महिलाको नेतृत्वलमा के के समस्याको आई पर्ला र सोको सामना गर्न सक्छन् ?

ग) निर्वाचित सदस्यले के कस्ता चुनौतीहरुको सामना गर्नु पर्ला ?

घ) दलित महिलालाई जनताले विश्वास गरी काममा सघाउलान् ?

## १.३ अध्ययनको उद्धेश्य

यस अध्ययनको उद्धेश्य यस प्रकार छ ।

१) दलित महिला सदस्यहरुको शैक्षिक, आर्थिक, सामाजिक, राजनीतिक अवस्थाको अध्ययन र विश्लेषण गर्नु ।

२) निर्वाचित दलित महिला सदस्यहरुको नेतृत्वका चुनौतीहरुको खोजी गर्नु ।

## १.४ अध्ययनको महत्व

नेपालको जनसांख्यिक पक्षबाट हेर्दा नेपालको कूल जनसंख्याको आधाभन्दा बढी जनसंख्या महिला भएको एवं रोजगारी अध्ययन आदिका सिलसिलामा महिलाभन्दा बढी पुरुष विदेशिएको अवस्था देखिन्छ । जनसंख्याको समानुपातिक प्रतिनिधित्वको दृष्टिकोणबाट हेर्दा कम्तीमा पचास प्रतिशत महिला जनप्रतिनिधि सबै तहमा हुनुपर्ने स्वाभाविक अवस्था हो । देशमा नै रहेको जनसंख्या हेर्दा पुरुषभन्दा बढी नै संख्यामा महिला भएकाले यहाको शासन संचालनका कार्यमा पनि महिलाको संलग्नता बढी हुनुपर्ने आवश्यकता देखिन्छ । शासन संचालन एवं नीति निर्माणको तहमा महिलाको उपस्थिति हुँदा महिला प्रति हुने विभेद अन्याय अत्याचार आदिका पक्षमा महिलामैत्री कानुन निर्माण र सोको कार्यान्वयनले महिलाको समग्र अवस्थामा सुधार आउने अनुमान गर्न सकिन्छ ।

महिला भित्र पनि फरक फरक अवस्था भएका महिला पाइन्छ । खस, आर्य, आदिवासी, जनजाती, दलित आदि महिलाहरु बिचमा समग्र पक्षको अध्ययन गर्दा दलित महिलाको अवस्था अन्य जातका महिलाकाभन्दा कमजोर देखिन्छ । दलित महिलाहरु महिला भएका कारण हुने विभेदको अतिरिक्त जातिगत छुवाछुत र दुर्व्यवहारका कारणबाट पनि अझ पछि परेको देखिन्छ । त्यसो हुँदा स्थानीय तहको नीति निर्माणको स्थानमा दलित महिलालाई अनिवार्य प्रतिनिधित्व गराउने वर्तमान कानुनी र संवैधानिक व्यवस्थाको कारण आगामी दिनमा सुधारको अपेक्षा गर्न सकिन्छ । निर्वाचित दलित महिलाको अध्ययनबाट उहाँहरुको सोच र अहिलेको यथार्थ बिचको अवस्था चित्रण गर्दछ ।

यसरी निर्वाचित दलित महिलाको राजनैतिक चेतना सामाजिक अवस्था एवं नीति निर्माण तहमा पार्न सक्ने प्रभावको विश्लेषण गर्न जरुरी भएको पाइन्छ । त्यसै गरी दलित महिलाका विषयका क्रियाशिल सरकारी निकाय, राष्ट्रिय तथा अरन्तराष्ट्रिय गैर सरकारी संस्था, स्थानीय तह, लगायत निर्णायक तहमा रहेका निकायका अतिरिक्त सो क्षेत्रमा वातावरण वनाउन माहोल सृजना गर्ने निकायलाई सहयोगी हुनेछ । त्यस्तै लैङ्गिक क्षेत्रमा कार्य गर्ने, विद्यार्थी वर्ग एवं यस क्षेत्रमा अनुसन्धान गर्ने निकाय र योजना तथा तालिम संचालन गर्ने संघ संस्थालाई यो उपयोगी र महत्वपूर्ण हुने विश्वास लिएको छु ।

## १.५ अध्ययनको सीमा

यस अध्ययनका आफ्नै सिमितता पनि रहेको छ। यस अध्ययनलाई कास्की जिल्लाको एक महानगरपालिका र चार गाँउपालिकाका वडाहरुसम्म मात्र सिमित गरिएको छ । दलित महिलाको राजनीतिक क्षेत्रमा भएको सशक्तिकरणका आधारभुत पक्षलाई मात्र विश्लेषण गर्न खोजिएको छ ।

आर्थिक पक्ष र समयको केही सिमितताले गर्दा लामो समयसम्म कार्यक्षेत्रमा रही अध्ययन गर्न कठिनाई रहेको छ । त्यस्तै गरी भौगोलिक हिसाबले क्षेत्र ठुलो भएकाले गाँउपालिकाको सदरमुकामसम्म मात्र अध्ययनको क्षेत्र रहेको छ । यस अध्ययन स्नातकोत्तर तहको शैक्षिक शोध पत्रको रुपमा रहेकाले यसको दायरा सिमित रहेको छ ।

## १.६ अध्ययनको संगठन

यस अध्ययनलाई ६ अध्यायमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

**अध्याय एक** शोध कार्यको परिचयात्मक खण्डसंग सम्बन्धित छ । यसमा अध्ययनको पृष्ठभूमि, समस्या कथन, अध्ययनको उद्धेश्य, अध्ययनको महत्व, अध्ययनका सीमा र अध्ययनको संगठनलाई समेटिएको छ ।

**अध्याय दुई** पूर्व साहित्यको अध्ययनसंग सम्बन्धित छ । यस अध्यायमा अध्ययनको विषयसंग सम्वन्धित विभिन्न पुस्तकहरु, सिद्धान्तहरु, सम्बन्धित विषयका शोध कार्यहरु, लेख रचनाहरुलाई पुनरावलोकन गर्ने कार्य सम्पन्न गरिएको छ ।

**अध्याय तिन**मा प्रस्तुत अध्ययनलाई सम्पन्न गराउने क्रममा अपनाइएका अनुसन्धान पद्धतीका बारेमा उल्लेख गरिएको छ । यसलाई अध्ययन क्षेत्र छनोट, अध्ययन ढाँचा, तथ्याङ्कको स्रोत, विधि र प्रक्रिया, तथ्याङ्क संकलन विधि, विश्लेषण र प्रस्तुतीकरण आदि विभिन्न भागमा विभाजन गरिएको छ ।

**अध्याय चार** यस अध्यायमा अध्ययनका क्रममा संलग्न भएका उत्तरदाताहरुको शैक्षिक, धार्मिक, पारिवारिक, उमेरगत, पेशागत, आर्थिक, राजनीतिक

पृष्ठभूमिहरुसंग सम्बन्धित रही प्राप्त तथ्याङ्कलाई विश्लेषण गरिएको छ । जिल्लाको सामान्य परिचय उल्लेख गरिएको छ ।

**अध्याय पाँच** यसमा दलित महिला सदस्यको नेतृत्वमा आउदाको अवस्था एवं नेतृत्व गर्दा सामना गरेको चुनौतीहरुको विश्लेषण र व्याख्या गरिएको छ ।

**अध्याय छ** मा अध्ययनको सारांश, निष्कर्ष र सुझावहरु समेटिएको छ ।

यस अध्ययनको अन्त्यमा सन्दर्भ सामाग्री, विषयवस्तुसंग सम्बन्धित अनुसूचीहरु आदि समावेश गरिएको छ ।

# अध्याय दुई
# पूर्व साहित्य अध्ययन

## २.१ दलित जातिको ऐतिहासिक पक्ष

### २.१.१ दलितको इतिहास

दलित भनेको दलिएको, पिसिएको एवं उत्पिडनमा परेको बुझिन्छ । यस जातिलाई शुद्र पनि भनी संवोधन गरिन्छ । 'प्रयोगात्मक नेपाली शब्दकोश' मा शुद्रको अर्थ यस्तो लेखिएको छ- वर्णव्यवस्था अनुसार मानव समाजको चौथो वर्ग वा वर्ण, अछुत मानिएको वर्ग, हरिजन, निम्न जात । वर्णव्यवस्था भनेको चारवर्ण ब्राम्ह्ण, क्षेत्री, वैश्य र शुद्रले पालन गर्नुपर्ने धर्मकर्म हो । सोही शब्दकोशमा 'अछुत' को अर्थ यस्तो छ- छुन नहुने जात, पानी नचल्ने जात, हिन्दु वर्ण व्यवस्था अनुसार छोइछिटो हाल्नुपर्ने जात । हिन्दुको मूलग्रन्थ मध्ये सबैभन्दा पुरानो वेद ऋग्वेदको दशौं मण्डलको पुरुष सुतमा ९० मा ब्राम्ह्ण, क्षेत्री, वैश्य र शुद्र उल्लेख छ । कसैले त्यस विराट पुरुषको मुख ब्राम्हण, पाखुरा क्षेत्री, तिघ्रा वैश्य र पैताला शुद्र हो भनेका छन् भने कसैले त्यस विराट पुरुषले मुख, पाखुरा, तिघ्रा र पैतालाबाट क्रमैसँग ब्राम्हण, क्षेत्री, वैश्य र शुद्रलाई पैदा गरे भनेका छन् । दलित जातिको इतिहास केलाउदा विगतका शासन व्यवस्थाको अध्ययन गर्नु पर्दछ । भारतमा मुसलमानहरुको आक्रमणमा टिक्न नसकी नेपाल छिरेका हिन्दुहरु(तत्कालीन लिच्छवीहरु)ले किरात राजा गस्तीलाई हराई आफ्नो पहिलो सत्ता ई.सं. ११० मा कायम गरे । यिनै लिच्छवी राजाहरुले नेपालमा वर्ण व्यवस्था लागू गरे । नेपालमा सर्वप्रथम हिन्दु वर्ण व्यवस्था लागू गर्ने राजा सुपुष्प थिए । उनले ४ वर्ण १८ जातमा विभाजन गरेका थिए । वर्ण व्यवस्था अनुसार पेशा र जात अनुसारको खानपिन, रहनसहन हुनु पर्ने नीति नियम यिनैले बनाए । जातीय मर्यादा पालना नगरेमा कडा दण्ड सजायको भागीदार हुने प्रचलन बसालियो । कुनै पनि अर्को जातिमा विहेवारी गर्न मनाही गरियो । शुद्रले सुन र चाँदीको गहना लगाउन नपाइने कानुन बन्यो । भारतबाट आएका लिच्छवीहरुले भारतकै मनुस्मृतिको आधारमा वर्ण व्यवस्था लागू गरे । यसरी नेपालमा दलितहरुको जन्म गराइएको देखिन्छ ।(इन्सेक,२०५३)

भीमराव अम्वेडकरले शुद्रको उत्पत्तिका दुई कारण बताएका छन् । राजा र ब्राम्ह्ण बिचमा मतभेद र कलहको परिणामले र ब्राम्ह्ण र बौद्धको आपसी सङ्घर्षबाट ऋग्वेदमा अनार्यहरु आर्यद्वारा विभाजित भएपछि शुद्र भएको देखिन्छ । शुद्रले गर्ने फलाम, छाला, माटो आदिका काम र सडक नाली आदि सफाइ गर्ने काम, मासु काट्ने । बेच्ने मसानघाट, कुर्ने काम ज्यादै हेय र घृणाको दृष्टिले हेर्न थालियो । पेसा छाड्न नपाउने नियम बनाइयो । नियम उल्लङ्घन गर्नेलाई दण्ड सजायको व्यवस्था गरियो ।(पाण्डे,२०६४)

किरात शासनकालमा जातीय छुवाछुत प्रथाको शुरुवात भएको थिएन । किनकी त्यतिबेला जातपातको आधारमा कामको बाँडफाँड भइसकेको थिएन । त्यसैले किरातीहरुले आफैं जुत्ता तथा लुगा सिलाउँथे । छुवाछुतको प्रथा लिच्छवीपछि मल्लकाल आयो । मल्लकालमा जाति प्रथाले चरम रुप लियो । सन् १२८० मा जयस्थिति मल्लले छिन्न भिन्न हुनै लागिसकेको वर्ण व्यवस्थालाई फेरि पुनर्गठन गरेर वर्ण व्यवस्थालाई मजबुत पारे । उनले नेपाल उपत्यकाका नेवारहरुलाई ४ वर्ण र ६४ जातमा विभाजन गरेको इतिहास छ । जसअनुसार नेवारहरु मध्ये आचार्य, बैद्य, श्रेष्ठ र दैवक्षलाई माथिल्लो जातमा राखियो भने पोडे, चर्मकार आदिलाई पानी नचल्ने जातमा राखियो । यी सबै जातिले आ–आफ्नो जात अनुसार काम गर्नु पर्ने नियम बनाइयो । पोडेहरुले टोपी, जुत्ता र सुनका गहना लगाउन नपाउने गरियो । कसाइले बाहुला भएको दौरा सुरुवाल लगाउन नपाउने गरियो । साथै पोडे, कसाइ तथा कुलुहरुले झिंगटीले छाएको घर बनाउन नपाइने गरियो । समाजमा जातीय विभाजनसँगसँगै वर्ण विभाजन पनि गरियो । प्रत्येक वर्ण र जातिको भोजन, बसोबास, जन्म, विवाह र मृत्युको संस्कार पनि अलग अलग बसालियो । तल्ला जातले माथिल्ला मानिएका जातलाई सम्मान गर्नुपर्ने भयो । पेशा छोडे अपराधी र वर्ण उलंङ्घन गरे जात खसालेर चण्डाल बनाउने जस्ता कडा कानुनी उर्दी जारी भयो ।

यही प्रथाको नक्कल गोरखाका राजा राम शाहले (सन् १६०६–१६३३) ले पनि गरे । जसअनुसार ४ वर्ण ३६ जातको राज्य व्यवस्था चलाउन पुगे र उनकै छोरा पृथ्वीनारायण शाहले उपत्यका कब्जा गरेपछि नेपाली समाजलाई हिन्दु वर्ण व्यवस्थामा ढाल्ने काम गरे । उनले भारतमा मुसलमानको आक्रमण हुँदा नेपाल छिरेका कथित विद्वान नारायण अर्याल र गणेश पाण्डेको सल्लाहमा आर्य संस्कृति जवरजस्ती लाद्न थालेको कुरा इतिहासविद्हरु बताउँछन् । त्यसपछि पृथ्वीनारायण शाहले मन परेकालाई माथिल्लो जातमा उकाल्ने र मन

नपरेकालाई जात खसाल्नेसम्मको काम गरेका थिए । यसको साथै जातीय भेदभाव नभएको किरात समुदायमा समेत जवरजस्ती जातीय छुवाछुत प्रथा भित्राउने काम गरे ।

१९१० मा राणाहरुले बनाएको मुलुकी ऐनले जातीय भेदभावलाई कानुनी रुपमा मान्यता दिने र जाति प्रथालाई संस्थागत गर्ने काम गऱ्यो । त्यस ऐनमा नेपाली समाजलाई तागाधारी, खस, मतवाली, शुद्र गरी ४ जातीय समूहमा विभाजन गरियो । पानी नचल्ने शुद्रमा पनि छोइछिटो हाल्नु पर्ने र छिटो हाल्नु नपर्ने गरी २ भागमा बाँडियो । जस अनुसार मुसलमान, तेली, कसाइ, कुसुले, धोबी, म्लेच्छलाई छोइछिटो हाल्नु नपर्ने र छोइछिटो हाल्नु पर्नेमा सार्की, कामी, सुनार, चुनारा, दमाई, गाइने, वादी, च्यामे र पोडेलाई राखियो ।

जनताले तल्लो जातको केटीसित विहे गरे तल्लो जातमा झार्ने र पानी नचल्ने केटीसित विहे गरे राज्यले सर्वस्वहरण गरी तल्लो जातमा पतन गर्नेसम्मको कडा कानुनी व्यवस्था थियो  तर शासक राणाहरुलाई भने मनपरी थियो । यसको केही उदाहरण लिन सकिन्छ कि जंगबहादुर राणाले झापा घुम्न जाँदा एक मेचेकी छोरीलाई मन पराएपछि मेचेलाई “चौधरी” पदवी दिएर मेचेकी छोरीलाई विवाह गरे । त्यस्तै राणा शासक चन्द्र शमशेरले आफ्नै ज्वाईं जयपृथ्वीवहादुर सिंहलाई जाति च्यूत गरेका थिए । यस्तै धार्मिक कर्मकाण्ड तथा जातीय भेदभावको विरोध गरे वापत माधवराज जोशीलाई पनि जाति च्यूत गरिएको थियो । यसैगरी जुद्ध शमशेरले राणा शासनको विरोध गरे वापत टंकप्रसाद आचार्य र रामहरी शर्मालाई चारपाटा मुडेर सुंगुरको पाठा बोकाई शहर घुमाएर जाति च्यूत गरेका थिए । (https://alldalit.blogspot.com/2013/08/blog-post_2786.html)

आहुतिका अनुसार सुरुमा वर्ण व्यवस्था पेसाका आधारमा थियो तर दक्षिण एसियामा भएको श्रम विभाजन अनुउल्लङ्घनीय प्रकारको थियो । बाबु बाजेले गरेको नै पेसा सन्तानले गर्नु पर्ने बाध्यात्मक स्थिति पैदा गरियो । वर्ण व्यवस्थाले ब्राम्ह्ण क्षेत्रीलाई फाइदा पुर्‍याए पनि वैश्य र शुद्रलाई हिनताबोध र आक्रोस बढायो । फलस्वरुप वैश्य र शुद्रले विद्रोह गरे । जुन वैश्य र शुद्रले विद्रोह गरे, उनीहरुलाई दमन गरियो । समाजबाट बहिष्कार गरियो । यही बहिष्कार प्रक्रिया नै छुवाछुतको सुरुवात हो । पछि अपराधमा परेका, बहिष्कारमा परेका शुद्रसँग विवाह गर्नेलाई अछुतमा झार्ने नियम राज्यले बनायो । जसको माध्यमबाट त्यसबेलाका टाठा बाठालाई राज्य गर्न सहज भयो ।

मनुस्मृतिले चार वर्णलाई स्पष्ट रुपमा जन्मका आधारमा व्यक्तिलाई विभाजन गरेको छ र वर्ण अनुसार ब्राम्ह्णलाई पढ्ने पढाउने, क्षेत्रीलाई प्रजा रक्षा, वैश्यलाई

पशुहरुको रक्षा र शुद्रलाई सेवा गर्ने कार्य निश्चित गरिएको पाइन्छ । नेपालमा हिन्दु वर्णव्यवस्था अनुसार अछुत बनाइएकाहरु खस–आर्य, मधेसी र नेवार तिनवटा समुदायका छन् । नेपालको हकमा यी तिनैवटा समुदायमा रहेका छुवाछुत र जातीय विभेद भोग्दै आएका जातिहरु दलितभित्र पर्दछन् । नेपाल राष्ट्रिय दलित आयोगद्वारा सूचीकृत गरिए अनुसार पहाडे दलित १. विश्वकर्मा (कामी, सुनार, लोहार, टमटा, चुनारा, खोड, पार्की) २.परियार (दर्जी, दमाई, परियार, हुड्के, ढोली, सूचिकार) ३.सार्की (मिजार, चर्माकार, भूल) ४.वादी ५.गन्धर्व (गाइने) । मधेसी दलित १. खलिट २. खत्वे ३.चमार ४.डोम ५.तत्मा ६.चिडिमार ७. दुसाध ८.पत्थरकट्टा ९.धोवी १०.पासी ११.बाँतर १२.मुसहर १३.सरभङ्ग (सरवरीया) १४.कलर १५.बाँतर १६. मेस्तर (हलखोर) १८.पासी १९. नटुवा २०. ढाँडी २१.धरिकर (धन्कार) र नेवार समुदायका १.कुसुले, कपाली, कुस्ले २. खड्गी (शाही, कसाई, नेपाली) ३.च्यामे (कुचिकार, च्याम्खल) ४.पोडे (देउला, पुजारी, जलारी, जालन्धर) ५.धोवी ।

भारतमा १९औँ शताब्दीमा हिन्दु वर्ण व्यवस्थाद्वारा शुद्र बनाइएकालाई सम्बोधन गर्न पहिलो पटक ‘दलित’ शब्दको प्रयोग भएको पाइन्छ । भारतका एक चिन्तक तथा समाज सुधारक ज्योतिराओ फूले (सन् १८२७) ले पहिलो पटक प्रयोगमा ल्याएको मानिन्छ दलित शब्दलाई राजनीतिक रङ दिने काम भने भारतका संविधान निर्माता तथा दलित आन्दोलनका अगुवा वीआर अम्बेडकरले गरेका थिए । भारतीय दलित आन्दोलनबाट स्थापित दलित शब्दलाई नेपालमा विसं. २०२४ सालमा सहर्षनाथ कपालीको संयोजकत्वमा ‘नेपाल राष्ट्रिय दलित जनविकास परिषद्’ नामको दलित सङ्गठन स्थापना गरी पहिलो पटक प्रयोग भएको पाइन्छ । उक्त परिषद्मार्फत् अछुत बनाइएको नेपालीलाई सम्बोधन गर्न दलित नामाकरण गरिएको हो । नेपाली र हिन्दी शब्दकोशमा दलित शब्दको अर्थ हेपिएको, दलिएको, पिसिएको भन्ने रहेको छ । अतः आज दलित भनेर चिनिएका सबै हिन्दु वर्ण व्यवस्थाले शुद्र बनाएको समुदाय हुन् भनी भन्न सकिन्छ ।

नेपालको शासन पद्धति हिन्दु धर्मअनुसार चल्दै आएकोमा वि.सं. १९१० मा मुलुकी ऐन बनाएर तागाधारी, मतवाली (मासिन्या र नमासिन्या), पानी अचल छोइछिटो हाल्नु नपर्ने र पानी अचल छोइछिटो हाल्नुपर्ने भनी विभाजन गरियो । जसमध्ये पानी अचल छिटो हाल्नुपर्ने भनी छुट्याएका जातहरु क्रमशः सानोबाट ठुलो च्याम्हासलक, पोढ्या, वादि, गाइन्या, दमाई, हुर्क्या, चुनार, चुनारा, कामी, सार्की (वि.सं. १९१०को मुलुकी ऐन) आदि । यी जातिहरुलाई राज्यमा सम्पत्ति कमाउन रोक अर्थात् उनीहरुको श्रम बलीघरे बनाइयो ।

दोस्रो, राज्यको निकायमा सेवा, रोजगारमा प्रतिनिधित्व गर्न निषेध गरियो, गरेमा पनि जस्तै सेनामा कामीले हतियार बनाउन पाउने तर हतियार चलाउन नपाउने । सार्कीले जुत्ता सिलाउने, दमाईले बाजा बजाउने आदि । पढ्न नपाउने व्यवस्था गरियो र शिक्षाको माध्यमबाट प्राप्त हुने अवसरबाट बन्चित गरियो । यति मात्र गरिएन, एकै किसिमको अपराधमा जात अनुसार घटीबढी दण्ड सजायको व्यवस्था गरियो । उदाहरणः वि.सं १९९७ मा पक्राउ परेका प्रजापरिषद्का सदस्यहरु रामहरि शर्मा, टङ्कप्रसाद आचार्य, दशरथ चन्द, धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ र शुक्रराज शास्त्रीमध्ये टङ्कप्रसाद आचार्य र रामहरि शर्मा दुईजनालाई बाहुन भएकाले मारिएन । अरुलाई मृत्युदण्ड दिइएको थियो । टङ्कप्रसाद आचार्यपछि प्रधानमन्त्री भए र रामहरि शर्मा जिउँदा शहिद कहलिए ।(पाण्डे,२०६४)

दलित समुदायलाई मुलत उनीहरुले गर्ने कामका आधार विभाजन गरेको पाइन्छ । सेवामुलक काम गर्ने शुद्रहरुलाई मल्लकाल (सन् ८७९(१७६८) मा अनेकौं जात उपजातमा विभाजन गरियो । शाहवंशीय राजाहरुले यसैको सिको गर्दै जात व्यवस्थालाई निरन्तरता दिए । श्री ५ सुरेन्द्रको पालामा जंगबहादुर राणाले वि.सं. १९१० मा ऐन बनाएरै जाति प्रथालाई कडाईका साथ लागू गरे । त्यस ऐन अनुसार नेपाली समाजलाई विभिन्न जातीय समुहमा बाँडियो । (प्रयागराज,१९७७)

(१) तागाधारी : उपाध्याय ब्राह्मण (पूर्वीया र कुमाई), राजपुत (ठकुरी), क्षेत्री, जैसी ब्राह्मण, देउभाजू, मधेशे ब्राह्मण, सन्न्यासी, जैसी (अन्य), केही अन्य नेवार जात (श्रेष्ठ, प्रधान, जोशी, वैद्य, माथेमा आदि )

(२) मतवाली : गुरुङ, सुनुवार, मगर, अन्य नेवार जात, भोटे, कुमाल, चेपाङ, हायू, थारु, घर्ती

(३) पानी नचल्ने तर छोइछिटो हाल्न नपर्ने (अछूत): पानी नचल्ने तर छोएमा छिटो हाल्नु नपर्नेमा कसाई, कुस्ले, धोबी (नेवार), कुलू, मुसलमान, म्लेच्छ (खैरे)

(४) पानी नचल्ने तर छोइछिटो हाल्न पर्ने (अछूत): पानी पनि नचल्ने र छोएमा छिटो हाल्नु पर्नेमा कामी,

कानुनद्धारा राज्यबाट तिरस्कृत र बहिस्कृत गरी अछुत बनाइएका असत शुद्रहरु नै अहिले दलित समुदाय भनेर चिनिन्छन् । (प्रयागराज,१९७७)

राष्ट्रिय जनगणना २०६८ मा जम्मा १२५ वटा जातजातिहरु रहेको देखिन्छ । दलित अधिकारवादीका अनुसार नेपालमा सबै खाले दलितको संख्या १५ प्रतिशतभन्दा धेरै रहेको छ । दलित मध्ये सबैभन्दा धेरै जनसंख्या कामीको छ र जातीय रुपबाट हेर्दा कामी नेपालको आठौ ठूलो जातीय समुह हो । पुर्वी नेपालमा भन्दा पश्चिमी नेपालको जनसंख्यामा कामीको उपस्थिति बलियो छ । बाजुरा र जाजरकोटमा दोश्रो, बाग्लुंग, रोल्पा, सल्यान, सुर्खेत, कालिकोट, अछाम, बझांग, डोटी, डडेल्धुरा र दैलेख जिल्लामा तेश्रो, पर्वत, गुल्मी, पाल्पा, अर्घाखांची, प्युठान, रुकुम, बर्दिया, कैलाली, कन्चनपुर, बैतडी र दार्चुलामा छैटौं ठूलो जनसंख्या कामीहरुको छ । दलितको दोश्रो देखि पाँचौ स्थानमा दमाइ, सार्की, चमार, मुसहर र दुसाद रहेका छन । संख्यात्मक रुपमा हेर्दा दमाई र सार्किहरु पश्चिमी पहाडी क्षेत्रमा बढी छन भने चमार, मुसहर र दुसाद पूर्वी र मध्ये तराइमा बसोबास गरेको पाईन्छ । करिब १३.६३ प्रतिशत हिस्सा ओगटने दलितहरुको सबैभन्दा ठूलो जनसंख्या पुर्वी र मध्य तराईमा रहेको  छ । यहाँ करिव १३ लाख ६५ हजार दलितहरु छन । पश्चिम, मध्य र सुदुर पश्चिमको पहाडी क्षेत्रको कुल जनसंख्याको करिव २० प्रतिशत हिस्सा दमै, कामी, सार्की र गाईने जस्ता दलित जातीय समुहले ओगटेका छन । यो क्षेत्रमा मात्र करिव १० लाख ५ हजार दलितहरु रहेका छन ।(तथ्यांक कार्यालय,कास्की)

२०२० साल यता नेपालको गणतान्त्रिक सरकारले वि.सं. २०६३ जेठ २१ गते नेपाललाई 'छुवाछुत मुक्त राष्ट्र' घोषणा गरेको थियो । पछि २०६८ मा जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ जारी गर्यो । त्यो दलित वर्गका निम्ति अत्यन्त सकारात्मक ऐन हो । उक्त ऐनअनुसार 'कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय वा पेसाका आधारमा भेदभाव वा छुवाछूत व्यवहार गरेको कुनै काम गरे वा गराएमा जातीय भेदभाव तथाा छुवाछूत गरेको मानिनेछ ।' त्यस्तो कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखि तीन वर्षसम्म कैद वा एक हजार रूपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्छ । अदालतले कसुरदारबाट पीडितलाई पच्चीस हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म क्षतिपूर्ति भराइदिन सक्छ । संविधानको धारा २४ मा छुवाछूत तथा भेदभावविरुद्धको हकमा लेखिएको छ- कुनै पनि व्यक्ति निजको उत्पत्ति, जात, जाति, समदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन । संविधानमा उल्लेख भए पनि छुवाछुत रोकिएको छैन ।

राजनीतिक विज्ञानको आँखाले हेर्दा दलित समस्या मूलतः तीन किसिमको छ, जसमा राजनीतिक क्षेत्रको समस्या भनेको राज्यको नीति निर्माण गर्ने राजनीतिक दल तथा तिनको सहभागितामा नीति बन्ने संसदीय क्षेत्र र बनेको नीति लागू गर्ने कार्यपालिका र प्रशासनिक थलोमा कानुनी रूपमा दलितहरू पुग्ने राजनीतिक प्रणाली नहुनु हो । आर्थिक क्षेत्रमा दलितहरूको मुख्य समस्या भूमिहीनता, बेरोजगारी र सामन्ती शोषणमूलक कुप्रथाहरूको निरन्तरता हो । सामाजिक/सांस्कृतिक क्षेत्रमा जातीय छुवाछूत, भेदभाव, दण्डहीनता वा शिक्षाबाट वञ्चित हुनु हो ।

## २.१.२ दलित आन्दोलन

राणाकालमा दलित उत्पिडनको बिरुद्व केही दलितका महान व्यक्तिले चासो देखाएको पाईए तापनि संगठित रुपमा खासै अगाडि बढेको पाईदैन । विभिन्न कालखण्डमा निम्न अनुसारका संगठन खोलिएका पाइन्छ । वि.सं. २००४ सालमा भगत सर्वजित बि.क.को पहलमा “विश्व सर्वजन संघ” र सहर्षनाथ कपलीको संयोजकत्वमा “टेलर युनियन” खोलिए पनि संगठित रुपबाट संघर्ष सुरुवात हुन नसकेको पाइन्छ । २००७ सालमा “नेपाल हरिजन संघ” । २००८ सालमा “जाततोड मण्डल” यसलाई परिमार्जित गरि फेरि “समाज सुधार संघ” । २०११ सालमा पशुपतिनाथमा झुन्डियाइएको “अछुतलाई प्रवेश निशेध” बोर्ड हटाई प्रवेश खुल्ला बनाउनको निमित्त “पशुपति संघर्ष समिति” जस्को कारण बोर्ड हटाई खुल्ला गरिएको थियो।पंचायत कालमा शिक्षा मन्त्री रहेका हिरालाल बि.क.ले विभिन्न सहभोज गर्दै हिडे।उनकी छोरीको विवाह हुदा निम्तोलाई स्वीकार गरि तत्कालिन राजाले भान्सामै बसेर खाना खाईदिएपछि देशमा जातभात फुक्यो भनेर घोषणा गरेको पाईन्छ तर घोषणा सिमित बोलीमा रहयो ताकि व्यवहारमा लागू भएन । २०१२ सालमा “परिगणित नारी संघ” । २०१४ सालमा“नेपाल राष्ट्रिय परिगणित परिषद” । २०१५ सालमा“अछुत मुक्ति मोर्चा” । २०२४ सालमा “राष्ट्रिय दलित जनविकास परिषद” । २०४५ सालमा “जातिय समता समाज” र “उत्पिडित जाति उत्थान मञ्च” । २०४५ सालमै गोल्छे सार्कीको अध्यक्षतामा “उत्थान मञ्च” । २०४९ सालमा “उत्पिडित दलित जातिय मुक्ति समाज” । २०५३ सालमा “दलित मुक्ति मोर्चा” । २०६३ सालको शान्ति प्रकृयापछि हाम्रो

मोर्चा र नेपाल दलित जातिय मुक्ति समाज बिच एकता गरी “नेपाल दलित मुक्ति मोर्चा( एकीकृत)” रहन गयो । फेरि २०६५ सालमा “राष्ट्रिय दलित मुक्ति संगठन” संग एकता भयो र यी सबैको केन्द्रीकरण “नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा” भएको छ । यी नै यथावत संगठनहरुलाई विश्लेषण र कोट्याएर हेर्ने हो भने केही आधारभुत कुराको सिर्जना भएतापनि सो को कार्यान्वयन पक्षमा प्रभावकारी भएको पाईन्न । यसर्थ यी संगठनले केही सुधार ठोस कामहरु गरेतापनि दलितहरुमा समानताको व्यवहार र परिवर्तन प्रभावकारी ढंगले आउन सकेन । यसो हेर्दा नेपालले अन्तराष्ट्रिय सम्मेलनमा गरेका सन्धि सम्झौताको पालना गर्दै नियम कानूनमा व्यापक सुधार गरेको देखिन्छ तर कुनै पनि किसिमका व्यवहारिक परिवर्तन हुने प्रभावकारी कार्यक्रम सरकारबाट ल्याइएको छैन । समग्र नेपाली महिलाको आधारभूत समस्या उस्तै देखिएपनि दलित महिलाका कतिपय विशिष्ट समस्याहरु सारमा नै भिन्न छन् ।(देवकोटा र ओभ्रा,२०६८)

## २.२ समावेशीकरण

समावेशीकरण भन्नाले राज्य संयन्त्रमा सबैको सहभागिता हो । समावेशीकरणले राज्य सञ्चालनका हरेक क्षेत्र एवं अंगहरुमा सवैको सहभागिताको वकालत गर्दछ । महिला, दलित, गरिब वा पछाडि परेका वर्ग वा समुदायलाई राज्यको नीति निर्माण, निर्णय प्रक्रिया एवं कार्यसम्पादन प्रक्रियामा अर्थपूर्ण सहभागी गराउने कार्य नै समावेशीकरण हो । यो सुशासनको एक पूर्व शर्त हो । समावेशीकरणका विभिन्न क्षेत्रहरु रहेका छन् । जसमा राजनीतिक क्षेत्रः राजनीतिक दल निर्वाचित एवं मन्त्री लगायत मनोनयन हुने विभिन्न पद, आदिमा समावेशीकरण गर्न सकिन्छ । प्रशासनिक क्षेत्रः निश्चित समयसम्म प्रशासनका पदहरुमा समावेशीकरण गर्न सकिन्छ । आरक्षण, सकारात्मक विभेद आदिको व्यवस्था गरेर यो गर्न सकिन्छ । आर्थिक क्षेत्रः कर छुट, ऋण सुविधा, भूमिको न्यायोचित वितरण, सामाजिक सुरक्षा आदिको व्यवस्था गरेर समावेशीकरण गर्न सकिन्छ । सामाजिक क्षेत्रः सामाजिक सुरक्षा, रोजगारी, सामाजिक विभेद एवम् हिंसाको अन्त्य गरेर समावेशीकरण गर्न सकिन्छ । शैक्षिक क्षेत्रः निःशुल्क शिक्षाको व्यवस्था, पोशाक एवम् पुस्तक वितरण आदि मार्फत समावेशीकरण वढाउन सकिन्छ । संक्षेपमा राज्य प्रणालीमा सबैको पहिचान,

प्रतिनिधित्व, प्रतिष्ठा एवम् पहँच बढाउने एउटा नविनतम अवधारणाका रुपमा समावेशीकरणलाई अघि सारिएको छ । यही मान्यतामा आधारित भएर नेपालमा यसलाई अवलम्वन गरिएको छ । समानुपातिक प्रतिनिधित्व, सकारात्मक विभेद, आरक्षण, सशक्तिकरण, लक्षित कार्यक्रम आदिको व्यवस्था गरी यसलाई व्यवस्थित गर्न खोजिएको छ । समतामूलक समाज समन्यायिक विकासको आधार हो र यो नै सच्चा अर्थमा मानव विकासको आधार हो । समाजको प्रतिरुप राज्य सञ्चालनका हरेक पक्षमा मुखरित भएमा मात्र समतामूलक समाज स्थापना गर्न सकिन्छ । तर यसका लागि कानुनी तथा औपचारिक व्यवस्था मात्र पर्याप्त हुँदैनन, सामाजिक सहयोग र मूल्यसंस्कृतिमा पनि परिवर्तन आवश्यक छ । महिलालाई शासकीय संरचनामा उल्लेख्य प्रतिनिधित्व गराउने आधार क्षमता विकास र सशक्तीकरणका प्रयासहरु नै हो ।(मैनाली,२०६६)

## २.३ लैङ्गिक अध्ययन

मानव समाजको वास्तविकतालाई केलाएर बुझ्नका लागि महिला र पुरुषलाई बुझ्न अति आवश्यक छ । जैविक दृष्टिकोणको आधारमा पुरुषले यो काम गर्ने र महिलाले यो काम गर्ने भनी विभाजन गर्दछ भने त्यसलाई लैङ्गिक विभेद भनिन्छ ।

विश्वभरी नै सिमित महिलालाई छोडेर हेर्दा बहुसंख्यक महिला कुनै न कुनै प्रकारको शोषण र उत्पीडनमा रहेको विषय सर्वस्वीकार रहेको छ । एक त महिला आर्थिक सामाजिक शैक्षिक र राजनीतिक क्षेत्रमा सम्मिलित हुन पाएका छैनन्  अर्को पक्ष संस्कृति र प्रचलनको नाममा महिला माथि विभेद र दुर्व्यवहारहरु देश र समाजमा अवस्थित मानव समाजको चेतनास्तर शिक्षा समाजको बनोट आदि कुराले निर्धारण गर्दछ । यहा वर्गीय र लैंङ्गिक उत्पीडन संगसंगै थप जातिय शोषण र उत्पीडनमा रहेका दलित महिलाहरुको बारेमा प्रष्ट हुन आवश्यक छ । दलित समुदायहरु जो हिन्दु समुदायको एक हिस्सा हुन जसलाई शदियौंदेखि छुवाछुत जस्तो अमानवीय व्यवहार गरिएको छ । अझै पनि हाम्रो समाजमा दलित महिलालाई बोक्सीको आरोप लगाउनु सामान्य घटना भएको छ । सरसर्ती हेर्दा नेपाली महिलाका आधारभूत समस्या उस्तै देखिए पनि दलित महिलाका कतिपय विशिष्ट समस्याहरु सारमा नै भिन्न छन । तिनको राम्रोसंग समाधान गर्न सकेमात्र दलित

महिलालाई अगाडि बढन सजिलो पर्दछ । दलित महिलाहरु सामाजिक रुपमा बहिष्कृत हुनुको कारण यहाका अधिकांश महिलाहरु जातिय भेदभाव र छुवाछुतबाट आक्रान्त छन् । अन्य जातिको तुलनामा दलित जातिमा गरिबीको चाप उच्च रहेको छ । दलितहरु गरिबीको चपेटामा पर्नुको मुख्य कारणहरुमा समाजमा व्याप्त रहेको जातीय छुवाछुत, अशिक्षा, प्राकृतिक स्रोत साधनमा पहुँच नहुनु र रोजगारीको अवसरबाट वञ्चित हुनु नै हो । दलितहरुमा भूमिहिनता खेतीयोग्य जमिनको अभाव आधुनिक कृषि प्रविधिको अज्ञानता आवश्यक आधुनिक सीपको कमी पुजीको अभाव र बेरोजगारीले गर्दा अधिकांश दलितहरु अर्काको जग्गामा काम गर्ने ज्यालामजदुरी गरी जीविकोपार्जन गर्दै आइरहेका छन् । सरकारी र गैर सरकारी तथा नीजि रोजगारीका क्षेत्रमा दलितको सहभागिता भनेको प्राय शन्य नै छ ।(देवकोटा र ओझा, २०६८)

## २.४ महिलावादी सिद्धान्तहरु

महिलावादी सिद्धान्तले महिला र पुरुषको समाजमा हुने हैसियत र स्थानबारे व्याख्या र विश्लेषण गर्दछ । मानव समाज र संस्कृतिको उत्पत्तिदेखि वर्तमान अवस्थासम्म महिला सम्बन्धमा भएका सामाजिक आर्थिक सांस्कृतिक शैक्षिक व्यवस्थालाई ऐतिहासिक दृष्टिकोणबाट विश्लेषणगर्दछ । मूलत महिलावादी सिद्धान्तले महिलामाथि हुने पुरुषको प्रभुत्व भनेको कुनै विशिष्ट समाजमा सामाजिक आर्थिक राजनीतिक व्यवस्थाबाट जना हुने सामाजिक तथ्य हो भन्ने कुरा उजागर गर्दछ । महिलावादी व्याख्या विधिको मुख्य आधार नै महिला र पुरुषको अवसर महिलाहरु माथि पुरुषको अधिपत्य राष्ट्र र समाजमा सार्वजनिक लाभको वितरण उनीहरुका समस्या सामाजिक भूमिका र असमानता नै रहेको देखिन्छ । मुलत चारवटा महिलावादी सिद्धान्त बढी प्रचलनमा रहेको छ ।

जुन सिद्धान्तको संक्षिप्त परिचय यस प्रकार रहेको छ । (Ritzer, 1996)

१) उदारवादी महिलावाद

२) मार्क्सवादी महिलाबाद

३) समाजवादी महिलावाद र

४) आमूल परिवर्तनकारी महिलावाद

### १) उदारवादी महिलावाद

यस सिद्धान्तले महिला स्वतन्त्रता विकास र परिवर्तनलाई जोड दिन्छ । महिलाहरुमा गरिने विशेष गरी यौनजन्य हिंसा र शोषणका विरोधमा विचारको प्रवाह गर्दछ । महिलाहरुले कानूनमा विभेद भोग्नु परेकाले त्यसको उन्मुलनलाई जोड दिन्छ । सामाजिक न्यायलाई समाजमा प्रतिस्थापित गराउनु पर्दछ भन्ने मान्यतालाई जोड दिन्छ । उदार महिलावादले समाजमा महिलाहरु महिला भएकै कारण शिक्षा लिनबाट वञ्चित घुमफिर माथिको स्वतन्त्रताहरुको बन्देज घरभित्रका कार्यमा बढी संलग्नता विवाह गर्ने बालबच्चा जन्माउने कुरा राजनीति लगायतका यावत सवालमा महिलाहरु सामाजिक कारणबाट नै पुरुषको नियन्त्रणमा रहेका र महिलाहरुको स्वतन्त्रता लुटिएको बारेमा चर्चा गर्दछ । उदारवादले महिलाहरुको पुरुषप्रतिको परनिर्भरता बढेको तर्फ चर्चा गर्दछ । उदारवादी महिलावादीहरु महिला प्रति पूर्वाग्रही सामाजिक सांस्कृतिक र कानूनी रुपले स्थापित संस्थागत बन्धनहरुको उन्मुलन गर्ने कार्यमा संलग्न भएको देखिन्छ । साथै विकल्पहरुमा उनीहरुको उपयुक्त कानून निर्माण गर्ने र कार्यान्वयन गर्ने कार्यमा जोड दिन्छ । यस सिद्धान्तले उठाएका मुद्धाहरु सन्तान उत्पादन र गर्भपतन सम्बन्धी अधिकार, यौन दुरुत्साहन, मताधिकार शिक्षा, समान कामका लागि समान ज्याला, सर्वसुलभ बाल हेरचाह, स्वास्थ्य सेवा र सुविधा महिला विरुद्ध हुने घरेलु हिंसाको अन्त्य गर्ने आदि हुन् । कतिपय विद्धानहरु यसको आलोचना गर्दै केवल पश्चिम केन्द्रित भएको बढी सुधारात्मक रहेको लैङ्गिक सम्बन्धको व्याख्या गर्न नसकेको केवल व्यक्तिगत स्वतन्त्रतालाई जोड दिएको पितृसत्तात्मक रहेको असमानता विभेद र सो प्रति मौन रहेको भन्दै आलोचना गरेका छन् ।(देवकोटा र ओझा, २०६८)

### २) मार्क्सवादी महिलावाद

मार्क्सवादीहरुले महिला र पुरुषबीच सृजित जतिपनि असमानतमा विभेद रहेका छन् जुन जैविकीय कारण र ईश्वरीय कारणले भएको नभई समाजको आर्थिक सम्बन्धको उपज भएको बताउछन् । यिनीहरुका अनुसार उत्पादन प्रणालीको विकास तथा समाजमा सम्पत्तिको कारणले सदियौंदेखि समाजमा लैङ्गिक विभेदहरु सृजना भएका हुन । महिलाहरु पुरुष सरह सबै काम गर्न सक्दछन् तर महिला र पुरुषका बीच रहेको असमान शक्ति सम्बन्धका कारण स्रोत माथि पुरुषको नियन्त्रणले व्यापकता पाउदै गरेको र यो क्रम

पुजीवादी अर्थव्यवस्थासम्म आइपुग्दा अझ बढी व्यापक बन्दै गयो । समाजको वर्गीय चरित्र नै महिला विभेदको मुल कारक तत्व हो भन्ने निष्कर्ष मार्क्सवादी महिलावादको रहेको छ । मार्क्सवादी महिलावाद सिद्धान्त हो जसले पुजीवादी दासताबाट महिलालाई मुक्ति तथा स्वतन्त्रता दिलाउने विधि तथा मार्गको व्याख्यामाथि ध्यान केन्द्रित गर्दछ । पुजीवादीले महिलाहरुलाई भोगविलासिताको वस्तुका रुपमा रुपान्तरण गरेको छ । जुन वस्तुका रुपमा खरिद बिक्री र व्यापार गरिने महिलाको अस्मिता र जीवनलाई मुक्तिको बाटो देखाउने सिद्धान्तका रुपमा स्थापित छ । (देवकोटा र ओझा,२०६८)

### ३) आमुल परिवर्तनकारी महिलावाद

यस सिद्धान्तका अनुसार समाजमा पितृसत्ता र यसले सृजना गरेको शक्ति सम्बन्ध मान्यता संगठन आदिबाट महिला विभेद र शोषणमा परेका छन् । पुरुष प्रधान समाजमा महिला स्वतन्त्रतामा बन्देज विभेद यौन शोषण जस्ता पक्ष व्यापक रहेको पाइन्छ । विश्वका सबै समाजमा भइरहेका यस्ता शोषण र दमनको अन्त्यका लागि पितृसत्तालाई पूर्णत भत्काइनु पर्ने र नया समाजको निर्माण गर्नुपर्ने धारणा आमुल परिवर्तनकारी महिलावादको रहेको छ । यस अनुसार महिलालाई मुक्ति दिनका लागि पारिवारीक अधिकार शिक्षा स्वास्थ्य लगायत सबैखाले अवसरमा बृद्धि गरिनु पर्ने महिला प्रतिका नकारात्मक दृष्टिकोणमा परिवर्तन गर्नु पर्ने पर्दछ । महिलालाई सन्तान उत्पादन गर्ने साधनका रुपमा मात्र लिनु हुदैन । केही अधिकारवादी महिलाहरु पुरुषबाट मुक्त हुनका लागि समलिङ्गी विवाहको समेत विकल्प प्रस्तुत गरेको देखिन्छ । महिलालाई शोषण र दमनबाट मुक्तिका लागि महिला केन्द्रीत कार्यक्रमको आवश्यकता ठान्दछन् । पुरुष दासत्वको बन्धनबाट हुने मुक्ति आन्दोलनलाई अधिकारको रुपमा लिनु पर्दछ । महिला दमन उन्मुलन गर्नु भनेको पुरुषको हैकमवादको अन्त्य गर्नु हो । (देवकोटा र ओझा,२०६८)

### ४) समाजवादी महिलावाद

समाजवादी महिलावादीहरुले पुँजीवादी उत्पादन सम्बन्धले पुरुष कामदारको श्रमको शोषण मार्फत महिलाको शोषण गर्दछ भन्दछन् । महिलालाई नाफाको अतिरिक्त र सुलभ

श्रोतका रुपमा उत्पादन कार्यमा संलग्न गराउन सामन्ती पुँजीवादी परस्त संस्कृति पनि त्यत्तिकै जिम्मेवार छ । महिलाहरु श्रृङ्गारका वस्तु, दास, विज्ञापन, पुरुष सत्तात्मक र उपभोग बस्तुका रुपमा परिणत हुनुमा पुजीवादी प्रणालीले सृजना गरेका वाध्यात्मक स्थिति जिम्मेवार छन् । आधुनिक पुँजीवादी समाजले महिलाहरुलाई फेसनका वस्तुहरु सौन्दर्य प्रशोधन गर्ने उपभोग्य बस्तुका रुपमा स्थापित हुन विवश बनाएको छ । समाजवादी महिलावादीहरु समाजको सामाजिक र सांस्कृतिक संरचनाका कारणले यस्तो भएको हो भन्दछन् । समाजवादी महिलावादले लैङ्गिक दमनलाई बुझ्नका लागि सामाजिक कारक तत्वको खोजीलाई जोड दिदै महिलाप्रतिको विभेद पुरुष र महिला स्वयमबाट भएको ठान्दछ । जसका पछाडी पितृसत्तात्मक सामाजिक ढाँचाको ठूलो भूमिका छ । सामाजिक व्यवस्था भित्रका विभेद अन्त्यका लागि महिला पुरुष बीचका समानताको आवश्यकतालाई पहिचान गर्दै त्यस भित्रका अन्य कारक तत्वका विरुद्धमा सशक्तिकरणको प्रक्रियालाई जोड दिइन्छ । समाजका प्रत्येक तहमा महिलाहरु पुरुषकै अधिनमा रहन्छन् । जसका कारण लैङ्गिक आधारमा श्रम विभाजन र त्यस अनुरुपको सामाजिक सांस्कृतिक व्यवहार मान्यतालाई विश्लेषण गरिनु पर्दछ । (देवकोटा र ओझा,२०६८)

## २.५ नेपाली महिला आन्दोलन

महिलाहरुलाई पुरुषसरह विकास कार्यमा सहभागी बनाउनका लागि महिला सशक्तिकरणको धारणाको विकास सन १९८० मा गरिएको थियो र पनि महिलाहरुको शिक्षा, रोजगारी तथा सार्वजनिक र राजनीतिक जीवनमा सहभागिताको अध्ययन गर्दा महिला र पुरुष बीचमा ठूलो भिन्नता पाइन्छ । भारतकी इन्दिरा गान्धी, इजरायलकी गोल्डा माएर, बेलायतकी मारगारेट थ्याचर, अर्जेन्टीनाकी इसाबेला पेरोल लगायतका महिला नेतृहरुले पनि आफ्नो देशलाई उत्कृष्ट नेतृत्व प्रदान गरेका थिए । त्यसैगरी श्रीलंककाकी चन्द्रीका कुमारा तुंगा, पाकिस्तानकी बेन्जर भुट्टो, बंगलादेशकी खालिदा जिया, शेष हसिना इण्डोनेशियाकी मेघा वर्ति सुकार्नो भारतकी सोनिया गाँधी, अमेरीकाकी कन्डो लिजाराईस, हिलारी क्लिन्टन, म्यानमारकी आङ्ग साङ्ग सुची जस्ता नयाँ पुस्ताकी महिला नेतृहरु आज पनि विश्व इतिहासमा आ-आफ्नो प्रभुत्व जमाईरहेका छन् । यी तथ्यले महिलाहरु नेतृत्वका लागि पुरुषभन्दा केही कमी छैनन् भन्ने कुराको पुष्टि गर्दछ । अहिले पनि लिङ्गको आधारमा पुरुष

र महिलाबीच भेदभाव गर्ने प्रचलनको कारण महिलाहरु पुरुषभन्दा कमजोर हुन्छन् । उनीहरुमा विचार गर्ने क्षमता र निर्णय लिने क्षमता समेत पुरुषभन्दा कमजोर हुन्छ । त्यसैले उनीहरु सधैँ पुरुषबाट संरक्षित हुनुपर्छ भन्ने धारणाको कारण महिलाहरुले सधैँ पछाडि परिरहेको तथ्य हामी सामु रहेको छ ।

नेपाली महिला आन्दोलनको सुरुवातको समयमा दिव्यादेवी कोइराला र योगमाया देवीको सक्रियतामा सन् १९१८ मा 'महिला समिति' नामक संस्था स्थापना भएको थियो । स्वतन्त्रताका लागि लड्ने सेनानीहरूको हत्या सन् १९४० मा भएपछि भने नेपाली महिलालाई सचेत बनायो । सन् १९४५ मा चन्द्रकान्ता मल्लले कन्या विद्यालयको स्थापना गरिन् । मंगलादेवी सिंहको अध्यक्षतामा सन् १९४८ मा महिला स्वतन्त्रता र समानता प्राप्तिका उद्देश्यले नेपाली महिला संघको स्थापना भयो । सोही वर्ष नेपालमा भोट दिन पाउने प्रावधान राख्नका लागि र नगरपालिकामा महिला उम्मेदवारी खडा गर्न पाउनका लागि नेपाल महिला संघले तत्कालीन प्रधानमन्त्री पद्मशम्शेर समक्ष माग पेस गऱ्यो । यस मागप्रति सफलता पनि प्राप्त गऱ्यो । सामाजिक र राजनीतिक चेतना ल्याउने उद्देश्यले रेवन्तदेवी आचार्यको अगुवाइमा सन् १९४८ मा 'आदर्श महिला संगठन' खुल्यो । सन् १९५० मा पुण्यप्रभा देवीको अध्यक्षतामा महिला संगठन स्थापना भयो । सन् १९५२ मा कामाक्षादेवीको अगुवाइमा अखिल नेपाल महिला संघ गठन भयो । सुरुमा विभिन्न महिला नेपाल महिला संघमा एकत्रित थिए । सन् १९५० देखि १९६० सम्म विभिन्न राजनीतिक विचारधाराले प्रभावित महिला संस्था खुले । सामाजिक, राजनीतिक चेतना ल्याउने क्रममा यी संघसंस्थाहरू सक्रिय थिए । ती वर्षहरूमा पनि निमित्त सल्लाहकार सभामा महिला सहभागिता नहुँदा महिला संघसंस्थाहरू विरोधमा उत्रिएका थिए । तब मात्र महिलाहरू सल्लाहकार सभामा समावेश गरिएका थिए । फलस्वरूप सन् १९५२ मा काठमाडौं नगरपालिकाको सदस्यमा साधना प्रधान चुनिएकी थिइन् । देशको पहिलो आमनिर्वाचन सन् १९५८ मा द्वारिकादेवी ठकुरानी विजयी भई एसियामै पहिलो महिला मन्त्री बनेकी थिइन् । (http://ehimalayatimes.com/bichar-sahitya/469)

नेपालको प्रसंगमा महिला राजनैतिक इतिहासलाई पल्टायर हेर्ने हो भने २००३ साल फाल्गुनमा बिराटनगर जुट मिलमा भएको मजदुर आन्दोलनमा महिलाहरुको योगदान कथनीय छ । नालापानीको लडाई देखि २००७ सालको प्रजातन्त्र र २०६२।६३ को जन आन्दोलनको क्रममा सुरुका दिनदेखि नै महिलाहरु संघर्षमा सक्रिय रुपमा अग्रपंक्तिमा भाग

लिँदै आएको पाइन्छ र पनि महिलाहरु हरेक तह र पक्षबाट अपहेलित मात्र हैन, राज्यका नीति निर्माण तहमा नगण्य रुपमा सहभागी हुन पाएका छन् । महिला आन्दोलनको थालनीका रुपमा योगमाया न्यौपानेको ३१ असार १९८९ जल समाधि विद्रोहलाई लिन सकिन्छ । वि.सं. १९७४ सालमा स्थापना गरिएको महिला समिति नेपालको पहिलो महिला संगठन हो । जसको अध्यक्षता योगमाया कोइरालाले गरेकी थिइन् । समाजमा विद्यमान सामाजिक तथा सांस्कृतिक कुरीतिहरुको विरुद्ध वि.सं. १९७४ मा योगमाया कोईरालाको संयोजकत्वमा गठित महिला समितिले गरेको प्रयास देखि लिएर २००४ मा रेवन्त कुमारीको नेतृत्वमा महिलाहरुको नागरिक अधिकारका लागि गरिएको संघर्षकै कारण नेपाल सरकारको वैधानिक कानुन, २००४ मा नै नेपाली महिलाहरुले अन्य अधिकारको साथै मानव अधिकार, मौलिक हकका रुपमा शिक्षा सम्बन्धी हक साथै समान भोटको अधिकार मौलिक हकको रुपमा भए पनि प्राप्त गर्न सफल भएको देखिन्छ ।

वि.सं. २००३ सालमा रेमन्त कुमारी आचार्यको अध्यक्षतामा आदर्श महिला समाज भारतको जयनगरमा स्थापना भएको थियो । २००४ सालमा मंगलादेवी सिंहको अध्यक्षतामा काठमाण्डौंमा नेपाल महिला संघको गठन भयो । आदर्श महिला समाज र नेपाल महिला संघ दुवै संगठनले राणा शासन र समाजमा व्याप्त बालविवाह र अशिक्षाका विरुद्ध दवाव दिने काम गरे । वि.सं. २००६ सालमा भारतको रक्सौलमा अखिल नेपाल महिला संघको गठन भयो । पुण्य प्रभादेवीको नेतृत्वमा अखिल नेपाल महिला संगठनको स्थापना भयो । २००७ सालको परिवर्तन पछि मंगला देवी सिंहको अध्यक्षतामा रहेको नेपाल महिला संघ नेपाली कांग्रेसको विचारसँग नजिक रहयो भने कामक्षदेवीको अध्यक्षतामा रहेको नेपाल महिला संगठन नेपाल कम्युनिष्ट पार्टीसँग आवद्ध हुन पुग्यो । त्यस्तै २०१५ सालको प्रथम प्रतिनिधि सभाको निर्वाचनमा १०५ स्थानका लागि १५ जना महिला उम्मेदवार भएकोमा एकजना मात्र द्वारिकादेवी ठकुरानी निर्वाचित भई नेपालको इतिहासमा पहिलो महिला मन्त्री भइन् ।(https://www.onlinekhabar.com/2015/12/358738)

स्थानीय तह निर्वाचन ऐनमा गाउँपालिका र नगरपालिकाको वडा समितिमा दुई महिलामध्ये एकजना अनिवार्य दलित हुने प्रावधान छ। यो सिंगो महिला आन्दोलन र दलित आन्दोलनका लागि ऐतिहासिक उपलब्धि हो।राष्ट्रिय जनगणना २०६८ अनुसार ७५ जिल्लामै दलितको बसोबास देखिन्छ । ३९७३ गा.वि.स. र नगरपालिकामध्ये तीनवटा नगरपालिका र ३५ वटा गा.वि.स.का ९२ वडामा मात्र दलितको बसोबास देखिँदैन। यो तथ्यांकले पुष्टि गर्छ

कि नेपालको लगभग सबै क्षेत्रमा दलितको बसोबास छ । जहाँ महिला नहुने कुरै भएन। यही तथ्यांक काफी छ कि दलित महिलाको क्षेत्रगत हिसाबले प्रतिनिधित्वको कुनै समस्या छैन। अहिले गरिएको बीस प्रतिशत आरक्षणलाई आधार मान्ने हो भने केवल ६६९० को संख्यामा दलित महिला चाहिने हो । बहिष्करणमा परेका जात र जातिलिंग, क्षेत्र र समुदायको समावेशीकरणको मुद्दा लामो समयदेखि उठ्दै आएको छ। यसलाई स्थापित गर्न दलित आन्दोलन र महिला आन्दोलनको महत्वपूर्ण भूमिका छ र दलित महिलाको दुवै आन्दोलनमा अतुलनीय योगदान समेत रहेको छ । नेपाली समाजमा सबैभन्दा पछाडि परेको कुनै पक्ष छ भने त्यो दलित महिला नै हो । दलित महिलाको राजनीतिमा पहुच नभएको मात्र होइन, यो आर्थिक सामाजिक हरेक दृष्टिले पछाडि परेको जनसंख्याको ठूलो हिस्सा पनि हो । आरक्षण दलित महिलाले भोगेका असमानता र विभेद अन्त्य गर्ने मूल आधार हो । त्यसैले दलित महिलाको राजनीतिमा समावेशीकरण र सहभागिता अनि शिक्षामा पहुच यस्तो समृद्धिका लागि सहायकसिद्ध पक्ष हुन् । दलित महिला सक्षम हुनु, सवल हुनु र उनीहरूले समाजमा हैसियत बनाउनु भनेको दलित आन्दोलन र महिला आन्दोलन दुवैका लागि गर्वको विषय हो ।(निर्वाचन बुलेटिन)

## २.६ संसदमा महिला

वि.सं. २०१६ को पहिलो आम निर्वाचनमा छ जना महिला उम्मेदवार उठेकामा सबै जनाले हार बेहोर्न पर्यो । पञ्चायती व्यवस्थाको विरुद्धको आन्दोलनमा महिलाहरुको महत्वपूर्ण भूमिका रहेको थियो । ०४६ सालको परिवर्तन पछि ०४७ सालका संविधानमा संविधानको धारा ११(५) मा महिला र पुरुषवीच पारिश्रमिकमा भेदभाव गरिने छैन भन्ने व्यवस्था थियो तर व्यवहारमा कार्यान्वयन हुन सकेन ।सबै पार्टीहरुले प्रतिनिधि सभामा ५ प्रतिशत महिला उम्मेदवार उठाउनु पर्ने र राष्ट्रिय सभामा तीन प्रतिशत सुनिश्चित हुनुपर्ने व्यवस्था गरिएको थियो । स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले पनि स्थानीय निकायमा महिला सदस्य निर्वाचित गर्ने व्यवस्था गरियो । वि.सं. २०४८ सालको आम निर्वाचनमा बिभिन्न पार्टीबाट ७३ र स्वतन्त्र ८ जना गरि ८१ जना उठेकामा ६ जना (२.९ प्रतिशत) महिला निर्वाचित भएर संसदमा गएका थिए । त्यसैगरी २०५१ को मध्यावधि निर्वाचनमा बिभिन्न पार्टीबाट ७४ जना र स्वतन्त्र १२ जना गरी ८६ जनामध्ये ७ जना (३.४ प्रतिशत)

निर्वाचित भए भने वि.सं. २०५६ को संसदीय निर्वाचनमा ११७ जना पार्टीबाट र २६ स्वतन्त्र गरी १४३ जनामध्ये १२ जना (५.९ प्रतिशत) महिलाहरु संसद सदस्यका रुपमा निर्वाचित भएका थिए । वि.सं. २०५८ सालमा मुलुकी ऐन, २०२० लाई एघारौं संशोधन गरी महिला अधिकार सम्बन्धमा सुधारको प्रयत्न गरियो । २०६२।२०६३ को जनआन्दोलनमा देश भरिका हजारौं महिलाहरु गिरफ्तार भए जनआन्दोलनको क्रममा दुई जना महिला शहिद भए । २०५२ साल देखि सुरु भएको नेकपा (माओवादी) को सशस्त्र संघर्षमा नेपाली महिला बन्दुक बोकेर लागेका थिए ।(नेपालको निर्वाचन इतिहास,२०७३)

ऐतिहासिक जनआन्दोलन ०६२।०६३ पश्चात निर्माण भएको ३३० सदस्यीय अन्तरिम संसदमा ५७ जना (१७.३ प्रतिशत) महिलाहरु सदस्यहरु रहेका थिए । पहिलो संविधान सभाको निर्वाचनमा ५७५ सीट मध्ये १९१ जना (३३.२ प्रतिशत) महिला नेतृहरु संविधान सभाको निर्वाचित भएका थिए । मन्त्रिपरिषदले मनोनित गर्ने २६ सीटमा ६ जना महिलाहरु मनोनित भएका थिए । यसरी कुल ६०१ को संविधान सभामा १९७ जना (३२.८ प्रतिशत) महिलाहरु पुग्न सफल भएका थिए । यसैगरी वि.सं.२०७० सालमा भएको संविधान सभाको दोस्रो निर्वाचनबाट १७२ जना (२९.९ प्रतिशत) महिलाहरु संसदमा प्रतिनिधित्व गरिरहेका छन् । विभिन्न निर्वाचनमा महिला सांसदको प्रतिनिधित्व हेर्दा सबैभन्दा बढी महिलाको प्रतिनिधित्व २०६४ सालमा ३३ प्रतिशत भएको देखिन्छ । वि.सं. २०१५, २०५१, १०५६, २०६४, २०७० र २०७४ मा महिलाको प्रतिनिधित्व क्रमश ०.९२, ३.४१ ३.४१ ५.७३ ३३.०, २९.९ र ३२ प्रतिशत रहेको देखिन्छ । वि.सं. २०५२ सालमा सर्वोच्च अदालतले छोरीलाई अंश सम्बन्धी निर्देशनात्मक फैसला गरेको थियो । २०५८ सालमा मुलुकी ऐन २०२० लाई एघारौं संशोधन गरी महिला अधिकार सम्बन्धमा सुधारको प्रयत्न गरियो । २०६२।०६३ को जनआन्दोलनको सफलतापछि २०५८ सालमा विघटित प्रतिनिधिसभा पुनः स्थापना भएपछि पुनः स्थापित प्रतिनिधि सभाले महिला अधिकारका सम्बन्धमा तीन वटा ऐतिहासिक बुँदा रहेको जरुरी सार्वजनिक महत्वको प्रस्ताव पारित गरियो । सो प्रस्तावहरु राज्यको हरेक निकायमा महिलाको ३३ प्रतिशत सहभागिता हुनु पर्ने, महिला सम्बन्धी विभेद कानूनहरुको खारेजी हुनु पर्ने, आमाको नामबाट नागरिकता पाउनुपर्ने रहेका थिए ।(नेपालको निर्वाचन इतिहास, २०७३)

## २.७ स्थानीय निकायमा महिला

नेपालको संविधानले पनि महिलाको राजैनीतिक स्थितीमा सुधार ल्याउन गरेका विभिन्न प्रयासहरु मध्ये धारा ३८,४२ ,५०(१), ७६(९), ८४(२), ८४(८), ८६(२)(ख),१६८(९), १७६, २२२, २२३ मा महिला सम्बन्धी व्यवस्था भएता पनि कार्यान्वयन पक्ष कमजोर भएको कारणले पाएका उपलब्धीहरु पनि उपभोग गर्न कठिन भएको अवस्था अझै पनि विद्यमान रहनु चुनौतीको विषय भएको छ । अहिले राज्यका हरेक तहमा महिला ३३ प्रतिशत अनिवार्य रुपमा सहभागिता गराउनुपर्ने सविधानमा नै ग्यारेण्टी भएता पनि उनीहरुको संलग्नता न्यून देखिन्छ ।यसरी कानुनीरुपमा महिलालाई राजनैतिक क्षेत्रमा समान अधिकार दिएतापनि २०५४ सालको स्थानीय चुनावको तथ्याकंलाई हेर्ने हो भने जिल्ला विकास समितिको कुल ८२३ निर्वाचित पदमा जम्मा ५ जना महिला प्रतिनिधि रहेका छन् । राजनीतिमा महिला सहभागिता वृद्धि गर्ने उद्देश्यका साथ वि.सं. २०५४ को स्थानिय निकायको निर्वाचनका सन्दर्भमा स्थानीय निकायहरुमा महिलाहरुका लागि निश्चित संख्या आरक्षणको रुपमा उपलव्ध गराइएको थियो । त्यसैगरी नगरपालिका मेयर र उपमेयर तथा गाविस प्रमुखको रुपमा विजय भएको देखिँदैन र वडाकै कुरा गर्ने हो भने पनि जम्मा ४,१४६ सदस्यमध्ये जम्मा ७५० वा करिब १८.२० प्रतिशत महिला प्रतिनिधि रहेको देखिन्छ । जनआन्दोलन प्रथम पछि २०५४ सालको स्थानीय निकायको निर्वाचनमा बीस प्रतिशत महिलाको अनिवार्य व्यवस्था गरिएकाले ४० हजार महिलाहरु एकैपटक वडामा सहभागी भएका थिए । ३ हजार ९ सय ८१ गाविसका ३५ हजार ९ सय १७ वडाहरुमध्ये २ सय ८९ महिला वडा अध्यक्षहरु निर्वाचित भएका थिए ।वि.सं. २०५४ को स्थानिय निकायमा गाविसमा ७.७ प्रतिशत, नगरपालिकामा ६.७ प्रतिशत तथा जिल्ला विकास समितिमा १९.५ प्रतिशत महिलाहरु मात्रै निर्वाचित भएको देखिन्छ ।(मैनाली,२०६१)

## २.८ मन्त्रिपरिषदमा महिला

देशको शासन सञ्चालन गर्ने मन्त्रिपरिषदमा पनि महिलाको अत्यन्तै न्यून सहभागिता रहेको अवस्था छ । वि.सं. २०१५ मा बीपी कोइरालाको मन्त्रिपरिषदमा द्वारिकादेवी ठकुरानी सहायक मन्त्रीका रुपमा नियुक्त भएकी थिइन् । यो नै नेपालको मन्त्रिपरिषदमा महिलाको प्रतिनिधित्वको शुरुवात थियो । ३० वर्षे पञ्चायती शासनमा

निर्माण भएका मन्त्रिपरिषदहरुमा एकजनाभन्दा बढी महिला मन्त्रीको सहभागिता भएको देखिँदैन । पहिलो र दोस्रो जनआन्दोलनका बीच निर्माण भएका विभिन्न मन्त्रिमण्डलमा कूल ४६ जना महिलाहरुको सहभागिता देखिन्छ । दोस्रो जनआन्दोलन पश्चात संविधानसभाको निर्वाचनबाट बनेको दोस्रो सरकारका समयमा हालसम्मकै ठूलो संख्या, १२ जना महिलाहरु (२४.५ प्रतिशत) मन्त्रिपरिषद सदस्य बन्न सफल बनेका थिए । त्यसपछिको ३० सदस्यीय मन्त्रिपरिषदमा तीनजना मात्र महिलाको सहभागिता छ । वर्तमान केपी ओलीको सरकारमा २२ सदस्यीय मन्त्री परिषदमा ३ जना महिला मात्र रहेका छन् । महिला प्रतिनिधित्व नै कम भएको अवस्थामा दलित महिलाको सहभागीता त शुन्य प्राय नै देखिन्छ ।(यादव,२०५९)

## २.९ नेपालमा संसदीय ईतिहास

कानुनी राज्यको शुरुवात भएदेखि नै संसदलाई एउटा जनप्रतिनिधि मार्फत कानुन निर्माण गर्ने थलो रुपमा लिइएको पाइन्छ । संसदको विकास संसदीय व्यवस्थाको जननी बेलायतबाट शुरु भएको पाइन्छ । बीसौं शताब्दीको शुरुवातसँगै संसदीय प्रजातन्त्र अमेरिका, युरोप र एसियाली मुलुकहरुमा चर्चित भइसकेको थियो । विश्वभरी नै संसदलाई प्रजातान्त्रिक मूल्य मान्यताको मेरुदण्डका रुपमा लिइन्छ ।

२००७ सालपूर्व प्रजातान्त्रिक शासन व्यवस्थाको बढ्दो मागलाई सम्वोधन गर्ने उद्देश्यले राणा शासकहरुद्वारा वि.सं. २००४ सालमा वैधानिक कानुन जारी गरिएको थियो । सो वैधानिक कानुनले दुईवटा संसदको परिकल्पना गरेको थियो । माथिल्लो सदनलाई भारदारी सभा भनिन्थ्यो भने तल्लो सदनलाई राष्ट्रिय सभा भनिन्थ्यो । राष्ट्रिय सभामा पदेन र निर्वाचित गरी ४२ जना, श्री ३ बाट मनोनित २८ जना समेत गरी बढीमा ७० जना रहने व्यवस्था थियो । भारदारी सभाका बीसदेखि तीस सदस्यहरु श्री ३ बाटै मनोनित हुन्थे । पहिलो पटक २०१५ सालमा भएको संसदीय निर्वाचनपछि वास्तविक रुपमा संसदको निर्माण भयो । नेपालको अन्तरिम शासन विधान, २००७ सालमा संसदको रुपमा एक सल्लाहकार सभाको व्यवस्था गरिएको थियो । श्री ५ महाराजधिराज र महासभा तथा प्रतिनिधिसभा नामका दुई सदन भएको संसदको व्यवस्था गरिएको थियो । महासभामा जम्मा ३६ जना महासभासदस्य रहने व्यवस्था थियो । ती मध्ये १८ जना प्रतिनिधिसभाद्वारा निर्वाचित हुने र १८ जनालाई राजाले मनोनित गर्ने प्रावधान थियो । निर्धारित १०९ विभिन्न निर्वाचन क्षेत्रका

मतदाताहरुद्वारा निर्वाचित सदस्यहरु भएको एक प्रतिनिधिसभाको व्यवस्था संविधानले गरेको थियो । प्रत्येक निर्वाचन क्षेत्रबाट गोप्य मतदानद्धारा एक सदस्य निर्वाचित हुने व्यवस्था गरिएको थियो ।(पण्डित,२०६३)

२०१७ साल पुष १ गतेदेखि मुलुकमा निरङ्कुश पञ्चायती शासन व्यवस्थाको सुरुवात भएपछि जननिर्वाचित सरकार र संसदलाई भङ्ग गरियो । २०१९ सालमा राजाले जारी गरेको संविधानमा राष्ट्रिय पञ्चायतको व्यवस्था गरिएको थियो । निर्वाचित ११२ र मनोनित २८ गरी १४० राष्ट्रिय पञ्चायत सदस्य रहने व्यवस्था थियो । संविधानमा राष्ट्रिय पञ्चायतको व्यवस्था भए पनि बालिक मताधिकारका आधारमा लामो समयसम्म निर्वाचन हुन सकेन । जनवर्गीय सङ्गठन तथा स्थानीय निकायका पदाधिकारीले राष्ट्रिय पञ्चायतका सदस्य छान्ने व्यवस्था बनाइयो । २०३८ सालपछि भने जनताले प्रत्यक्ष रुपमा आफ्ना प्रतिनिधिहरु निर्वाचित गर्न पाउने गरी राष्ट्रिय पञ्चायतको निर्वाचन भयो । २०४६ सालको जनआन्दोलनपछि जारी भएको २०४७ सालको संविधानमा प्रतिनिधिसभा र राष्ट्रियसभा गरी दुई सदन रहने व्यवस्था गरियो । प्रतिनिधिसभामा जनताबाट प्रत्यक्ष चुनिएर आउने दुई सय पाँच जना सदस्य रहने व्यवस्था थियो । त्यस्तै राष्ट्रियसभाको कुल संख्या ६० थियो । यस सभामा राजाले मनोनित गर्ने १०, प्रतिनिधिसभाबाट निर्वाचित हुने ३ महिलासहित ३५ र स्थानिय पदाधिकारीबाट निकायका प्रतिनिधिबाट १५ जना निर्वाचित हुने प्रावधान थियो । ०४६ सालपछि ०४८ साल वैशाख २९ गते, २०५१ कात्तिक २९ गते र २०५६ वैशाख २० र जेठ ३ गते गरी तीनवटा संसदीय निर्वाचन भयो । २०५९ कात्तिक २७ गतेदेखि पुस २६ गतेसम्म छ चरणमा संसदीय निर्वाचनको घोषणा भए पनि असोज १८ को शाही घोषणाबाट स्थगित गरियो । २०६२ सालमा तत्कालिन शाही सरकारबाट नगर निर्वाचन गराइयो जसमा देशका मुख्य दलहरुले सो निर्वाचनमा भाग लिएनन् । (पण्डित,२०६३)

सात दल र नेपाल कम्युनिस्ट पार्टी(माओवादी) बीच भएको निर्णायक संयुक्त जनआन्दोलन-२ बाट विघटित प्रतिनिधिसभा राजाको शाही घोषणामार्फत २०६३ वैशाख ११ गते पुर्नस्थापित भयो । प्रतिनिधिसभा पुर्नस्थापित पछि माओवादीलाई ल्याउनका लागि अन्तरिम संसदको व्यवस्था गरियो । त्यस लगत्तै २०६४ सालमा संविधानसभाको निर्वाचन भयो । सो संविधान सभाको मुख्य जिम्मेवारी जनअपेक्षा अनुसार संविधान जारी गर्नु भएतापनि तोकिएका जिम्मेवारी पूरा नगरी नै कार्यकाल समाप्त भएकाले पुन २०७० सालमा अर्को संविधान सभाको निर्वाचन गरियो । दोस्रो संविधान सभाले २०७२ असोज ३

गते नेपालको संविधान जारी गरेपछि सो संविधानमा उल्लेख भए बमोजिम समय सीमा २०७४ माघ ७ गतेसम्म स्थानीय, प्रदेश तथा संघीय गरी तिनै तहको निर्वाचन गरिसक्नु पर्ने व्यवस्था थियो । सोही अनुसार २०७४ सालको बैशाखदेखि तीन चरणमा स्थानीय तहको निर्वाचन र दुई चरणमा प्रदेश एवं प्रतिनिधि सभाको निर्वाचन र माघसम्म आइपुग्दा राष्ट्रिय सभाको निर्वाचन सम्पन्न गरी २०७४ साललाई निर्वाचन वर्षको रुपमा लिई संविधान बमोजिमका सबै निर्वाचन सम्पन्न गरी संघीय लोकतान्त्रिक गणतन्त्रलाई सस्थागत गर्ने प्रारम्भिक कार्य सम्पन्न भएको छ । (पण्डित,२०६३)

## २.१० निर्वाचन व्यवस्थापन

नेपालको संविधान अनुसार निर्वाचन व्यवस्थापनका लागि निर्वाचन आयोगलाई संवैधानिक निकायका रुपमा स्थापित गरेको छ। संविधानको भाग २४ को धारा २४५, २४६ र २४७ मा निर्वाचन आयोगको व्यवस्था गरेको छ । धारा २४६ मा निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । जस अनुसार उपधारा (१) निर्वाचन आयोगले यस संविधान र संघीय कानूनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्नेछ । निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्नेछ । (२) निर्वाचन आयोगले यस संविधान र संघीय कानून बमोजिम राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह  गराउनेछ । केन्द्रमा निर्वाचन आयोगको सचिवालय रहेको छ । पाँचवटा क्षेत्रीय निर्वाचन कार्यालय र बहत्तर वटा जिल्ला निर्वाचन कार्यालयहरू रहेका छन् । (नेपालको संविधान,२०७२)

निर्वाचनका समयमा मतदाताले मतदान गरेको मतलाई सिटमा रुपान्तरण गर्ने पद्धतिलाई नै निर्वाचन प्रणाली भनिन्छ । यसका विभिन्न प्रकारहरु हुन्छन् । जसका बारे सामान्य परिचय र नेपालमा प्रयोग भएको निर्वाचन प्रणालीहरुको संक्षिप्त व्याख्या गरिएको छ ।

क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीः यो निर्वाचन प्रणालीमा कुनै खास निर्वाचन क्षेत्रमा उठेको उम्मेदवारलाई मतदाताले मत दिन्छन् । यसका पूर्ण बहुमत प्राप्त भई विजयी हुने बढी मत प्रणली र प्रतिस्प्रर्धी मध्ये धेरै मत पाउने विजयी हुने बहुमत प्रणाली गरी दुई प्रकार हुन्छन् । बहुमतीय प्रणालीमा प्रतिस्पर्धी मध्ये जुन उम्मेदवारले

सबैभन्दा बढी मत प्राप्त गर्छ सो उम्मेदवार विजयी हुन्छ । २०१५, २०४८, २०५१, २०५६ सालका संसदीय निर्वाचन र सबै स्थानीय तहका निर्वाचनहरु बहुमतीय प्रणाली बमोजिम नै भएका थिए । वर्तमान संविधान अनुसार यसै प्रणाली अनुसार प्रतिनिधि सभाको लागि १६५ सदस्य र सबै प्रदेश सभाका लागि ३३० सदस्य निर्वाचित हुने व्यवस्था गरिएको छ ।( नेपालको निर्वाचन इतिहास,२०७३)

ख) समानुपातिक निर्वाचन प्रणाली: यो निर्वाचन प्रणालीमा मतदाताले उम्मेदवारलाई नभई राजनीतिक दललाई मत दिन्छन् । समग्र मुलुक वा मुलुकको कुनै क्षेत्रलाई एउटा निर्वाचन क्षेत्र मानिन्छ । यसमा बहुसदस्यको लागि निर्वाचन हुन्छ । राजनीतिक दलले आफूले जति मत प्राप्त गर्दछन् सोही अनुपातमा सीट प्राप्त गर्दछन् । नेपालमा संविधानसभा सदस्य निर्वाचन, २०६४ र २०७० मा ३३५ जना सदस्य यसै प्रणालीबाट विजयी भएका थिए । वर्तमान संविधान अनुसार प्रतिनिधि सभामा ११० र सबै प्रदेश सभामा गरी २२० जना यसै प्रणालीद्धारा निर्वाचित भएका छन् । यसमा दुई पद्धतिहरू रहेका छन् । पहिलो सूचीमा आधारित समानुपातिक प्रणाली सूची प्रणालीमा राजनीतिक दलले उम्मेदवारहरूको एकीकृत सूची निर्वाचन आयोगमा पेश गर्दछन् । खसेको कुल सदर मतको हिस्साको अनुपातमा सूचीमा रहेका उम्मेदवारहरू विजयी हुन्छन् । अर्को एकल सङ्क्रमणीय मत प्रणाली प्रणालीमा पहिलो, दोस्रो, तेस्रो आदि प्राथमिकता तोकी मत दिन्छन् । पहिलो प्राथमिकताको उम्मेदवारले आवश्यक कोटा नाघेमा विजयी घोषित गरिन्छ । मतगणना गर्दा विजयी हुन आवश्यकभन्दा बढी मत दोस्रो प्राथमिकता पाउने उम्मेदवारलाई सर्दै जान्छ ।(नेपालको निर्वाचन इतिहास,२०७३)

ग) मिश्रित निर्वाचन प्रणाली: केही सिट बहुमत प्रणाली र केही सिट समानुपातिक प्रणालीका आधारमा निर्वाचित हुने गरी सिटहरुको विभाजन गरिएको हुन्छ । यो प्रणालीलाई मिश्रित सदस्य समानुपातिक प्रणाली र समानान्तर प्रणाली गरी दुई भागमा बाडिएको छ । मिश्रित सदस्य समानुपातिक प्रणालीमा बहुमत निर्वाचनमा प्राप्त मत र निर्वाचित सिटको अनुपात नमिलेको अवस्थामा क्षतिपूर्ति स्वरुप समानुपातिक निर्वाचनबाट केही सिट दिने व्यवस्था हुन्छ तर समानान्तर प्रणालीमा बहुमत र समानुपातिक दुबैको छुट्टाछुट्टै प्रयोग हुन्छ र अमिल्दो अनुपातका लागि क्षतिपूर्ति दिइँदैन । २०६४ र २०७० सालका संविधानसभा तथा २०७४ सालको प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनमा यही प्रणाली प्रयोग गरिएको थियो ।( नेपालको निर्वाचन इतिहास,२०७३)

# अध्याय तीन

# अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्रको छनौटको औचित्य

नेपालमा दोस्रो जनआन्दोलन पश्चातको मुख्य उपलब्धी संघीयता हो । सो संघीयता सँगै राज्यले जननिर्वाचित प्रतिनिधि रहने तीन तहको संरचनाको व्यवस्था गरेको छ । सो बमोजिम कास्की जिल्ला नेपालको प्रदेश नम्बर ४ अन्तर्गतका एघार जिल्ला मध्ये एक जिल्लाको रुपमा रहेको छ । कास्की जिल्लालाई प्रदेश नम्बर ४ को निर्विकल्प राजधानीको रुपमा रहेको ठानिन्छ । यस जिल्लामा स्थानीय तहका पाँच इकाई रहेका छन् । निर्वाचनमा प्रतिनिधित्व गर्ने नयां व्यवस्थाले निर्वाचनबाट परिणाममा समेत समावेशीता ल्याउने नीति अवलम्वन गरेको छ ।

हालको संविधान र सो अर्न्तगत बनेको निर्वाचन कानूनले स्थानीय तहको वडा स्तरमा चुनिने प्रतिनिधि एवं गाँउ/नगरपालिकाको प्रमुख वा उपप्रमुखमा चुनिने पदमा लैङ्गिक तवरले समावेशी बनाएको छ । वडा स्तरमा भने वडा सदस्यमा जातिगत रुपमा पछाडि परेका दलित समुदायको महिलालाई नै प्रतिनिधित्व गराउने व्यवस्था भएको छ । यसरी वडा सदस्यमा १ जना महिला, १ जना दलित महिला र २ जना खुला प्रतिष्प्रर्धाबाट छनौट हुने व्यवस्थाले दलित महिलाको राजनीतिमा प्रवेश र सशक्तिकरणको पक्षलाई कार्यान्वयन तहमा ल्याएको पाइन्छ । यसबाट गाँउ/नगर स्तरमा हुने नीतिगत निर्णयमा महिलामैत्री एवं दलित महिलालाई समेत हित गर्ने पक्षबाट निर्णय हुने देखिन्छ । प्रमुख वा उपप्रमुख मध्ये एक पदमा महिलालाई नै उमेदवार बनाउनुपर्ने कानूनी बाध्यताले समेत लैङ्गिक समावेशीकरणलाई बढवा दिएको छ । यसबाट समाजमा विद्यमान लैङ्गिक तथा जातिगत विभेद, असमनतामा कमी ल्याउने देखिन्छ । दलित महिलाले नेतृत्व गर्दा अनुभव गरेका समस्या, कठिनाई महशुस गरेका आवश्यकता, आफुमा आएको परिवर्तन, समाजले गरेको व्यवहार जस्ता पक्षको अध्ययनले निजका कमी कमजोरी सुधार गरी सकारात्मक पक्षलाई बढोत्तरी गराउन सहयोग पुग्नेछ ।

भर्खरै निर्वाचन सम्पन्न भएको जसमा महिलाको उल्लेख्य संख्यामा जननिर्वाचित निकायहरुमा उपस्थिति भएको छ । महिला भित्र पनि दलित महिला, जनजाति महिला र खस आर्य महिलाको उपस्थिति आफै उपलब्धीपूर्ण कार्य हो । त्यसमध्ये दलित महिला के कस्तो पृष्ठभूमिका साथ यस क्षेत्रमा आई स्थान लिन सफल हुनु भएको छ भन्ने विषय समाजशास्त्रको लागि नौलो र उपयुक्त विषय भएकाले यस पक्षलाई अध्ययनको शिर्षक बनाएको हो ।

## ३.२ अनुसन्धानको ढाँचा

यस अनुसन्धानमा कास्की जिल्लाको स्थानीय तह निर्वाचनमा दलित महिलाले के कसरी उमेदवारी दिने वातावरण बन्न गयो एवं जनअनुमोदित भई निर्वाचित हुने अवस्था सृजना गर्न के कस्तो सहयोग प्राप्त भयो भन्ने विषयमा विषयमा अध्ययन गरिएको छ । यस अनुसन्धान अन्बेषणात्मक र वर्णनात्मक ढाँचामा तयार गरिएको छ । उमेदवार बन्दाको अवस्थामा आफ्नो राजनैतिक, सामाजिक, आर्थिक, अवस्थाले के कस्तो प्रभाव पर्‍यो भन्ने विषयको समग्र विश्लेषण प्राप्त हुने गरी अध्ययनलाई केन्द्रित गरिएको छ । अध्ययनका सहभागीको क्षेत्र शहरी र ग्रामीण भूगोल भएकाले केही हदसम्म तुलनात्मक आधारबाट पनि विश्लेषण गरिएको छ । सवल नेतृत्वका लागि आफ्नो हालसम्मको भोगाई र अनुभवलाई समेटिएको छ ।

## ३.३ तथ्याङ्कको श्रोत र प्रकृति

यस अध्ययनमा प्राथमिक र द्धितीय श्रोतबाट तथ्याङ्क र सूचनाहरु संकलन गरिएको छ । प्राथमिक श्रोत अर्न्तगत सम्बन्धित दलित महिला सदस्यसँग प्रश्नावलीका आधारमा अर्न्तवार्ता, स्थलगत भ्रमण आदि विधि अपनाइएको छ ।

द्धितीय श्रोतको रुपमा तथ्याङ्क संकलन गर्दा तोकिएका पाठ्यक्रमहरु, सम्बन्धित विषयका प्रकाशित कृतिहरु, यस्तै विषयमा अध्ययन गरिएका अप्रकाशित शोधकृतिहरु, विभिन्न पत्रपत्रिका, अनुसन्धानकर्ताका लेख रचना, इन्टरनेटमा रहेका लेख रचना आदिलाई उपयोग गरिएको छ । मुलतः निर्वाचन प्रणाली, दलित आन्दोलन, दलित महिलाको पक्षहरु,

दलित महिलाका समस्या र चुनौती जस्ता विषयमा द्बितिय श्रोतमा अध्ययन बढी निर्भर रहेको छ ।

## ३.४ समग्र तथा नमूना छनौट विधि

कास्की जिल्लामा रहेका पाँच स्थानीय तहका ७२ वडाका कुल ३७० जनप्रतिनिधिहरु नै यस अध्ययनको कूल जनसंख्या हो । यसमा पनि महिलाको संख्या १५४ देखिन्छ । कास्कीमा पाँच स्थानीय तहका कूल ७२ वडाका दलित महिला वडा सदस्यलाई अनुसन्धानका सूचनादाताको रुपमा लिइएको छ । जसमध्ये मादी गाँउपालिकाका एक वडाका दलित महिला सदस्य सोही गाँउपालिकामा भएको बस दुर्घटनामा परी मुत्यु भएकाले ७१ सदस्य सहभागी हुनुहुन्छ । कास्कीका पाँच स्थानीय तहमा कूल निर्वाचित संख्या र दलित महिलाको दलगत अवस्था यस प्रकार रहेको छ ।

**तालिका ३.१ : प्रतिनिधिको संख्यात्मक विवरण**

| गाउँपालिका/ नगरपालिकाको नाम | वडा संख्या | जननिर्वाचित पदाधिकारी | | | महिला मध्ये दलित महिला प्रतिशत |
|---|---|---|---|---|---|
| | | कुल संख्या | महिला | दलित महिला सदस्य | |
| पोखरा ले.म.न.पा. | ३३ | १६७ | ७२ | ३३ | ४५.८३ |
| मादी गा.पा | १२ | ६२ | २५ | १२ | ४८.०० |
| अन्नपूर्ण गा.पा. | ११ | ५७ | २३ | ११ | ४७.८३ |
| माछापुच्छ्रे गा.पा. | ९ | ४७ | १९ | ९ | ४७.३७ |
| रुपा गा.पा. | ७ | ३७ | १५ | ७ | ४६.६७ |
| जम्मा | **७२** | **३७०** | **१५४** | **७२** | (**४६.७५%**) |

स्रोत : क्षेत्रीय निर्वाचन कार्यालय,कास्की

**तालिका ३.२ : महिलाको दलगत प्रतिनिधित्व**

| पद | पद संख्या | पुरुष | महिला | | | कूल महिला | दलित महिला |
|---|---|---|---|---|---|---|---|
| | | | नेकपा (एमाले) | नेपाली कांग्रेस | नेकपा (मा.के.) | | |
| अध्यक्ष/प्रमुख | ५ | ५ | ० | ० | ० | ० | ० |
| उपाध्यक्ष/उपप्रमुख | ५ | ० | ५ | ० | ० | ५ | ० |
| वडाध्यक्ष | ७२ | ७१ | १ | ० | ० | १ | ० |
| खुल्ला सदस्य | १४४ | १४० | ४ | ० | ० | ४ | ० |
| महिला सदस्य | ७२ | ० | ४९ | २३ | ० | ७२ | १ |
| दलित महिला स. | ७२ | ० | ५१ | २१ | ० | ७२ | ७२ |
| जम्मा | ३७० | २१६ | ११० | ४४ | ० | १५४ | ७३ |

स्रोत : क्षेत्रीय निर्वाचन कार्यालय,कास्की

## ३.५ प्राथमिक तथ्याङ्क संकलन विधि

यस अर्न्तगत सूचनादातासँग मूलत बस्तुगत प्रश्नमा आधारित भई सूचना संकलन गरिएको छ । त्यस्तै गरी खुला प्रश्नका आधारबाट समेत सुचना संकलन गरिएको छ । सूचना संकलनका क्रममा वडास्तरसम्म पुगी प्रत्यक्ष प्रश्नावली अर्न्तवार्ता लिइयो । विविध परिस्थिति, समयको अभाव आदि कारणले सबै वडामा जान सम्भव नभएकोले एकभन्दा बढी वडा सदस्य काम विशेषका कारण जिल्ला सदरमुकाममा आएका बखत समेत भेटघाट गरी सुचना संकलन गरियो । गाँउपालिकाको सदरमुकाममा भएको बैठकका समयमा भेला भएका सदस्यसंगबाट सुचना संकलन गरिएको छ । भेटन जादा भेट हुन नसकेका सदस्य एवं कार्य व्यस्तताको कारण तोकेको समयमा भेट हुन नपाइएका सदस्यहरुसंग फोन, सम्पर्क गरी सूचना संकलन गरियो ।

## ३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण

बिभिन्न माध्यमवाट संकलन गरिएका तथ्याङ्कहरुलाई कम्प्युटरमा प्रविष्ट गरी औषत, प्रतिशत आदि सामान्य गणितीय सूत्रहरुको प्रयोग गरेर तुलनायोग्य बनाई तालिका, पाईचार्ट, स्तम्भचित्र आदिको माध्यमबाट विश्लेषण र प्रस्तुतिकरण गरिएको छ । आवश्यकता हेरी वर्णनात्मक रुपबाट प्रस्ट पार्न कोशिश पनि भएको छ ।

# अध्याय चार

# नेतृत्वको पृष्ठभूमि विश्लेषण

प्रस्तुत अध्ययन नेपालको प्रदेश नम्बर ४ अर्न्तगतको कास्की जिल्लाका एक महानगरपालिका र चार गाँउपालिकाका सबै वडाहरुका निर्वाचित दलित महिला सदस्यहरुसंग सम्बन्धित रही गरिएको छ । यस जिल्लामा भएका ७२ वडामध्ये ७१ वडाका सदस्यहरुसंग निजका आर्थिक, सामाजिक साथै राजनीतिक अवस्थाहरुको चित्रण गर्ने प्रयास गरिएको छ ।

## ४.१ अध्ययन क्षेत्रको सामान्य परिचय

नेपालका प्रदेश नम्बर ४ मा रहेको कास्की जिल्ला आफैमा एक ऐतिहासिक महत्व बोकेको जिल्ला हो । यो प्रमुख व्यापारिक केन्द्र, देशको दोस्रो पर्यटकीय सुन्दर नगरी पोखरामा कास्की जिल्लामा पर्दछ । थोरै मात्र स्थानीय तह रहेको शिक्षा, स्वास्थ्य, अर्थ आदि दृष्टिकोणका आधारमा नेपालकै उच्च स्थानमा रहेको जिल्लाका आफ्नै महत्व रहेको छ ।

कास्की जिल्लाको नामाकरणका सम्वन्धमा विभिन्न धारणाहरु भएको पाइन्छ । कश्यप ऋषिको तपोभूमि रहेको यस ठाउँलाई भई कास्यपबाट कास्की बनेको किंवदन्ति एकातर्फ छ भने अर्कोतर्फ प्राकृत खनिज स्रोतको भण्डारलाई "काष" र त्यसबाट "काषकी" हुदै कास्की रहन गएको किंवदन्ति छ । जिल्लाको मध्यभागमा रहेको कास्कीडाँडा र कास्कीकोटबाट नै कास्की जिल्लाको नाम रहन गएको मानिन्छ । यस जिल्लाको सम्पूर्ण भू-भागलाई सप्तगण्डकी प्रवाह प्रणाली अन्तर्गत सेती गण्डकी, मोदी, मादी र तिनका सहायक नदी र खोलाले प्रवाहित गरेका छन् । फैलावट करिब ७० किलोमिटरको हवाइ दूरीमा पूर्व-पश्चिम एवं उत्तर-दक्षिण फैलिएको छ । समुद्र सतहदेखि मादी नदीको किनारमा करिब ४५० मिटर, सेती नदीको कोत्रे स्थित गल्छी करिब ५५० मिटर र मोदी नदीको विरेठाँटी नजिक लगभग ९५० मिटर उचाइमा यस जिल्लाको होंचो भाग अवस्थित छ । उत्तरको अग्लो अन्नपूर्ण श्रृङ्खला संधै हिउँले ढाकी रहन्छ र ११ वटा विभिन्न हिमशिखरहरू ७,०००

मिटरभन्दा बढी उचाइका छन् । यस जिल्लाले देशको कुल भू-भागको २०१७ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ । स्याङ्गजा, तनहुँ, लमजुङ्ग, मनाङ्ग, म्याग्दी र पर्वत गरी ६ वटा जिल्लासँग सिमाना जोडिएको यस जिल्लाको भौगोलिक अवस्थिति २८° ०६" उत्तरी अक्षांशदेखि २८° ३६" उत्तरी अक्षांशसम्म र ८३° ४०" पूर्व देशान्तरदेखि ८४° १२" पूर्वी देशान्तरसम्म फैलिएको छ । कास्की क्षेत्रफल र जनसंख्याको हिसाबले ७५ जिल्लाहरुमध्ये क्रमशः सत्ताइसौं र तेइसौं स्थानमा पर्छ । (जि.स.स.,कास्की)

यस जिल्लामा साविकमा एक उप-महानगरपालिका, एक नगरपालिका र ४३ गा.वि.स. रहेकोमा हाल पुर्नसंरचना पछि एक पोखरा लेखनाथ महानगरपालिका र माछापुच्छ्रे, अन्नपूर्ण, मादी र रुपा गरी चार गाँउपालिका रहेका छन् । प्रतिनिधि सभाका लागि यस जिल्लामा तीन निर्वाचन क्षेत्र छन् । आ.ब. २०६७।६८ मा यस जिल्ला देशको पहिलो खुला दिशामुक्त जिल्ला घोषित हुन सफल भएको थियो भने आ.ब. २०७२।७३ मा पूर्ण साक्षर जिल्ला घोषणा भएको थियो । नेपालको राजधानी काठमाडौंदेखि करिब २०० किलोमिटर पश्चिममा रहेको यो जिल्ला प्राकृतिक रूपले अत्यन्त मनोरम स्थान हो । (जिल्ला प्रशासन कार्यालय,कास्की)

२०६८ सालको राष्ट्रिय जनसंख्या अनुसार यस जिल्लामा जम्मा घरसंख्या १,२५,६९३ र कुल जनसंख्या ४,९२,०९८ छ जसमा पुरुष २,३६,३८५ र महिला २,५५,७१३ रहेको छ । यस जिल्लाको जनसंख्या वृद्धिदर २.५७ प्रतिशत रहेको छ भने जनघनत्व २४४ प्रति वर्ग कि.मि. रहेको छ । त्यसैगरी औषत परिवार संख्या ३.९२ रहेको छ जुन नेपालको सबैभन्दा कम हो । यस जिल्लामा ८४ जातजाति, ४४ भाषा र ११ धर्म मान्ने मानिसको बसोवास रहेको छ । यस जिल्लामा गुरुङ, ब्राह्मण, क्षेत्री, मगर, नेवार, थकाली, विश्वकर्मा, परियार, मिजार आदि जातका मानिसहरु मुख्य रुपमा बसोबास गर्दछन् ।(तथ्याङ्क कार्यालय,कास्की)

नेपाल ७७ जिल्ला मध्येको एक जिल्ला कास्की आफ्नै किसिमको सांस्कृतिक भौगोलिक पर्यटकीय एवं पर्वावरणीय दृष्टिले पनि विशिष्ठता कायम गर्न सफल तथा सक्षम जिल्ला हो । अन्नपुर्ण तथा माछापुच्छे जस्ता हिम श्रृंखलाहरु फेवा, रुपा, वेगनास जस्ता तालहरु, डेविडफल (पातले छाँगो) महेन्द्र गुफा, गुप्तेश्वर महादेव गुफा, सेती गण्डकी जस्ता प्राकृतिक निधि विन्ध्यवासिनी, भद्रकाली जस्ता धार्मिक स्थलले युक्त पोखरा उपत्यका वास्तवमा कास्की जिल्लाको महत्वपर्ण निधि तथा गहना हो । सराङकोट, पञ्चासे क्षेत्र,

सिक्लेस, घान्द्रुक, धम्पुस, रोयल ट्रेक जस्ता पर्यटकीय स्थल रहेका छन् । यिनै विशेष विशेषता एवं आफ्नै किसिमको पहिचानयुक्त प्राकृतिक तथा साँस्कृतिक निधिहरु कारण राजधानी पछि पर्यटकीय दृष्टिले दोस्रो स्थान ओगट्न सफल भएको छ । (जिसस,कास्की)

## ४.२ नेतृत्वको पृष्ठभूमि

निर्वाचित दलित महिला सदस्यका विभिन्न व्यक्तिगत पक्षका बारेमा तथ्यांक लिई सोको यस विश्लेषण गरिएको छ ।

### ४.२.१ उमेर

निर्वाचनमा २१ वर्ष उमेर पुगेकाले भाग लिन सक्ने व्यवस्था भए बमोजिम कास्की जिल्लामा निर्वाचित सदस्यको उमेर समुह यस प्रकार छ ।

**तालिका ४.१ : उमेर समूह**

| सदस्यको उमेर समुह | संख्या | प्रतिशत |
|---|---|---|
| ३० वर्षसम्म | 13 | 18 |
| ३१ देखि ४० वर्ष | 31 | 44 |
| ४१ देखि ५० वर्ष | 22 | 31 |
| ५१ वर्ष माथि | 5 | 7 |
| जम्मा | 71 | 100 |


**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

उमेरगत हिसाबले दलित महिला सदस्यमा २१-३० वर्ष उमेर समूहका १८ प्रतिशत र ३१-४० वर्ष समुहका ४४ प्रतिशत सदस्यहरु रहेका छन । यी दवै समुहका सदस्यलाई युवा वर्गको रुपमा लिने गरिन्छ । समग्रमा यही समुहका सदस्य नै सबैभन्दा बढी संख्यामा (६२ प्रतिशत) रहेका छन् । यस उमेरलाई सक्रिय उमेर समेत मानिएकोले सदस्यहरु काममा अधिकतम रुपमा खट्न सक्ने, नयां नयां काममा चासो राख्ने, तोकिएको जिम्मेवारीमा लगनशील भै उद्धेश्य पूरा गर्ने भएकाले यो उर्जावान उमेर भएका सदस्यहरुबाट पक्कै पनि जन अपेक्षा अनुसारका कार्य सिद्ध गर्ने सफलता मिल्ने अपेक्षा गर्न सकिन्छ ।

कम उमेरका व्यक्तिहरुले राजनीतिक पृष्ठभूमि बनाई नेतृत्वमा आउन पनि कठिन देखिन्छ भने बढी उमेरका मानिसहरु पनि आफ्नो शारिरीक तथा स्वास्थ्यका दृष्टिकोणले कम सक्षम हुने हुदा सो उमेरका सदस्यहरुको संख्या कम देखिन्छ । त्यसो त यसै समयमा बैबाहिक जोडीले बाल बच्चाहरु जन्माउने, हुर्काउने उचित वातावरण दिई शिक्षा दिक्षा दिने, आफ्नो आर्थिक, सामाजिक, राजनीतिक हैसियत बढाउने, पेशा व्यवसायमा खटने, आफ्नो भविष्य निर्माणका लागि खटने कार्य आदि यसै उमेरमा गर्नु पर्ने हुदा उचित समय व्यवस्थापनको कठिनाइ देखिन्छ ।

## ४.२.२ शैक्षिक योग्यता

उमेदवारी दिनका लागि कुनै पनि शैक्षिक योग्यता अनिवार्य गरिएको त छैन । कास्कीका दलित सदस्यको शैक्षिक योग्यता स्थिति यस प्रकार छ ।




**चित्र ४.१ : शैक्षिक योग्यता**
**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**


उमेदवारको रुपमा प्रतिष्प्रर्धी भई विजयी भएका दलित महिला उमेदवारहरु मध्ये ७८ प्रतिशतको शैक्षिक अवस्था एस.एल.सी.भन्दा कम रहेको पाइन्छ । जसमा कतिपय

सदस्यहरुको अवस्था वडामा संचालित प्रौढ कक्षाबाट केही सिकेर हस्ताक्षर गर्न सक्ने गरी साक्षर मात्र भएको पाइयो । एस.एल.सी.भन्दा माथि अध्ययन गर्ने सदस्यहरुको संख्या निकै कम(बाइस प्रतिशत) रहेको देखियो । मुलत गाँउपालिकाका दलित महिला सदस्यहरुको शैक्षिक योग्यता महानगरपालिकाका सदस्यहरुकोभन्दा कमजोर भएको पाइन्छ । गाँउपालिकाका कूल ३८ सदस्य मध्ये केबल दुई जनाले मात्र एस.एल.सी. पास गरेको देखिन्छ । राजनीतिमा शिक्षाको अतिरिक्त राजनैतिक ज्ञान र अनुभव हुदा कार्य सहज हिसाबले सम्पन्न गर्न सकिन्छ । मूलत शैक्षिक दृष्टिकोणबाट हेर्दा ग्रामीण क्षेत्रमा विद्यालय पनि अलिक टाढा हुने एवं महिलालाई पढाईमा भन्दा घरयासी काममा नै बढी लगाउने गरेको पाइन्छ । सदस्यहरुले पढने बेला तिर महिलालाई पढाइमा भन्दा कामकाजमा नै बढी लगाउने हुदा एवं सानो उमेरमा नै विवाह गर्ने प्रचलनका कारण शैक्षिक पक्षमा कमजोर भएको साथै धेरै जसो दलित परिवारको आर्थिक स्थिति कमजोर भएका कारण सानै उमेरमा मेलापात गर्नु पर्ने हुदा शिक्षामा कमजोर भएको जवाफ पाइयो ।

त्यसो त उमेदवारी दिने योग्यतामा निश्चित शैक्षिक योग्यता आवश्यक पर्ने त देखिदैन तर पनि जनप्रतिनिधिको रुपमा कार्य गर्दा निश्चित शैक्षिक योग्यता भएमा काम गर्ने परिपाटी सहज हुने, ऐन, नियम, कानूनको विषयमा ज्ञान लिने दिने, जनतालाई आफ्ना अधिकार र कर्तव्यका बारेमा सूसुचित गराउने, विकास निर्माणका कार्य प्रति चासो राख्ने बनाउनका लागि सहज हुने देखिन्छ । बल्लतल्ल दस्तखत गर्न पर्ने अवस्था भएका सदस्यहरुले आफुलाई मानसिक रुपमा नै केही कमजोर भएको अनुभव गरेको देखिन्छ । शिक्षाले काम गर्ने कार्य शैली, बोल्ने शैली, कार्य गर्ने क्षमतामा प्रभाव पार्ने, अन्य व्यक्तिले उसप्रति बनाउने धारणामा फरकपन आएकाले नै होला अधिक सदस्यहरुले आफुलाई निर्वाचित भै सके पछि आफुमा शिक्षाको कमी भएका कारण काम गर्दा अलि असहज महशुस गरेको अनुभव बताउनु भयो ।

### ४.२.३ धार्मिक पक्ष

कास्की जिल्लामा बहुधार्मिक मानिसहरुको बसोबास गरेको पाइन्छ । त्यसमा बहुसंख्यक हिन्दु छन् । सदस्यको धार्मिक आस्था यस प्रकार छ ।




**चित्र ४.२ : धार्मिक आस्था**
**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

धार्मिक हिसाबले ९८.५३ प्रतिशत सदस्यको धर्म हिन्दु भएको पाइन्छ । बाँकी संख्याका सदस्य क्रिश्चियन धर्म अपनाउने रहेको पाइयो । धार्मिक रुपमा कास्कीका हिन्दु, बौद्ध, क्रिश्चियन, मुस्लीम धर्मालम्बीहरु रहेको पाइन्छ । धार्मिक हिसाबले हेर्दा कास्की जिल्लामा बहुसंख्यक नागरिक हिन्दु धर्मालम्बी भएको कारणले गर्दा नेतृत्वमा आउने सदस्यहरु पनि हिन्दु धर्म अपनाउने भएको पाइन्छ । धार्मिक हिसाबले जातिय विभाजन र समुदाय बीच छुवाछुतको व्यवहार हिन्दु धर्मका अनुयायी बिचमा देखिन्छ । आरक्षणको व्यवस्था पनि सोही समुदाय लक्षित भएकाले अधिक सदस्य यसै धर्मका भएको हुनु पर्दछ । त्यसो हुदा हुदै पनि छिमेकमा रहेका क्रिश्चियन धर्मालम्बी लगायतका अन्य धर्मालम्बीहरुले समेत दलित भनिएका समुदाय प्रति छुवाछुतको व्यवहार गरेको तितो अनुभव समेत सदस्यहरुबाट अभिव्यक्त हुन्छ ।

### ४.२.४ पारिवारिक संरचना

पारिवारिक संरचना अनुसार समग्र दलित समुदायको प्रजनन दर अन्य समुदायको भन्दा केही बढी रहेको तथ्यांकले जनाउछ । कास्कीका दलित सदस्यको पारिवारिक संरचना यस प्रकार छ ।

**तालिका ४.२ : पारिवारिक संरचना**

| परिवारका सदस्य संख्या | संख्या | प्रतिशत |
|---|---|---|
| ४ जनासम्म | 33 | 46 |
| ५ देखि ६ जनासम्म | 28 | 39 |
| ७ देखि ८ जनासम्म | 10 | 15 |
| जम्मा | 71 | 100 |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

परिवारको संरचनाका दृष्टिबाट अवलोकन गर्दा ४६ प्रतिशत सदस्यको परिवारमा केबल चार जना परिवारका सदस्य भएको देखिन्छ । सानो परिवारको बाहुल्यता देखिदा पारिवारिक बोझ अलिक कम हुने, आर्थिक, शैक्षिक पक्षमा बालबच्चा प्रति बढी ध्यान दिन सकिने हुन्छ । विगतको अवधारणालाई हेर्दा दलित परिवारमा सन्तान जन्मदर बढी भएको पाइएकोमा हाल आएर सो व्यवहारमा परिवर्तन आएको यस तथ्याङ्कले बताउदछ । सामाजिक सोचमा परिवर्तन, शैक्षिक तथा आर्थिक दृष्टिमा आएको परिवर्तनले यसो हुन गएको पाइन्छ ।

बाँकी ५४ प्रतिशत सदस्यकामा संयुक्त परिवारको रुपमा सासु, ससुरा, देवर समेतको उपस्थिति रहेको देखियो । बढी सदस्य संख्या भएको केही परिवारमा सन्तान दर बढी भएको पनि देखिन्छ । जसमा छोराको चाहानामा बढी सन्तान जन्माएको पाइन्छ । कान्छो छोरा हुने र सोही प्राप्तीका लागि जन्माउदा छोरीको संख्या तीन वा सोभन्दा बढी भएको पाइयो । केही परिवारका छुट्टभिन्न नभएका कारण संयुक्त परिवारमा आठ जनासम्म रहेको पाइयो ।

### ४.२.५ पेशा

दैनिक कार्य संचालन र खर्च व्यवस्थापनका लागि कुनै पेशा अपनाउनु पर्दछ । त्यही क्रममा दलित सदस्यहरुको निर्वाचनपूर्वको पेशागत स्थिति यस प्रकार देखिन्छ ।

**तालिका ४.३ : पेशा**

| सदस्यको पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | 55 | 77 |
| सिलाई | 9 | 13 |
| अन्य | 7 | 10 |
| जम्मा | 71 | 100 |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

सदस्यमा विजयी हुनुपूर्व कुन पेशा अपनाउनु भएको थियो भनी प्रश्न गर्दा कृषिको बाहुल्यता पाइयो । मुलत गाँउपालिकाका सबैजसो र नगरपालिकाका पनि अधिक सदस्य कुनै न कुनै रुपमा ७७ प्रतिशत कृषिमा संलग्न रहेकाले पाइयो । व्यवसायिक कृषिभन्दा गुजारा गर्ने कृषिमा बढी आवद्धता पाइन्छ । गाँउघरमा व्यावसायिक ज्ञान नहुनु साथै बिक्रीका लागि बजार पनि नहुनुले निर्वाहमुखी कृषिले नछोडेको पाइन्छ ।गाँउमा निकै कम सदस्यले मात्र आफ्नो पेशाको रुपमा परम्परागत कपडा सिलाई कार्यलाई लिएको पाइयो । शहरी क्षेत्रका सिलाई पेशा समेत संचालन गर्ने सदस्यले परिवारका अन्य सदस्य एवं कामदार समेत राखी सिलाई पेशालाई आधुनिकीकरण गरेको देखियो ।


सिलाई पेशामा रहेका सदस्यले सो पेशालाई समय दिन नसकेको कारण हाल सो कार्यले निरन्तरता पाउन नसकेको देखिन्छ । जसका कारण आफ्नो दैनिक पाँच छ सय रुपैया आय आर्जनको बाटोमा वाधा भएकाले आर्थिक रुपमा श्रीमानको आय आर्जनमा आश्रित हुन बाध्य भएको तितो यर्थाथ पाइन्छ । शहर बजार तिर किराना पसल, सुन पसल, विधुत सामाग्रीको पसल संचालन गरेको पाइयो । कृषि पेशामा रहने भन्नाले निजका घरमा केही न केही संख्यामा गाई भैसी पालन गरेको पाइयो, जसलाई समय समयमा घाँसपात, पानी, कुँडो दिने व्यवस्था गर्न पर्ने भएकोले काममा खट्न पर्ने देखियो । जनताको सेवामा खट्नका लागि कुनै न कुनै तवरबाट कठिनाइ भएको देखियो ।

समाज र परिवारमा अहिले पनि लैङ्गिक हिसाबले गर्ने काम र जिम्मेवारीमा तात्विक फरकपन आएको देखिदैन । त्यसकारण घरमा खाना बनाउने, बालबच्चाको हेरचाह गर्ने, सरसफाई गर्ने, वस्तुभाउको हेरचाह गर्ने आदि जस्ता विषय मूलत महिलाकै हिस्सामा बढी परेको देखिन्छ । यस समयमा नै बालबच्चा हुर्काउन पर्ने भएकोले वा बच्चाहरु साना भएकाले घरका कार्यमा समेत खासै सहयोग नहुने गरेको पनि पाइन्छ । जसबाट कार्य जिम्मेवारीको बोझ बढी नै देखिन्छ। थोरै मात्र सदस्यहरुको व्यवसाय रहेका एवं पारिवारिक अवस्थाका कारण खास जिम्मेवारी बहन गर्न नपर्ने अवस्थामा रहेको पाइयो ।

## ४.३. नेतृत्वको राजनीतिक पक्ष

### ४.३.१. राजनीतिमा प्रवेश

प्रजातान्त्रिक मुलुकमा दलिय संगठनहरु क्रियाशिल हुने गर्दछन् । सो मार्फत राजनीतिमा प्रवेश हुन्छ। कास्कीका दलित सदस्यको राजनीतिमा प्रवेश यस प्रकार रहेको छ।




**चित्र ४.३ : राजनीतिमा प्रवेश**
**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

सामान्यतया राजनैतिक रुपमा संगठित भई क्रियाशिल व्यक्तिहरु मध्येबाट उमेदवारी दिने गरेको पाइन्छ तर स्थानीय तह निर्वाचनका सर्न्दभमा वडा सदस्य मध्ये कम्तिमा एक जना दलित महिला नै हुनुपर्ने बाध्यकारी कानुनी व्यवस्थाले गर्दा विगतको परम्परामा फरकपन आएको पाइन्छ। मूलत दलित महिलाहरुको हकमा नियमित रुपमा दलको संगठित कार्यकर्ता वा क्रियाशिल सदस्य नभईकन तत्कालिन अवस्थामा उमेदवार हुन इच्छा राखेको वा समाजमा अन्य भन्दा केही सक्रिय दलित महिलालाई दलको तर्फबाट उमेदवार दिन लगाएको पाइन्छ।

कुल उत्तरदाता मध्ये ५३ प्रतिशत सदस्यले यही स्थानीय तहको निर्वाचनबाट मात्र राजनीतिक रुपमा सक्रिय भएको पाइयो। बाँकी ४७ प्रतिशत सदस्यहरु मध्ये छ प्रतिशतले २०४६ साल पूर्व, सत्र प्रतिशत नेतृत्वले दोस्रो जनआन्दोलनपूर्व एवं चौबिस प्रतिशतले २०६२।०६३साल पश्चात दलमा आवद्ध रहेको पाइयो। यसबाट के बुझ्न सकिन्छ भने राजनीतिक क्षेत्रमा दलित महिलाको सक्रियता र आवद्धता स्थानीय तहको निर्वाचनपूर्व खासै नभएको पाइन्छ। निरंकुश शासन व्यवस्थामा महिला राजनीतिमा आउनु भनेको फलामको चिउरा चपाउनु जस्तै मानिन्थ्यो। त्यसमा पनि जातिय विभेद उच्च भएको र आर्थिक सामाजिक स्थिति कमजोर भएका दलित महिलाका लागि त झनै कल्पना बाहिरका कुरा जस्तै थियो। खुला राजनीति पश्चात नै यस क्षेत्रमा महिलाको उपस्थिति बढेको पाइन्छ। वर्तमानको बाध्यकारी कानूनी व्यवस्थाका कारण दलित महिलाहरुका बीचमा नेतृत्वको विकास हुदै गएको भन्न सकिन्छ। विविध पक्षका कमजोरपनका कारण काम गर्ने समयमा लधुताभास भएको पनि देखिन्छ।

## ४.३.२. उमेदवारीमा प्रेरणा

यस बीचमा पनि राजनीतिक क्षेत्रमा आई उमेदवार बन्नका लागि उत्तरदाता मध्ये पैचालीस प्रतिशतले स्थानीय नेतृत्वबाट नै प्रेरित प्रोत्साहित भएको जवाफ दिएको पाइन्छ। जसको मूल कारणको रुपमा स्थानीय नेतृत्वले ताँहा उठाउने उमेदवारीको खोजी गर्नु र निजलाई उक्त क्षेत्रमा लाग्नका लागि विश्वासिलो वातावरणको आश्वासन दिनु नै मूलकारण देखिन्छ।

निर्वाचित दलित महिलालाई उमेदवारी दिन प्रोत्साहित गर्ने पक्ष यस प्रकार रहेको देखिन्छ ।

**तालिका ४.४ : उमेदवारी दिन प्रेरणा**

| प्रेरणा | संख्या | प्रतिशत |
|---|---|---|
| पारिवारिक माहोल | 14 | 20 |
| राजनीतिक चेतना | 17 | 24 |
| स्थानीय नेतृत्वको प्रभाव | 32 | 45 |
| अन्य | 8 | 11 |
| जम्मा | 71 | 100 |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

वडा सदस्यको पदमा उमेदवारी दिने सर्न्दभमा राजनैतिक दललाई उपयुक्त दलित महिला जो यस अगाडि पनि सामाजिक कार्यमा सक्रिय रहेको होस्, पछि पनि सेवामा खट्न सक्ने होस्, नेतृत्व क्षमता भएको केही न केही पढेको वा बुझेको व्यक्तिको खोजी भएकोमा केही सदस्य जो राजनीतिमा चासो राख्नुहुन्छ, उहाँहरु स्वयम उमेदवार हुन प्रयत्न गरेको पाइयो । चौबिस प्रतिशत नेतृत्वले आफु राजनीतिक रुपमा सचेत भएको र देशका लागि केही आफुले पनि गर्नु पर्दछ भनी उमेदवारी दिन उत्साहित भएको पाइन्छ । त्यस्ता सदस्यमा मुलत महानगरपालिकाका शहरी वडाका सदस्य बढी पाइयो । त्यस पछि घर परिवारका सदस्य राजनीतिमा संलग्न भएका र राजनीतिमा चासो राख्ने परिवारले उमेदवारी दिन प्रेरित गरेको पाइन्छ । बदलिदो परिवेश र महिला पनि रोजगारी, शिक्षा, समाज सेवा आदिका लागि घरबाट बाहिर निस्कन थाले पछि परिवारले पनि आफ्ना छोरी, बुहारीलाई पनि राजनीतिमा लाग्न प्रेरित गरेको पाइन्छ । सानो परिवार भएको एवं पितृसत्तात्मक संस्कारका कारण पनि महिलालाई नेतृत्व तहमा पठाउनका लागि श्रीमानको पनि मुख्य हात रहेको पाइयो । बाँकी सदस्यलाई आफन्त इष्टमित्र, साथीसंगीले प्रोत्साहित गरेको देखिन्छ । त्यसो त उमेदवारी दिदा स्थानीय नेतृत्व, पारिवारिक तथा साथीसंगीहरुसंगको सरसल्लाह पछि मात्र निर्णयमा पुगेको हुदा उमेदवारी दिन प्रेरित गर्ने एकभन्दा बढी कारण समेत भएको पाइन्छ ।

### ४.३.३. राजनीतिक उद्धेश्य

कास्की जिल्लाका निर्वाचित दलित महिला सदस्यहरुको राजनीतिमा लाग्नुको मुख्य उद्धेश्य यस प्रकार रहेको पाइन्छ ।

**तालिका ४.५ : राजनीतिक उद्धेश्य**

| उद्धेश्य | संख्या | प्रतिशत |
|---|---|---|
| समाज सेवा | 47 | 66 |
| सामाजिक विभेदको अन्त्य | 9 | 13 |
| समग्र विकास | 15 | 21 |
| जम्मा | 71 | 100 |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

राजनीतिमा आउनुको उद्धेश्यका बारेमा प्रश्न गर्दा ६६ प्रतिशत उत्तरदाताले समाज सेवा गर्नको लागि भनेको पाइन्छ । राजनीतिमा आउनु भनेको कुनै लाभ आर्जन गर्नका लागि नभई जन सेवा, मुलुक सेवा गर्नका लागि नै भएको मानिन्छ । सार्वजनिक पदमा रही त्यो पनि जननिर्वाचित भई कार्य गर्ने विषय समाजका लागि नै भएकाले पनि होला धेरैले आफ्नो उद्धेश्य समाज सेवा भन्ने गरेको पाइयो । त्यसो त सेवासँग मेवाको अपेक्षा गरेको पनि पाइयो । विगतका राजनीतिक व्यक्तिले जस्तो अहिलेका सदस्यले पूर्ण सेवा भावसहित निष्ठाको राजनीति गरेको पाइदैन । विशुद्ध सेवा होइन, सेवा दिएपछि आर्थिक सुरक्षा सहितको सुविधा चाहिने आवाज पनि पाइयो । नेतृत्व मध्ये २१ प्रतिशतले आफ्नो गाँउ, ठाँउ, शहरलाई विकास निर्माण गरी आर्थिक समृद्धिको उच्च स्थानमा राख्ने उद्धेश्यका साथ लागेको पाइन्छ । विद्यमान समाजमा रहेको जातिय विभेदको अन्त्य, छुवाछुत अन्त्य लगायत समाजका सबै प्रकारका विभेद अन्त्य गर्नका लागि सदस्यहरु राजनीतिमा लागेको पाइन्छ ।

### ४.३.४. राजनीतिमा परिवार

तेस्रो विश्वका मुलुकमा पारिवारिक राजनीतिक पक्षले महत्व राखेको हुन्छ । कास्कीका दलित सदस्यको पारिवारिक राजनीति यस प्रकार छ ।

**तालिका ४.६ : पारिवारिक राजनीति**

| राजनीतिक संलग्नता | संख्या | प्रतिशत |
|---|---|---|
| भएको | 18 | 25 |
| नभएको | 53 | 75 |
| जम्मा | 71 | 100 |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

राजनीतिमा आफु लाग्नु पूर्व परिवारका अग्रज वा परिवारका अन्य सदस्य पनि राजनीतिमा हुनुहुन्थ्यो कि भन्ने प्रश्नको जवाफलाई विश्लेषण गर्दा पचहत्तर प्रतिशत उत्तरदाताका परिवारका सदस्यहरु सक्रिय राजनीतिमा नरहेको पाइयो । सामाजिक संरचना, आर्थिक स्थिति, शैक्षिक स्थिति, चेतनाको स्तर आदिका कारण दलित समुदाय समाजको मुल प्रवाहमा समावेश हुन नसकेको पाइन्छ । सायद त्यही कारणले नै होला अधिक सदस्यका परिवार राजनीतिमा भएको नपाइएको ।

समयको मागले नै होला यस पुस्ताका दलित महिलाले नै मूलतः राजनीतिक क्षेत्रमा प्रवेश गरेको देखियो । बाँकी पच्चीस प्रतिशत उत्तरदाताका परिवारका सदस्यहरु वा निजलाई प्रोत्साहित गर्ने नजिकका इष्टमित्रहरु राजनीतिमा प्रत्यक्ष परोक्ष रुपमा संलग्न भएको पाइयो । परिवारका ससुरा, श्रीमान, सासु, देवर, दिदी, बहिनी, मामा, माइती पक्ष आदि राजनीतिमा भएकाले आफुलाई राजनीतिक क्षेत्रमा आउन सजिलो भएको बताउनु भयो ।

## ४.३.५. दलीय कार्यसमितिमा आबद्धता

दलको कार्य गर्नका लागि विभिन्न तहमा दलका समितिहरु रहन्छन् । कास्कीका स्थानीय नेतृत्वको त्यस्ता समितिमा भएको संलग्नता यस प्रकार रहेको पाइन्छ ।

**तालिका ४.७ : दलीय कार्यसमितिमा आबद्धता**

| कार्यसमिति | संख्या | प्रतिशत |
|---|---|---|
| वडास्तरिय समिति | 14 | 20 |
| गाँउ वा नगरस्तरिय समिति | 6 | 8 |
| अन्य भातृ संगठन | 6 | 8 |
| कुनैमा पनि नभएको | 45 | 64 |
| जम्मा | 71 | 100 |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

चौसठ्ठी प्रतिशत दलित महिला सदस्य गाँउ, नगर वा वडास्तरिय समितिमा आबद्ध नभएको पाइयो । राजनीतिक आस्थाका आधारमा आआफ्ना दलका कार्यक्रममा सहभागी भएपनि संगठित सदस्य नभएको पाइयो । समाज सेवा भनेको सिधा प्रतिफल प्राप्त गर्न नसकिने विधा हो । त्यसैले होला विगतमा समाजका प्राय टाठा बाठा जान्ने सुन्ने हुने खाने व्यक्ति नै समाजका विविध क्षेत्रमा जस्तै राजनीतिमा लागेको पाइन्छ । जसका कारण कमजोर आर्थिक शैक्षिक क्षमता भएका व्यक्ति कमै देखिन्छ । दलित समुदायको हैकम समाजमा कम भएकै कारण राजनीतिमा उपस्थिति निकै कम देखिन्छ। समावेशी सिद्धान्तको खोजिका कारण अहिले कम्तीमा सबै समुदायको प्रतिनिधित्व गराउनु पर्दछ भन्ने मान्यता विकास भएसंगै दलित समुदायबाट पनि त्यस्ता कार्य समितिहरुमा राख्ने परम्पराको शुरुवात भएको छ । त्यसपछि वडा स्तरको समितिमा बीस प्रतिशत सदस्य प्रत्यक्ष परोक्ष संलग्न रहेको पाइयो । सोको अतिरिक्त दलका भातृ संगठनमा क्रियाशिल भएको पाइयो । केही सदस्य दलका समिति र अनेम संघ, महिला संघ लगायतका भातृ संगठनहरुमा संगसंगै लागेको पनि देखियो ।

## ४.३.६. सामाजिक संस्थामा आबद्धता

राजनीतिमा लाग्नुपूर्वको नेतृत्वको अभ्यास गर्ने ठाँउ स्थानीय सामाजिक कार्य गर्ने संघ संस्थाहरु नै हुन । कास्कीमा दलित सदस्यको त्यस्ता संस्थाहरुमा रहेको संलग्नता यस प्रकार छ ।

**तालिका ४.८ : सामाजिक संस्थामा आबद्धता**

| **सामाजिक संघ संस्था** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| आमा समूह | 29 | 41 |
| सहकारी संघ संस्था | 9 | 12 |
| दलित वा महिलावादी संघ संस्था | 14 | 20 |
| नभएको | 19 | 27 |
| जम्मा | 71 | 100 |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

वडा सदस्यमा निर्वाचित हुनु पूर्व समाजमा क्रियाशिल विभिन्न संघ संस्थामा आबद्ध रहे नरहेको विषयमा जानकारी लिदा सबैभन्दा धेरै ४१ प्रतिशत सदस्य गाउँ, टोलमा रहेको आमा समूहको सदस्यमा रहेको पाइयो । आमा समुह भन्नाले महिलाको नेतृत्व विकासमा टेवा पुर्‍याउने एक महत्वपूर्ण सामाजिक संस्थाको रुपमा विषेशतः लोकतन्त्रको स्थापना भएपछि सक्रिय भएको पाइन्छ । त्यस्ता आमा समुहमा केही संख्यामा आमा समूहका अध्यक्ष, सचिव एवं कोषाध्यक्ष जस्ता पदमा रही नेतृत्व लिई रहेको पाइयो । २० प्रतिशत सदस्य दलका भातृ संगठन लगायतका समाजका अन्य संस्थामा आबद्धता पाइन्छ । दलितसम्बन्धी विभिन्न खालका दलका भातृ संघ संस्था पनि रहेका छन् । त्यस्तै दलित भित्रका समुदायगत समितिहरु जस्तैः परिवार समाज, मिजार समाज, सुनार समाज, विश्वकर्मा समाज आदिमा पनि आबद्ध भएको पाइन्छ । त्यसैगरी महिलावादी संघ, संस्था, सचेतना केन्द्र, युवा क्लब, वन समूह, स्वास्थ्य समिति, बाटो समिति, खानेपानी समिति जस्ता संस्थामा समेत आबद्ध भई क्रियाशिल भएको वा रहदै आएको पाइयो ।

१२ प्रतिशत सदस्य सहकारी क्षेत्रमा समेत सहभागी भई आर्थिक उन्नतिमा समेत लागेको पाइन्छ । यसले महिलामा नेतृत्व विकासको क्षमता बढाएको देखिन्छ । अन्तत्वगत्वा यसबाट समाजलाई गोलबन्द गरी विकास निर्माण, सचेतना अभिबृद्धि, कुसंस्कारको उन्मूलनका लागि आधार स्तम्भको तयारी हुन्छ । यसबाट गाउँमा अहिले भएका सदस्यले मूलत यस्ता संस्थाको आबद्धताले आफैले वा अरुले गरेको देखेर नेतृत्वको गुण आर्जन गर्न सकेको पाइन्छ । त्यति हुदा हुदै पनि २७ प्रतिशत नेतृत्व कुनै पनि संस्थामा नरहदा महिलालाई मुलधारमा ल्याउन अझै पनि ठूलै मेहेनत गर्नु पर्ने देखिन्छ ।

## ४.४ आर्थिक

### ४.४.१. आय आर्जन र सम्पत्ति

सदस्यहरु मध्ये विवाहित महिलाका पति ५७ प्रतिशत रोजगारी एवं आय आर्जनका लागि विदेशमा रोजगारीका लागि गएको पाइयो । बैदेशिक रोजगारीका लागि मुलत गन्तव्य खाडी देश नै रहेको र थोरै संख्यामा भारतमा मजदुरीका लागि गएको पाइन्छ । बाँकी ४३ प्रतिशत सदस्यका पति कास्की जिल्लामा नै सवारी चालक, निर्माण मजदुर, कृषि मजदुर, पेन्सनवाला सुरक्षाकर्मी रहेको पाइयो । ११ जना सदस्य हाल एकल एवं अबिबाहित रहेका छन् ।

**तालिका ४.९ : परिवारको रोजगारी**

| सदस्यको श्रीमानको पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| विदेश | 34 | 57 |
| स्वदेशमा रोजगार | 26 | 43 |
| जम्मा | ६० | 100 |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

आय आर्जनको दृष्टीकोणबाट हेर्दा दैनिक गृहस्थी संचालनका लागि श्रीमानको रोजगारी नै प्रमुख आधार भएको देखियो । बाँकी सदस्यका श्रीमानहरु स्वदेशमा नै कुनै न

कुनै रोजगारीको क्षेत्रमा रहेको पाइयो । दैनिक खर्च जुन परिवारको लागि हुने थियो सोको अतिरिक्त वडा सदस्यका रुपमा निर्वाचित हुँदा र भैसकेपछिका खर्चको दृष्टिले परिवारको खर्चमा बढोत्तरी भएकोले थप आर्थिक दायित्व भएको पाइयो । कृषि पेशाको आयबाट उल्लेख्य उत्पादन नभएकाले बर्ष भरी खान पुग्ने गरी कृषि उपार्जन हुने संख्या निकै कम नै देखियो । मूलत कृषिमा आफ्नै जग्गा जमिन कम भएको र कृषि प्रति आकर्षण कम भएकाले पनि अन्य रोजगारी गरी जीवन निर्वाह गर्ने रुची राखेको पाइयो ।

सम्पत्तिको दृष्टिकोणबाट हेर्दा परिवारमा भएको सम्पत्ति जायजेथा प्राय सबै सदस्यको हकमा परिवारका जेष्ठ पुरुष सदस्यको नाममा रहेको पाइयो । मूलत ससुरा र ससुरा नभएको हकमा प्राय सबैको श्रीमानको नाममा रहेको देखियो केही सदस्यको मात्र सासु नाममा भएको पाइयो । कतिपय सदस्यको हकमा शहरी क्षेत्रमा पछि आर्जित सम्पत्ति श्रीमतीको नाममा समेत रहेको देखियो । यसका पछाडी विविध कारणहरु हुन सक्दछन् । त्यसो हुँदाहुदै पनि सम्पत्तिमाथि महिलाको स्वामित्व बढ्नु र महिलालाई सम्पत्ति राख्न दिने विश्वास बढ्नुलाई सकारात्मक पक्षको रुपमा लिन सकिन्छ ।

## ४.४.२. धरौटी र निर्वाचन खर्च

राजनैतिक यात्राको रुपमा देखिन मुख्य पक्ष निर्वाचनमा उमेदवारी दिनु हो । उमेदवारी दिने अवस्थामा कानून बमोजिम धरौटी रकम बुझाउनुपर्ने देखिन्छ । त्यस्तो रकम वडा सदस्यका लागि पाँच सय रुपैया रहेको र महिला सदस्यको लागि पचास प्रतिशत छुट हुने व्यवस्था रहेको थियो । सो उमेदवार दिंदा अधिकाशं महिला दलित सदस्यको धरौटी रकम सम्बन्धित वडाको वडा अध्यक्षबाट एकमुष्ट तिरि दिएको पाइन्छ । प्रत्येक वडाका एक दलका उमेदवारहरु जति एक पटक नाम दर्ता गर्न जाने व्यवस्था बमोजिम अध्यक्षले नै त्यसको प्रतिनिधित्व गरेको कारण एवं सानो रकम भएका कारणले पनि रकम एकमुष्ट तिरीएको  देखिन्छ । कतिपय वडामा सदस्यहरुले आफै पनि उक्त रकम तिरको पाइयो ।

**तालिका ४.१० : निर्वाचन खर्च**

| रकम | संख्या | प्रतिशत |
|---|---|---|
| रु २५००० सम्म | ३८ | 54 |
| रु ५0000 सम्म | १३ | 18 |
| रु ७५००० सम्म | १५ | 21 |
| रु ७५००० माथि | ५ | 7 |
| जम्मा | ७१ | 100 |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

निर्वाचनका क्रममा प्रचारप्रसारका लागि समेत निश्चित समय तोकिएको थियो । सोही अनुसार आ-आफ्नो वडामा प्रचार प्रसारका लागि हिडेको पाइयो । त्यस वखत मूलत खर्च व्यवस्थापन वडा अध्यक्षबाट मिलाएको देखियो । वडा सदस्यको खर्च मूलत प्रचारका क्रममा आफ्ना टोलका छरछिमेकी, आफन्त आदिलाई लैजादा लाग्ने यातायात खर्च, खाजा खर्च, इन्धन खर्च आदिमा गरिएको बताइयो । दलित महिला सदस्यलाई अधिकाशंको उत्तरका अनुरुप निर्वाचन सम्पन्न भए पश्चात यति रकम लागेको भनी पार्टीको वडा समितिबाट वा प्रचारका कममा खर्चको व्यवस्था मिलाउने व्यक्तिबाट माग गरेको पाइयो । उक्त रकम साधारणतया पचास हजारभन्दा कम नै रहेको पाइयो । केहीलाई उनको आर्थिक अवस्थालाई बिचार गरी कमी रकम दिन भनेको वा दिनै नपरेको समेत पाइयो । प्रचार प्रसारका बखत खर्च जे जति जसरी भयो सो पछि पनि विजय भएका सदस्यलाई सम्मान गर्ने कार्यक्रम, त्यस्तै विजयी भएको उपलक्ष्यमा विजेताले त्यस बखत खटिएका कार्यकर्ता, आमा समूह, युवा क्लब लगायतका संघ संस्थालाई भोज खान, उत्सव मनाउनका लागि बढी खर्च गर्नु परेको बताए । कमजोर आर्थिक श्रोत भएका सदस्यका हकमा आफ्नो आयबाट नपुगेर इष्टमित्र, साथीसंगीबाट ऋण लिएर बुझाएको देखियो । अधिक सदस्यले उक्त ऋण रकम बुझाइ सकेको भएपनि केही सदस्यले सो रकम समेत बुझाउन बाँकी नै रहेको बताए ।

## ४.४.३. पारिश्रमिक

निर्वाचित पदाधिकारीका लागि सरकारी कोषबाट कुनै आर्थिक सुविधा दिनुपर्छ कि पर्दैन यसको औचित्यका विषयमा प्रश्न गर्दा सबै उत्तरदाताहरुले निश्चित रकम तोकेर आर्थिक सुविधा दिनुपर्ने कुरा जोडदारसँग उठाए । जनताको काम पाँच वर्षसम्म निरन्तर गर्दा हुने खर्च आफ्नो खल्तीबाट हाल्न नसकिने अभिव्यक्ति दिए । आफ्ना पारिवारिक समस्या, आफ्ना पेशागत समस्या आदिलाई पाखा लगाएर जनताको सेवामा खटिएपछि कर्मचारीले पाए जस्तै गरी नियमित पारिश्रमिकको व्यवस्था हुनुपर्ने बताए । वडामा गाउँपालिका⁄ नगरपालिकाका तोकिएको संख्या अनुसार हुने मासिक दुई वा तीन वटा बैठकको नियमानुसार बैठक भत्ता पाउने गरेको देखियो । अन्य बैठक वा कार्यक्रममा जाँदा कुनै सुविधा पाउन नसकेको गुनासो गरे । आर्थिक सुविधा के कति हुनुपर्ने भनी प्रश्न गर्दा भएसम्म बढी नै अपेक्षा हुने मानवीय स्वभाव भएपनि राज्यले सम्मान स्वरुप केही न केही रकम उपलब्ध गराउनुपर्ने दायित्व हो भनेको पाइन्छ । सानोतिनो कामको लागि पनि घरबाट बाहिर हिड्नुपर्ने, त्यस बखत आफ्नो आर्थिक श्रोत वा कमाई नभएकोले श्रीमानसँग माग्नुपर्दा असहज त हुने नै भयो, त्यसमा पनि कतिपयले त यो पद आर्थिक बोझको रुपमा रहेको मानेको ठाने । करिब नौ महिनामा नै यो पदलाई बोझको रुपमा लिएको पाइयो ।

त्यसो त उमेदवारी दर्ता गर्ने ताका विभिन्न संचार माध्यममा स्थानीय तहका निर्वाचित पदाधिकारीहरुका लागि आर्कषण रकमको कानूनी व्यवस्था हुने भनी पत्रपत्रिका, एफ.एम.हरुमा पनि प्रसारित भएको हुँदा समाजबाट सम्मान पनि पाइने, आफुलाई पनि विविध विषयमा जानकारी उपलब्ध हुने, सामान्य घर खर्च व्यवहारका लागि आर्थिक जोहो हुने हुँदा श्रीमानले पनि उमेदवारी दिन जोड गरेको साथै दलका तर्फबाट पनि प्रोत्साहित गरेको कारणले गर्दा आर्थिक पक्षमा सबै प्रतिनिधिहरुको उच्च आकांक्षा रहेको देखियो । यसमा केहीले खरिदार पद सरहको सुविधा हुनुपर्ने, केहीले पन्ध्र हजारको आसपासमा हुनुपर्ने र अधिकले राज्यको अवस्था हेरी प्रतिनिधिको सम्मान हुने गरी निश्चित रकम तोक्नुपर्ने भनी आवाज राखेको पाइयो ।

### ४.४.४. आर्थिक व्ययभार

त्यसैगरी के कस्ता विषयमा खर्च हुने गरेको छ भन्ने प्रश्नमा मूलतः मोवाइल, यातायात खर्च, आफ्नो खाजा खर्च साथै साथी संगीलाई गरिने भाडा तथा खाजा खर्चको कारण आर्थिक भार परेको पाइयो । प्रतिनिधि भएका कारणले जनताले विभिन्न प्रकृतिका कार्यमा बोलाउने गरेको जसमा नजाँदा अनेकौ टिका टिप्पणी गर्ने हुँदा समय व्यवस्थापन गरेर त्यस्ता कार्यमा जाने गरेको पाइयो । आकस्मिक बैठक, साना तिना कार्यक्रम, घरपरिवारका झैझगडा, विवाहवारी, ब्रतबन्ध, काजक्रिया लगायतका सबै विषयमा सामेल हुनुपर्ने बाध्यता भएको  पाइन्छ । कतिपय आफ्नै कार्य पनि गर्न नपाएको वा नभ्याएको कारण खेताला लगाउदा थप आर्थिक व्यय भएको गुनासो गर्नु भयो ।

## ४.५. सामाजिक पक्ष

समाजमा रहेका मानिसहरु बीच रहेको आपसी सम्बन्ध, व्यवहार एवं गतिविधिलाई सामाजिक क्रियाकलापको रुपमा लिइन्छ ।

### ४.५.१. सामुदायिक सहयोग र छुवाछुत

समाजमा रहेका संस्कार र परम्पराका कारण विभेदका अवस्था पनि विद्यमान रहेको देखिन्छ । त्यस विषयका सर्न्दभमा आफ्नो र वडा स्तरको प्रचार प्रसारका सर्न्दभमा के कति सहयोग पाउनु भयो भन्ने प्रश्नमा सबै उत्तरदाताहरुबाट पूर्ण रुपमा सहयोग पाएको एवं स्थानीय समुदायबाट पनि उत्तिकै सहयोग पाएको देखियो । प्रचार प्रसारका क्रममा सहकर्मी साथीहरुबाट छुवाछुतको व्यवहार अनुभव गर्नु भयो भन्ने प्रश्नमा सबै सदस्यले त्यस्तो व्यवहार नपाएको, समान ढंगले सबैलाई व्यवहार गरेको पाइयो भन्ने जवाफ प्राप्त भयो । प्रचार प्रसारको शैली सामुहिक भएको र सो समूहमा मूलत वडा अध्यक्ष, महिला वडा सदस्य, दलित महिला वडा सदस्य र खुला सदस्य गरी पाँच जनाको संयुक्त भेला, भाषण भएकाले सो बेला जनस्तर र कार्यकर्ताबाट कुनै विभेद गरेको पाइएन ।

यसको मुल के कारण होला भन्दा समाजमा आएको परिवर्तन, कानूनी संरक्षण एवं सामूहिक उपस्थिति नै मूल ठाने । निर्वाचनपछि जनप्रतिनिधि भएकालाई छुवाछुतको व्यवहार गर्नको लागि असहज ठानेर पनि होला छुवाछुतको व्यवहार देखिने गरी भएको अनुभव छैन ।

वडाका अन्य सर्वसाधारणका लागि छुवाछुतको विषय अझै पनि अस्तित्वमा रहेको छ भन्ने पक्षमा करिब सबै सहमत भएको पाइयो । सार्वजनिक स्थल, सार्वजनिक भोज भतेरमा खासै छुवाछुत भएको पाइएको देखिदैन । सार्वजनिक स्थलमा छुवाछुतको व्यवहार नगर्नेले निजको घरमा जादा असहज ठान्ने नजानिदो पाराले छुवाछुतको व्यवहार गर्ने गरेको पाइयो । त्यसै गरी छुवाछुतको व्यवहार त्याग्न पनि नसक्ने पक्षले बिबाह, ब्रतबन्ध लगायतका सामाजिक कार्यमा छिमेकी दलित समुदायलाई नै नबोलाउने गरेको विषय समेत उजागर गरे । कसैका घर जादा पाहुनाका लागि गरिने सामान्य सत्कारका पक्ष स्वरुप पानी, चिया आदिको सोधनी नहुने गरेको सोको कारण जातिय छुवाछुतको पक्ष नै रहेको पाइयो । साथै दलित समुदायले पनि छिमेकीका घरमा जादा सो खालको व्यवहारको अपेक्षा नगर्ने बताए । दलित समुदायका एकादुई स्थानमा अझैपनि पसलमा पैसा तिरी चिया, खाजा खाँदा भाडा माझी दिनुपर्ने गरेको पाइयो । यो विषयमा कस्ता समूहले त्यस्तो कार्य जारी राखेका छन् भनी सोध्दा विशेषत जेष्ठ नागरिकहरुले अझैपनि छुवाछुतको विषयलाई कायम नै राखेको देखियो । कानूनी व्यवस्थाको बेवास्ता गर्दा चली आएको रितिरिवाज भनी छुवाछुतलाई निरन्तरता दिएको सम्झाई बुझाई गर्दा पनि अब मर्ने बेलामा पुरानो संस्कार छोड्न नसक्ने भनी ढिपी गरको पाइयो । छुवाछुत गैर कानुनी कार्य भनी सो सम्बन्धमा सोको विरुद्धमा आवाज संगठित रुपमा नउठेको एकादुई उठाएको आवाज त्यति प्रभावकारी नभएको पाइयो । परम्परा भनी दबै पक्षबाट त्यसको निरन्तरताका पक्षमा व्यवहार भए जस्तो देखियो ।

यसबाट के बुझ्न सकिन्छ भने राज्यले २०२० सालमा नै छुवाछुतलाई गरै कानुनी भने पनि समाजमा त्यसको अस्तित्व रहिरहनु भनेको कानून परिवर्तन मात्र होइन, सामाजिक, व्यक्तिगत व्यवहार, संस्कार, बानी र परिपाटीमा पनि परिवर्तन जरुरी छ । कानुनमा भएका व्यवस्थाहरुको कार्यान्वयन र सोको उल्लंघन गर्नेलाई दण्डको व्यवस्था हुन सके मात्र छुवाछुतको अन्त्य हुन सक्ने देखिन्छ ।

# अध्याय पाँच

# नेतृत्वका चुनौतीहरु

स्थानीय तहका सबै वडाहरुमा कानूनले तोके बमोजिमका जनप्रतिनिधिहरुको छनौट तत्तत् वडाका मतदाताले गरी सकेका छन् । कानून बमोजिम दलित महिला सदस्यका रुपमा समेत दलित समुदायको प्रतिनिधित्व भएको छ । सोही सन्दर्भमा कास्की जिल्लामा निर्वाचित दलित सदस्यहरुको राजनीतिक, आर्थिक, सामाजिक लगायतका पृष्ठभूमि र विद्यमान चुनौतीहरुको अवस्था अध्ययन गरिएको छ । जुन यस प्रकार रहेको देखिन्छ ।


## ५.१. नेतृत्वको चुनौती

निर्वाचित भै सकेपश्चात पूर्व प्रतिबद्धता एवं जनअपेक्षा अनुसार कार्य गर्नु प्रतिनिधिको दायित्व हो । सो कार्यका खट्दा विभिन्न चुनौतीहरुको सामना गर्नु पर्ने हुन्छ । कास्की दलित सदस्यले भोगेका मुख्य मुख्य चुनौतीहरुको यहा विश्लेषण गरिएको छ ।

### ५.१.१. जनताको छनौट र समुदायगत सहयोग

निर्वाचनको प्रतिष्प्रर्धामा आई पुगेपछि आफु निर्वाचित हुनुका आधार के हो भन्ने विषयमा प्रश्न राख्दा ६६ प्रतिशत सदस्यहरुले आफ्नो राजनीतिक दलको प्रभावलाई मुल ठानेको पाइयो । स्थानीय तहमा प्रचार प्रसार गर्दा लगभग सबै वडाहरुमा एकै दलका वडा सदस्य, महिला वडा सदस्य एवं दलित वडा सदस्यहरु सामूहिक रुपमा तत्तत् वडाका सक्रिय कार्यकर्ता सहित मूलत घरदैलो कार्य सामूहिक रुपमा गरेकाले पनि दलको सक्रियताका कारण नै विजय हुन सकेको जवाफ दिनु भयो । दलिय व्यवस्थामा व्यक्तिभन्दा नै दलका घोषणा पत्रमा उल्लेखित नीति, कार्यक्रम, योजना जस्ता विषय महत्वपूर्ण हुन जाने हुँदा दलको महत्व बढी नै रहेको पाइयो । सो साथ साथै व्यक्तिको आफ्नो लोकप्रियताले सुनमा सुगन्ध दिने जस्तै गरी कार्य गर्न सक्ने देखियो ।

प्रतिस्प्रर्धी मध्ये आफु विजयी हुन सक्ने आधार यस प्रकार रहेको उल्लेख गर्नु भएको छ ।




**चित्र ५.१ : विजयी हुनुको आधार**
**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

सो साथसाथै आफ्नो वडाका संगठित कार्यकर्ताको निरन्तर प्रचार प्रसार एवं प्रयासका कारण समेत विजयी हुनुको आधार मान्ने १५ प्रतिशत हुनुहुन्छ । निर्वाचित सदस्यहरु मध्ये ग्रामीण क्षेत्र तर्फका लगभग सबै जसो स्थानीय निर्वाचनदेखि नै मूल रुपमा राजनीतिक क्षेत्रमा आएको पाइयो । त्यस अगाडि सामान्य मतदाताको रुपमा नै रहेको, राजनीतिक विषयमा खासै चासो नराखेको कारण राजनीतिक दलको आफ्नो प्रभाव नै जितको प्रमुख कारण देखियो ।

त्यस्तै शहरी क्षेत्र तर्फ अधिक उमेदवार उमेदवारी दर्ता हुनु पूर्व नै विभिन्न ढंगबाट समाजका विविध क्रियाकलापहरुमा संलग्न भएको कारणबाट आफू पूर्व परिचित भैसकेको, समाजले सकारात्मक ढंगबाट मूल्याङ्कन गरेको भनी विजयी हुनुको कारण दलको प्रभाव वा पकड क्षेत्रका अतिरिक्त आफ्नो लोकप्रियता समेत रहेको १८ प्रतिशत सदस्यले उल्लेख गर्नुभएको छ । कतिपय वडा सदस्यहरुले प्राप्त गरेको मत सोही वडाको विजेता वडा

अध्यक्षको भन्दा बढी हुनुमा निजको लोकप्रियताको कारण हो भनी पुष्टी समेत गर्नु भयो । शहरी क्षेत्रमा दलित महिला सदस्य उठाउने विषयमा एकै दल भित्र पनि इच्छुक बीचको प्रतिस्प्रर्धाबाट सो उमेदवारी दिन पाएकाले अलिक खारिएको, पहिले देखि नै दलमा लागि क्रियाशिल भएको व्यक्तिले टिकट पाएको देखियो । गाउँ तिर भने कानूनी व्यवस्थाले तोके बमोजिम दलित महिलालाई उठाउनु पर्ने हुदा सबै वडामा आफ्ना दलमा क्रियाशिल भएका उमेदवार हुन सक्ने दलित कार्यकर्ता नभएका कारण स्वतन्त्र रुपमा रहेका वा अन्य सामाजिक रुपमा केही सक्रिय रहेका नेतृत्व गर्ने क्षमता भएका दलित महिलाको खोजी गरी कानुनी दायित्व पूरा गर्नका निमित्त नै उमेदवारी दिन बढी प्रेरित गर्न परेको पाइयो । समग्रमा राजनीतिक नेतृत्वको विजयी हुनुको आधार निज आवद्ध भएका दलको एजेण्डा, कार्यकर्ताहरुको खटाइ एवं आफ्नो सामाजिक लगायतका क्षेत्रमा गरेको त्यागको समष्टि रुप भएको बताउनु भयो ।

### ५.१.२. व्यक्तिगत समस्या

सदस्यमा निर्वाचित भैसके पछि थप दायित्व सृजना भएकाले विविध व्यक्तिगत समस्याहरुको सामना गर्नु परेको देखिन्छ । जुन अवस्थाहरु यस प्रकार छ ।

**तालिका ५.१ : व्यक्तिगत समस्या**

| निर्वाचित भएपछिका समस्या | संख्या | प्रतिशत |
|---|---|---|
| घर परिवारलाई समय दिन नसक्नु | २१ | 30 |
| अत्याधिक कार्य बोझ | ११ | 15 |
| आर्थिक व्ययभार | ३७ | 52 |
| पारिवारिक किचलो | २ | 3 |
| जम्मा | ७१ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

निर्वाचित भैसकेपछि व्यक्तिगत रुपमा के कस्ता समस्याको सामना गर्नुपरेको छ भन्ने प्रश्नमा ५२ प्रतिशत सदस्यहरुलाई आर्थिक व्ययभार नै मूल समस्या रहेको पाइन्छ । समाजमा नेताको रुपमा स्थापित भै सके पछि सामाजिक काममा त खट्नु नै पर्ने देखिन्छ । समस्या परेर बोलाउनेले आफ्नो समस्या नै ठुलो ठान्छ । त्यसकारण जति सक्दो छिटो आइ सो समस्याको समाधान खोज्दछ भने प्रतिनिधिलाई सो वडा भरी त्यस्ता अनेकौका समस्या हुने हदा निरन्तर बाहिर हिडी रहनु पर्ने हुदा आर्थिक व्यय निकै रहेको बताउछन् । पैसा सधै खल्तीमा भैरहने त हुदैन । श्रीमानसंग मागेर सधै हिडदा आफैलाई पनि असहज हुने एवं कहिलेकाही बचन पनि सुन्नु पर्ने कटु यर्थाथ बताए । वरपर सापटी समेत मागेर हिडनु पर्ने देखिन्छ । आफ्नो काम समेत गर्न नभ्याएर खेताला मार्फत गराउनु परेको यर्थाथ समेत पाइन्छ ।

घर परिवारको लागि पर्याप्त समय दिन नसकेको मुख्य समस्या ठान्ने ३० प्रतिशत हुनु हुन्छ । कुनै निश्चित तोकिएको समयमा मात्र काम नपर्ने हुदा विहान बेलुका लगायतका समयमा पनि बोलावट हुने हुदा खाना बनाउने, बालबच्चाको सरसफाइ, शिक्षा जस्ता विषयमा उचित समय दिन नसकेको पाइन्छ । १५ प्रतिशत सदस्यले कामको अत्याधिक बोझ रहेको बताउनु हुन्छ । कामको बोझका दृष्टिकोणबाट हेर्दा के कस्तो काममा खट्नुभएको छ भन्दा उहाहरुले मूलतः विकास निर्माणभन्दा अन्य सामाजिक पक्षका विषयमा खट्नुपर्ने बताउनु भयो । वडाका विभिन्न व्यक्तिगत समस्या जस्तै घरझगडा, अंशवण्डा, सांध कुला, कुटपिट, सम्वन्ध विच्छेद जस्ता पक्षमा बढी हिड्नुपर्ने, त्यस्तै गरी वडामा हुने विभिन्न संघ संस्थाका कार्यक्रममा सामेल हुने, विकास निर्माणमा समितिमा रहने आदि कारणले समय अभाव देखियो ।

महिलाका लैङ्गिक दृष्टिकोणले गर्ने कार्यका अतिरिक्त विविध घरायसी, कृषि कामले गर्दा कामको भार र समयको चाप परेको छ । ग्रामीण क्षेत्रका सदस्यका घरमा केही न केही संख्यामा गाई भैंसी वा बाखा रहेको कारण समय दिनुपर्ने, जनताले जुनसुकै बेलापनि बोलाउने नजादा निर्वाचित गराएको के काम भयो सहयोग नगर्ने भनी गुनासो गर्न हुँदा तुरुन्त त्यस्ता ठाउँमा जादा समय नपुग भएको पाइयो । अझ त्यसका अतिरिक्त वडा पनि पहिलेको गाउँ विकास समिति बराबर भएकाले समयको अतिरिक्त धेरैलाई बसमा आउजाउ गर्ने, चिया, खाजा जस्ता आधारभुत विषयमा हुने खर्चले आर्थिक व्ययभार बनाएको पाइयो ।

आफुले गर्ने कार्यमा समूदायबाट सहयोग प्राप्त भएको र आफुले पुरा समय समुदायलाई दिएको पक्ष पनि उजागर भयो । बिहान, बेलुका वा राती, साँझ भन्न नपाइने बरु कर्मचारीलाई दश पाँचको समय सीमा छ हामीलाई त्यस्तो केही भएन भन्ने कुराहरु आए ।

### ५.१.३. अनुभव

निर्वाचन सम्पन्न भईसकेर आफु निर्वाचित हुदा महशुस गरेको अनुभूति यस प्रकार छ ।

**तालिका ५.२ : निर्वाचितको अनुभुति**

| अनुभव | संख्या | प्रतिशत |
|---|---|---|
| जिम्मेवार बोध | 47 | 66 |
| कार्य बोझ | 11 | 15 |
| उत्साह | 13 | 18 |
| जम्मा | 71 | 100 |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

निर्वाचित भैसकेपछि के कस्तो अनुभव गर्नु भएको छ भन्ने विषयमा आफुले जिम्मेवारी आएको महशुस गरेको कुरा उल्लेख गर्नु भएको पाइयो । जनताले आफुलाई आफ्नो प्रतिनिधि बनाएकाले उनीहरुको हितको जिम्मा आफुमा आएको महशुस गरेको पाइन्छ । मूलतः यसबाट जनसेवामा खटन पाइने जनताको अपेक्षा अनुसार कार्य गर्न प्रयत्नशिल रहेको रात साँझ नभनी काम प्रति नै चासो र सोच आउने गरेकाले ६६ प्रतिशत नेतृत्वले कार्य जिम्मेवारी बढेको महशुस भएको पाइयो । पहिले राजनीतिमा कम चासो हुने सदस्यहरुलाई समेत अहिले जनसेवामा रस बसेको एवं आफ्नो भूमिकालाई सफल बनाउनका लागि निरन्तर कार्य बोधको भावना आइरहने अनुभव समेत रहेको देखिन्छ । १८ प्रतिशत सदस्यले उत्साह र उमंगको दृष्टिकोण एवं सेवाभावको अवसरको रुपले लिएको पाइयो । कानुनी प्रावधानका कारण र स्थानीय नेतृत्वको प्रोत्साहनका कारण राजनीतिमा आउने महिलाले आफुले पहिले सोचेभन्दा निकै फरकपन महशुस गरेको

पाइयो । पहिले भन्दा वडामा रहेका सानातिना काममा सहयोग गर्ने हो भनिएकोमा अहिले निकै काम पर्ने हुदा पन्ध्र प्रतिशत सदस्यले कार्य बोझको पाटो पनि देखियो । त्यसो हुँदा हुँदै पनि अब पाँच वर्ष जिम्मेवारी पुरा गर्ने गरी लाग्ने नै बताए ।

## ५.१.४. कार्य मुल्यांकन

जनताले निर्वाचित गरेपछि गरेका कामका आधारमा गरिएको मुल्यांकन यस प्रकार रहेको छ ।

**तालिका ५.३ : कार्य मुल्यांकन**

| जनताको मुल्यांकन | संख्या | प्रतिशत |
|---|---|---|
| ठिकै काम गरेको | 34 | 48 |
| राम्रो काम गरेका | 5 | 7 |
| अपजस पाइयो | 32 | 45 |
| जम्मा | 71 | 100 |


**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

जनताका माझ आफुले गरेका प्रतिवद्धताको विषयमा के कस्तो अवधारणा वा मूल्याङ्कन रहेको छ भन्ने विषय खोजी गर्दा आफ्नो प्रयास भइरहे पनि जनताले तत्कालै अनुभूति गर्ने गरी परिवर्तन र विकास गर्न नसकिएको कारणबाट ४८ प्रतिशतले ठिकै स्तरमा कार्य गरेको भनी मूल्याङ्कन गरेको पाइयो । त्यस्तै ४५ प्रतिशत मुल्यांकनकर्ताले खास काम गर्न नसकेको जिताएकोमा कुनै काम नभएको भनी अपजस दिएको देखिन्छ । एकल प्रयासले मात्र परिणाम नआउने अनुभूति गरे । देशले स्वाभाविक गति लिइ नसकेको कानुन निर्माण भैनसकेकोले आफ्नो प्रयासले सार्थकता नपाएको भनिन्छ । अन्य जन प्रतिनिधिभन्दा वडास्तरका जनप्रतिनिधिहरु जनताको ढोकामा नै रहने र निरन्तर भेटघाट भैरहने हुँदाका कारणले बारम्बार धेरै गुनासो सुन्न परेको देखिन्छ ।

अहिलेसम्मको काम, जिम्मेवारी र प्रयासबाट स्वयमलाई कसरी मुल्यांकन गर्नु भएको छ भनी प्रश्न राख्दा निकै कम मात्र सन्तुष्टी भएको लगभग सबै जसो आफुले ठिकै/सामान्य खालको कार्य गर्न सकेको पाइयो पुर्ण असन्तुष्ट कोही पनि पाइएन । अपेक्षाकृत स्थानीय सरकार भएपछि उल्लेखनीय रुपमा कार्य गर्न सक्ने बजेट पारी विकास निर्माण गर्न सक्ने ठानेकोमा अधिकारका दृष्टिकोणमा गाउँ, नगरपालिका नै अधिकार सम्पन्न रहेको वडास्तरमा खासै अधिकार प्राप्तीको अवस्था नहुँदा सोचे अनुसारको कार्य गर्न नसकेको विचार व्यक्त भए । कार्यानुभवको कमी एवं नीति नियम कानुन पनि तदर्थमा चलेकोले अन्यौल सृजना भई कठिनाई महशुस गरेको पाइयो । त्यसमा पनि वडा सदस्यहरुको भूमिका प्रष्ट हुन नसकेकोले पनि आफु पूर्ण सन्तुष्ट हुन नसकेको महशुस गरे ।

## ५.१.५.चुनावी प्रतिबद्धता

दलगत एवं स्वतन्त्र उमेदवारहरुका वीच भएको चुनावी प्रतिष्प्रर्धामा मतदाताहरुलाई आर्कषणका लागि गरिएका चुनावी प्रतिबद्धता यस प्रकार छ ।




**चित्र ५.२ : निर्वाचनका प्रतिबद्धता**
**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

निर्वाचनका क्रममा जनताका सामु गरिएका प्रतिबद्धताको विषयमा प्रश्न गर्दा लगभग सबै जनाले पूर्वाधारको विकास र आर्थिक विकासका पाटालाई नै मुल एजेण्डा

बनाएको विषय प्रष्ट पारे । ७६ प्रतिशत सदस्यले पूर्वाधार विकासलाई जोड दिदा ७ प्रतिशत सदस्यले मुल एजेन्डा सामाजिक पक्षलाई लिदा विकासका एजेण्डाले छायामा पारेको देखियो । विविध सामाजिक समस्या रहे तापनि मूलत समग्र विकास, महिलालाई अझ सशक्त बनाउने, जातिय विभेदलाई हटाउने पक्ष केही मात्रामा उठेको पाइयो । महिला र दलित महिला नै वडा स्तरको समितिमा प्रतिनिधित्व हुने हुँदा अवश्य पनि आफ्नो पक्षमा आवाज र निर्णय हुने विश्वास गर्न सकिन्छ । प्रचार प्रसारको शैली सामूहिक भएकोले पनि पृथक पृथक तवरबाट एजेण्डा नउठाएको बताए । समग्र देश नै गरिबीको चक्रमा परेको शहरको अनुपातमा ग्रामीण गरिबी अझै बिकराल भएको हुँदा सबैलाई नै बाटो घाटो, पानीको पहुँच सहज हुनु परेको छ । महिला वा दलितको मूल विषय पनि त्यस्तै पूर्वाधार विकासमा भएकाले सबैको निर्वाचन ताकाको प्रतिवद्धता भनेको पूर्वाधार विकास सहित समग्र विकास नै रहेको पाइयो । समाजमा विद्यमान जातिय छुवाछुतको विषयका सम्बन्धमा दलित वर्गलाई सचेतना बढाई आफ्नो अधिकार प्राप्तीका निमित्त सबल बनाउने र गैर दलितलाई छुवाछुत जस्तो अमानवीय विषय गैर कानुनी भएको पक्ष बुझाउदै कानुन, नियमको साथ लिई समाजको त्यस्तो कुरीति हटाई आपसमा समभावको विकासमा लाग्ने प्रयासमा रहेको बताए । कानुन पर्याप्त मात्र भएर नहुने त्यसलाई व्यवहारमा पनि उतार्न सके मात्र प्रतिफल प्राप्त गर्न सकिने बताइयो । चलि आएको प्रथा भनी दुवै पक्षबाट तत्काल परिवर्तनका लागि अधिकतम प्रयास भने नगरेको अनुमान गरियो ।

## ५.१.६. महिला लक्षित कार्य

गाँउ तथा नगरपालिकामा हुने महिला लक्षित कार्यक्रम निम्नानुसार देखिन्छ ।

**तालिका ५.४ : महिला लक्षित कार्यक्रम**

| लक्षित कार्यक्रम | संख्या | प्रतिशत |
|---|---|---|
| महिला हिंसा घटाउने कार्यक्रम | 22 | 31 |
| महिला सशक्तिकरण कार्यक्रम | 12 | 17 |
| रोजगारीमुलक कार्यक्रम | 30 | 42 |
| दलित उत्थान कार्यक्रम | 7 | 10 |
| जम्मा | 71 | 100 |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

महिला लक्षित कार्यहरुको विषयमा हेर्दा सदस्यहरुले मुलत महिला प्रति हुने घरेलु हिँसा आपसी झै झगडा, महिलालाई सशक्तिकरण गर्ने पक्ष एवं महिला सचेतनाका कार्यक्रम एंवं सिप विकास र अभिवृद्धि गर्ने कार्यमा लागेको बताए । वार्षिक योजना माग गर्ने गाउँपालिकासंग र सो को कार्यान्वयन नै मूल कार्य भएको हुँदा महिला लक्षित नै भनी खासै उल्लेख्य कार्य गर्न नसकेको बताए । यस विषयमा दलित महिला नभनी समग्र महिलाका पक्ष नै बढी रहे ।

## ५.१.७. महिलाका समस्या

महिलाका खास के कस्ता विषयमा बढी बोलावट हुँदो रहेछ भन्ने प्रश्नमा मूल रुपमा घर झगडा, सासु ससुराले राम्रो व्यवहार नगरेको, खान लाउन राम्रोसँग नदिएको, श्रीमानले कुट पिट गरेको, अंशवण्डा, अर्को श्रीमती ल्याएको, वैदेशिक रोजगारका कारणले श्रीमान फर्किएपछि सम्पत्ति हिनामिना गरेको विषयको विवाद, सम्वन्ध विच्छेदका विषय, वडा क्षेत्रमा बलात्कार, यौन दुर्व्यवहार आदि विषयमा महिलाको पक्षबाट बोलावट हुने गरेको पाइयो । यस मध्येमा धेरैभन्दा धेरै जानुपर्ने विषय घरेलु झै झगडा र श्रीमान श्रीमतीको झगडा नै हो । दलित महिलाको भनेर उल्लेख गर्नु पर्ने छुट्टै मुद्धाहरु नआएको देखियो । पितृसत्तात्मक समाज, महिलामा शिक्षा र सचेतनाको कमी, अभावको जिन्दगीका कारण सानातिना विषयमा पनि हिंसा गर्ने एवं बेमेल सृजना गर्ने परिपाटी देखियो । ग्रामीण क्षेत्रमा श्रीमानले रक्सी खाई बढी झैझगडा गर्ने गरेको पाइयो ।

महिलाका मुख्य माग र गुनासाका पक्षबाट हेर्दा विशेषतः घरेलु हिँसा वा झैझगडाबाट मुक्त हुनु, आवश्यक रोजगारी वा सीप विकासका पक्षमा जोड दिएको पाइयो । महिलाका विषयमा आफ्नो दैनिक काम कारवाहीमा पनि सुविधा होस भन्ने देखियो । जस अनुसार एक घर एक धारा लगायतका पानीका विषय, सहज आवत जावतका लागि बाटोका विषय उठान गरेको देखियो ।

### ५.१.८. निर्णय प्रक्रिया

वडास्तरीय बैठकहरुमा सदस्यहरु सहभागी हुने र त्यसको निर्णय प्रक्रियाका सम्बन्धमा हुने गरेको अभ्यास यस प्रकार रहेको पाइन्छ ।

**तालिका ५.५ : निर्णय प्रक्रिया**

| भुमिका | संख्या | प्रतिशत |
|---|---|---|
| अध्यक्षता गर्नेको निर्णायक भुमिका | 7 | 10 |
| छलफल गरी सहमतिमा पुग्ने कार्य | 64 | 90 |
| जम्मा | 71 | 100 |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

वडा स्तरीय बैठकका सम्वन्धमा सामान्यतया गाँउ वा नगर सभाको निर्णय अनुसार गाउँ वा नगरका वडामा मासिक दुई वा तीन पटक बैठक बस्ने गरेको पाइयो । तोकेको संख्यामा मात्र बैठक बस्दा छलफल गर्न पर्ने वा समस्या समाधान गर्नुपर्ने विषयको लागि समय अपर्याप्त हुने हुँदा सो भन्दा बढी संख्यामा बैठक बस्ने गरेको पाइयो । गाउ वा नगर सभबाट तोकिएको संख्यामा नियमित बैठक बस्दा नियमले तोके अनुसारको बैठक भत्ता समेत प्राप्त गरेको पाइयो तर त्यसरी बढी पटक बैठक बस्दा थप कुनै थप भत्ता भने पाउने नगरेको देखिन्छ । बैठकमा उठान भएका विषयका सन्दर्भमा नब्बे प्रतिशत सदस्यका अनुसार सबै सदस्य सहित वडाध्यक्षबाट छलफल गरि निर्णयमा पुग्ने गरेको प्रजातान्त्रिक परिपाटी पाइयो । सबैले सो विषयमा धारणा राखेर त्यसमा छलफल पश्चात निर्णय गरेको हुँदा त्यसको कार्यान्वयनमा पनि सबैबाट सहयोग हुने सौहार्दपूर्ण वातावरण देखियो । छलफलका विषयका रुपमा गाउँसभावाट पारित भएका योजनाहरुको इष्टिमेट गर्ने, सो पास गर्नु उपभोक्ता समितिको गठन गर्ने योजना सम्झौता गर्ने लगायतका योजनाका कार्य र गाउँ घर टोल आदिमा भएका विभिन्न विषयका सर्न्दभमा पनि आवश्यक निकासका लागि छलफल र वैठक हुने गरेको देखिन्छ । केही सदस्यका अनुसार कुनै वडामा वडाध्यक्षको निर्णय कार्यका हुने व्यवहारमा असन्तुष्टी रहेको पाइन्छ । कारण के होला भनी बुझ्दा अरुलाई कम महत्वको ठान्ने र पदिय अहमता रहेको बताउनु भयो ।

## ५.१.९. कार्य कठिनाई

जनप्रतिनिधिहरुलाई निम्नानुसारका अवस्थाले काम गर्नमा कठिनाई भएको पाइन्छ।

**तालिका ५.६ : जनप्रतिनिधिका कठिनाई**

| वाधा अवरोध | संख्या | प्रतिशत |
|---|---|---|
| पारिवारिक दायित्व | 7 | 10 |
| कमजोर शैक्षिक स्थिति | 9 | 12 |
| कार्यानुभवको कमी | 14 | 20 |
| अप्रष्ट कार्यजिम्मेवारी | 41 | 58 |
| जम्मा | 71 | 100 |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

जनप्रतिनिधिको मूख्य भूमिका भनेको जनताको सेवा गर्ने नै भएको हुँदा त्यसरी सेवामा खट्दा के कस्तो असहजता व्यहोर्नु भएको छ भन्ने विषयमा सदस्यहरु मध्येबाट करिब पन्चान्नब्बे प्रतिशतले मुख्य रुपमा आफ्नो कार्यका विषयमा अप्रष्ट वा द्धिविधामा परेको बताए। ऐन नियममा वा विगतका अभ्यासमा भए गरेका कुरा गर्नुपर्ने के हो अप्रष्ट देखिए। स्थानीय निर्वाचन भए पश्चात प्रदेश तथा प्रतिनिधि सभाको निर्वाचनमा मूलुक लागेको हुदा स्थानीय स्तरमा आवश्यक ऐन, नियम, निर्देशिका आदि निर्माण नभएको पाइयो। विगतको एकात्मक सरकार भएको र हालको संरचना संघीय भएको हुँदा के कसरी काम गर्ने अन्यौल भएको पाइयो। तालुक मन्त्रालयले स्थानीय सेवा संचालन ऐन पठाएको भएपनि कार्यान्वयनमा सहजता भन्दा तत्कालिन तरल अवस्थालाई केही सहज बनाउने वुटी मात्र थियो। त्यसकारण निर्वाचित सदस्यहरु नयाँ नै भएको एवं कतिपय सदस्य त राजनीतिको विषय निर्वाचित भैसकेपछि मात्र केही थाहा भएका हुँदा कार्यानुभवको कमी अथवा आफ्नो कामको भूमिका प्रष्ट नहुनु नै मुल रुपमा असहज भएको देखियो। कतिपय अवस्थामा विभिन्न कार्यक्रममा बोल्नु पर्ने, आफ्ना धारणाहरु राख्नु पर्ने विषय पर्दा नेतृत्व क्षमतामा कमी, भाषण कलामा कमी, ज्ञानको कमी, शिक्षाको कमी जस्ता विषयले काममा खटाई भए अनुसार आफुलाई सहज नभएको अनुभूति गरेको पाइयो। काममा खट्नको

लागि घरका आफ्ना दैनिक कार्य पारिवारिक जिम्मेवारीका अतिरिक्त समय व्यवस्थापनमा कठिनाई देखियो । वडा एवं गाउँ/नगरपालिकामा जाँदा लाग्ने आर्थिक पक्षले पनि केही अप्ठेरो बनाएको पाइयो । आफ्नै व्यवसाय वा आम्दानी हुन श्रोत नभएकोले मूलतः श्रीमानको रोजगारीबाट प्राप्त धनलाई समाजका लागि प्रयोग गर्नुपर्दा निकै असहजता महशुस भयो । त्यसो त आर्थिक रुपमा सवल वा धनाढ्य सदस्य रहेको पाइएन । निर्वाहमुखी कृषि अर्थात समाजको रिति अनुसार करेसावारी र वरपर खेती गर्न, दुध खानका लागि पशुपालन गरेकोले आयश्रोतको दृष्टिभन्दा घरमा काम गर्ने अवस्था सृजनाका लागि भएकोले आयको श्रोत कमजोर थियो । पहिले सिलाई तथा सानोतिनो व्यापार भएका सदस्यहरु सो आफ्नो नियमित आयको बाटो कमजोर भएको वा बन्द भएकाले थप अप्ठेरो परेको पाइयो । कतिपय अवस्थामा बाहिर हिड्दा श्रीमानसंग पैसा मागी हिड्नुपर्दा निकै अप्ठ्यारो लाग्ने गरेकोसम्म बताए गाउँमा भुगोलको क्षेत्र ठूलो, नियमित रुपमा सार्वजनिक सवारी साधन नचल्ने कारण पनि समयमा पुग्न कठीनाई हुने साथै बढी समय हिड्नका लागि खर्चनु पर्ने देखियो । कतिपय शहरी इलाकामा सदस्यसंग आफ्नो नीजि सवारी साधन नभएकाले पनि सेवामा असहजता भएको पाइयो ।

### ५.१.१०. कार्य सहजिकरण

पदिय जिम्मेवारी अनुसार कार्य गर्नका लागि सहज बनाउने उपायका बारेमा दलित सदस्यहरुको धारणा यस प्रकार रहेको छ ।

**तालिका ५.७ : कार्य सहजताका उपाय**

| उपायहरु | संख्या | प्रतिशत |
|---|---|---|
| कानुनी सचेतना तालिम | 12 | 17 |
| नेतृत्व विकास तालिम | 17 | 24 |
| महिला हक अधिकारका तालिम | 6 | 8 |
| बोल्ने कला सम्बन्धी तालिम | 36 | 51 |
| जम्मा | 71 | 100 |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

जन सेवामा खट्नका लागि गाउँ/नगरपालिका वा सरकारी निकायबाट के गर्दा उपयुक्त हुने ठान्नुहुन्छ भन्ने प्रश्नमा गाउँपालिका तर्फका करिब शतप्रतिशत सदस्यहरुले र समग्रमा ५१ प्रतिशत उत्तरदाताहरुले बोल्ने क्षमता बृद्धि गर्न तालिम कार्यक्रम राख्नुपर्ने बताए । समूहमा उठेर बोल्दा वा आफ्ना भनाई विषयवस्तुको बारेमा कुरा राख्न खोज्दा मनमा धेरै भनुभनु लागे पनि शब्दमा नआउने हुँदा सो खालको अप्ठेरो हटाउन कम्तीमा सात दिने तालिम कार्यक्रम राख्नुपर्ने बताए । विभिन्न समारोहमा जाँदा पनि कहिले काही अतिथिको रुपमा बोल्नुपर्ने, घरयासी विभिन्न झैझगडा, विवादको विषयमा जाँदा पनि आफ्नो राय राख्नुपर्ने जस्ता पक्षले गर्दा मिठासपुर्वक, सहज ढँगले आफ्ना भनाई राख्नका लागि बोल्ने कलाको विकास सम्बन्धी तालिम खोजेको अनुभुत पाइन्छ ।

करिब एक चौथाई सदस्यहरुले नेतृत्व विकासको तालिम राख्नु पर्ने माग गर्नु भयो । राजनीतिक विषयमा पनि कम जानकार भएको, नेतृत्वमा हुनु पर्ने सकारात्मक गुणहरु के के हुन, समाजले के अपेक्षा गरेको छ, सो कसरी तोकिएको समयमा पुरा गर्ने, जनताको आक्रोशलाई कसरी सम्बोधन गर्ने जस्ता व्यवहारिक पाटोको ज्ञानका लागि नेतृत्व विकासको तालिम माग भएको यर्थाथ रहेको छ । त्यसो त सबै जना राजनीति गरी एवं समाज सेवा गरी खारिएर माझिएर नआएका हुदा नेतृत्व विकास सम्बन्धी तालिम दिदा नै काम र त्यसबाट आउने परिणाममा बढोत्तरी हुन जाने देखिन्छ ।

त्यसैगरी सत्र प्रतिशत सदस्यहरुले उठाएका अर्को महत्वपूर्ण विषय कानुनी सचेतना तालिम रहेको छ । जनताको सेवा गर्ने तर कुन कानुनले निर्देशित छ । जसमा गाउँ/ नगरपालिकाले कति अधिकार प्रयोग गर्दछ । वडामा वडाध्यक्षको काम के कसरी कार्य सञ्चालन गर्ने, वडा सदस्य, महिला वडा सदस्य र दलित वडा सदस्यहरुको काम के के हुने के कसरी गर्नु पर्ने जस्ता पक्ष जटिल भएको पाइयो । त्यसमा पनि दलित महिला सदस्यहरुको शैक्षिक स्थिति निकै कम मात्र भएकाले कानूनको स्वयम अध्ययन पनि कठिनाईपूर्ण छ । त्यसकारण सदस्यहरुको माग आफ्नो संस्था, आफ्नो वडा र आफ्नो भुमिका के हुने भन्ने विषय निर्वाचित भए लगतै तालिम राखी दिनपर्ने माग थियो । त्यसो त अहिले करिब दश महिना पश्चातसम्म पनि के हो काम गर्नु पर्ने अन्यौल नै छ । प्रष्ट लिखित रुपमा प्राप्त नपाएको देखिन्छ । जनताको सेवा भन्नाले जुनसुकै विषयमा पनि जहाँ पनि जहिले पनि बोलाउँदा जाने र उपस्थिति जनाउने नै हो सो प्रष्ट भएन । त्यसकारण

पूर्ण कार्य सम्पादनका लागि कानूनी व्यवस्थाका बारेमा सम्वन्धित क्षेत्रका विज्ञ सहितको प्रभावकारी कानुनी सचेतना सम्वन्धी तालिमको खाँचो परेको महशुस भएको छ । त्यसैगरी समाजमा विद्यमान जातिय छुवाछुत एवं महिला हिंसा विरुद्धका सम्बन्धित ऐन, नियम, कानुनका पक्षमा जानकारी गराउनुपर्ने भनी आठ प्रतिशत सदस्यले आफ्नो भनाइ राखे । सो कार्य पुरा गर्ने दायित्व गाउँ/नगरपालिकाले लिनुपर्ने देखिन्छ ।

त्यसो त माथिका जवाफ पहिलो प्राथमिकता के मा दिने भन्ने विषयमा भएकोले भिन्न समुह छनौट गर्नु भएको हो । वास्तममा धेरै सदस्यको माग भनेको प्राथमिकताको आधारबाट हेर्दा बोल्ने क्षमताको विकास गर्ने, नेतृत्व क्षमता विकास र आफुलाई आवश्यक पर्ने कानुनको ज्ञान प्राप्ति नै मुख्य देखिन्छ । अन्य कुनै विषय छन कि भन्ने प्रश्नमा सदस्यहरुले गाउँ/नगरपालिका एवं वडा स्तरमा खटिने कर्मचारी नै पुरा नआएको के के काम कसरी गर्ने अप्रष्ट रहेको, काम गर्ने शैली आलेटाले प्रकृतिको रहेको, काममा चुस्तता र शिघ्रता नदेखिएको, सुविधामा बढी ध्यान दिएको, अधिकार प्रत्यायोजन नभएका जस्ता विषय उठेको पाइन्छ । जनताबाट निर्वाचित पांच वर्षका लागि भएपनि जनताले सबै आफ्ना अपेक्षा यथाशिघ्र अहिले नै गरिदिए हुने थियो भन्ने ठान्दछन् । जसका कारण अहिलेसम्म केही गर्न नसकेको, जिताएर कामै नभएको जस्ता गुनासा समेत गरेको संख्या प्रतिशत पाइयो ।

## ५.१.११. व्यक्तिगत परिवर्तन

निर्वाचित हुदाको अवस्थामा के कस्ता परिवर्तन भएको महशुस गर्नु भयो त भन्ने जिज्ञासामा सदस्यहरुको परिवर्तनका अवस्था तपसिल बमोजिम छ ।

**तालिका ५.८ : व्यक्तिगत परिवर्तन**

| व्यवहार | संख्या | प्रतिशत |
|---|---|---|
| बोलीचालीमा | 61 | 86 |
| कपडा लवाईमा | 8 | 11 |
| खुवाई पियाईमा | 2 | 3 |
| **जम्मा** | **71** | **100** |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७४**

निर्वाचित भएपछि आफुमा मुल रुपमा के परिवर्तन भएको महशुस गर्नु भएको छ भनी सोध्दा छयासी प्रतिशत सदस्यले आफ्नो बोलीचालीमा परिवर्तन भएको बताएका छन् । घर परिवारमा जे जसरी बोलिन्छ त्यसरी समाजमा, बैठकहरुमा वा कुनै औपचारिक कार्यमा त्यसरी बोलेको पाइदैन । आफु भन्दा जेष्ठ सदस्य, जान्ने बुझ्ने व्यक्ति वा अग्रज नेतृत्वले बोले गरेको व्यवहार अनुकरण गर्न उपयुक्त भएको ठानी सोही अनुसार आफुमा सबैभन्दा पहिले बोलीचालीमा परिवर्तन भएको अनुभव व्यक्त भयो । कतै कार्यक्रम वा बैठकमा जादा सहकर्मीको संगत एवं सुझावका कारण एघार प्रतिशत नेतृत्वले आफुमा कपडा लवाईमा समेत परिवर्तन भएको देखिन्छ । हिड्दा लवाईमा पनि विशेष ध्यान दिनुपर्ने, हाम्रो प्रतिनिधि हो भन्दा पनि गर्व गर्ने अनुसार देखिनु पर्ने आदि कारणले गर्दा व्यक्तिगत परिवर्तन महशुस गरियो । खानपिनका सन्र्दभमा पनि पहिला जस्तो सहज ढंगले जहासुकै र जे जस्तो पनि खानका लागि असहज भै सोमा परिर्वतन भएको पाइन्छ ।

# अध्याय छ

# सारांश, निष्कर्ष र सुझावहरु

स्थानीय तहको निर्वाचनका सर्न्दभमा दलित महिला सदस्यको नेतृत्व विकास र चुनौती विषयक यस अध्ययनमा कास्की जिल्लाका पाँच वटा स्थानीय तहका इकाइका कूल बहत्तर वडाबाट निर्वाचित दलित वडा सदस्यहरुसंग गरिएको प्रत्यक्ष अर्न्तवार्ताबाट दलित महिलाको पारिवारिक, शैक्षिक, आर्थिक, सामाजिक, राजनीतिक पृष्ठभूमि सहित नेतृत्व विकासका आधार र चुनौतीहरुका सर्न्दभमा अध्ययनबाट देखिएको सारांश, निष्कर्ष र सुझावहरुलाई निम्नानुसारका उपशिर्षकहरुमा यहाँ प्रस्तुत गरिएको छ ।

## ६.१ सारांश

स्थानीय तह निर्वाचन भए पश्चात हरेका वडामा दलित महिला वडा सदस्यको रुपमा निर्वाचित भई रहेका छन् । सोही सन्दर्भमा दलित महिलाको नेतृत्व विकास र चुनौतीहरु शीर्षकमा अध्ययन गरिएको छ । निर्वाचित भएको करिब दश महिना भै सकेको छ । नयाँ राज्य संचालन व्यवस्था सहित समावेशीकरणको नयाँ प्रयोगको रुपमा यो रहेको छ । मुल प्रवाहबाट टाढा रहेका समुदायको प्रतिनिधित्व गराउदा समाजले र स्वयम सो समुदायका नेतृत्वले के कस्तो अनुभव गरेका छन र के कस्तो असहजताको सामना गर्नु परेको छ भनी अध्ययन केन्द्रित रहेको छ ।

पहिलो उद्धेश्यमा दलित महिलाको आर्थिक, सामाजिक, राजनीतिक, पारिवारिक, शैक्षिक लगायतका पृष्ठभूमिको अध्ययन र दोस्रो उद्धेश्यमा नेतृत्वको चुनौतीहरुको खोजि गर्ने गरी अध्ययन गरिएको छ । शैक्षिक उपाधीका लागि गरिएको यस अध्ययन दलित महिलाको राजनीतिमा प्रवेशको विषय सशक्तिकरणको तवरले पनि महत्वपूर्ण भएकाले यस विषयमा चासो राख्ने सबैका लागि उपयोगी हुने देखिन्छ । यस सिलसिलामा कास्कीका सबै वडाका दलित महिला सदस्यहरुसंग प्रत्यक्ष परोक्ष भेटघाट गरी प्रश्नावलीका माध्यमबाट प्राथमिक सूचना संकलन गरिएको छ । द्धितीय सुचनाका लागि प्रकाशित तथा अप्रकाशित

पाठ्यसामाग्रीहरुको सहायता लिइएको छ । त्यस्ता सुचनाहरुलाई सामान्य गणितीय सुत्रका माध्यमबाट तुलनायोग्य बनाई व्याख्या र विश्लेषण गरिएको छ ।

यसमा शहर र गाँउ, कम शिक्षित र बढी शिक्षित, सामाजिक कार्यमा सक्रिय र निश्क्रिय बीचका फरक फरक अनुभूति व्यक्त गर्नु भयो । समाज परिवर्तनशिल छ । त्यसले ल्याउने स्वाभाविक परिवर्तनले मात्र नपुगेको हुदा अहिले समाजमा फड्को मार्ने गरि परिवर्तनको अनुभूति दिने प्रयास भएको सदस्यहरुले बताए । मतदाता र स्वयम जनप्रतिनिधि आफना अपेक्षा र चुनावी आश्वासनका सन्दर्भमा अहिले गरेका कार्यबाट सन्तुष्ट देखिदैनन् । यस अध्ययनबाट सुधारका पक्षहरु समेटेर नेतृत्वको थप विकास गरी प्रष्ट कानूनी व्यवस्था गरी आगामी दिनमा अपेक्षित उपलब्धी र सन्तुष्टी प्राप्त हुन सक्ने विश्वास लिन सकिन्छ ।

## ६.२ निष्कर्ष

समावेशी लोकतन्त्रको सिद्धान्त अनुसार स्थानीय तहका हरेक वडाबाट दलित महिलाको नेतृत्व स्वीकार गरेको छ । यो विषय पहिलो पटक स्थापित भएकाले नौलो शिर्षक हुने हुदा सोही पक्षलाई अध्ययनको पाटो बनाइएको हो । यस शोध ग्रन्थको दुई उद्धेश्यमा दलित महिलाको नेतृत्वमा आउदाको पृष्ठभूमि र जनप्रतिनिधि बनेपछिका चुनौतीहरुका सन्दर्भमा भएको अध्ययन गरिएको छ ।

दलित सदस्यहरुको पारिवारिक, शैक्षिक, राजनीतिक, आर्थिक अवस्थाको अध्ययन गर्दा मूलत शैक्षिक दृष्टिकोणले एस.एल.सी. उतीर्ण नगरेका सदस्यहरुको बाहुल्यता देखिन्छ । सामाजिक पक्षबाट हेर्दा सामाजिक क्रियाकलापमा सक्रिय भई कार्य गरेका कम रहेका र छुवाछुतको व्यवहारबाट पिडित छन् । राजनीतिमा स्थानीय निर्वाचनका समयबाट मात्र लागेका अधिक सदस्य छन् । आर्थिक रुपमा सबै जसो कमजोर अवस्थाका छन् । यसरी नेतृत्वको पृष्ठभूमिले समाजमा राजनीतिक नेतृत्वका लागि कठिन अवस्था देखिन्छ । कानुनी तवरबाट सबै समान भएपनि समाजका अझै पनि दलित वर्ग कमजोर नै भएकाले सवल नेतृत्वका लागि सबैको सकारात्मक सहयोगको खाँचो छ ।

निर्वाचित भएपछि पनि पारिवारिक दायित्व नघटेको, आर्थिक व्ययभार बढेको, कानूनी ज्ञानको कमी, समुहमा बोल्नका लागि असहज ठान्ने प्रवृति, कार्य बोझ, समुदायबाट अपेक्षित सहयोगको कमी, चुनावी प्रतिवद्धता अनुरुपको कार्य प्रारम्भ हुन नसकेको, वडास्तरमा आवश्यक बजेट उपलब्ध हुन नसकेको, दलित, महिला, अपांग लक्षित कार्यक्रम सोही वर्गका लागि खर्च नभइ पूर्वाधारमा लगाएको आदि कारणबाट दलित महिला सदस्यलाई कार्य गर्न चुनौतीको सामना गर्नु परेको देखिन्छ । पहिलो पटक त्यसरी नेतृत्वमा पुगेका दलित महिलाका लागि सरकार पक्षबाट, गाँउ नगरपालिका एवं सरोकारवाला सबै पक्षबाट सहयोग गरी सबल नेतृत्व निर्माण गर्ने र मुल प्रवाहिकरण हुने सक्छ । समाजका पुराना मुल्य मान्यतामा परिवर्तन र परिष्कार हुदै आएको, समाजलाई नेतृत्व दिनका लागि दलित महिलामा उत्साह कायमै रहेको, समावेशी लोकतन्त्रको व्यवहारिक अभ्यास हुने क्रमको शुरुवात मात्र भएकाले आगामी दिनमा दलित महिलाको नेतृत्व सबल हुदै जाने पूर्ण विश्वास गरेको छु ।

## ६.३ सुझावहरु

यस शोधपत्रमा गाँउ/नगरपालिकाका निर्वाचित दलित महिला सदस्यहरुसंग प्रश्नावलीका माध्यमबाट गरिएको सुचना संकलनका आधारमा मुख्य रुपमा निम्नानुसारका सुझावहरु प्राप्त भएका छन् ।

- सबै जननिर्वाचित सदस्यलाई धेरै प्रयोगमा आउने कार्यगत, महिला सम्बन्धी एवं जातिय विभेद विरुद्धका ऐन, नियमहरु समेटेर कानुनी सचेतना तालिम संचालन गर्नु पर्ने देखिन्छ ।
- महिलाको नेतृत्व विकास गर्नका लागि बोल्ने कला विषयमा कम्तीमा एक साताको सशक्तिकरण तालिम संचालन गर्नु पर्ने देखिन्छ ।
- जनप्रतिनिधिलाई सम्मान स्वरुप राज्य कोषबाट उचित आर्थिक सुविधा उपलब्ध गराउनु पर्ने देखिन्छ साथै नेतृत्वलाईक समाज र घर परिवारबाट सेवाको उचित वातावरण बनाई दिनु पर्ने देखिन्छ ।
- महिला, दलितका लागि विनियोजित बजेट पूर्वाधारमा नभई सोही समूहको हितको लागि खर्च गर्नु पर्ने देखिन्छ ।

# सन्दर्भ ग्रन्थ सूची


आचार्य, बलराम(२०६७), लैङ्गिक र महिलावादी अध्ययन काठमाण्डौंः नेशनल बुक सेन्टर ।

इन्सेक(२०५३), नेपालमा जातिय छुवाछुत, काठमाण्डौं : अनौपचारिक सेवा केन्द्र ।

कार्की, ज्ञान बहादुर(२०६९), नेपालमा जातपात तथा छुवाछुतको इतिहास, काठमाण्डौं : एशिया पब्लिकेशन प्रा.लि. ।

चौलागाई, तिलकप्रसाद, नानीराम पोखेल, केशवराज सापकोटा(२०६०), लैङ्गिक अध्ययन काठमाण्डौंः न्यू हिरा बुक इन्टरप्राइजेज ।

जिल्ला परिषद पुस्तक(२०७३), जिल्ला विकास समितिको कार्यालय, कास्की ।

देवकोटा, पदमलाल, ओझा नेत्रकुमार(२०६९) नेपाली समाज र संस्कुतिका उपागमहरु, काठमाण्डौंः न्यू हिरा बुक इन्टरप्राइजेज ।

निर्वाचन बुलेटिन, वर्ष ४ अंक ३ पुर्णाङ्क १०

निर्वाचन बुलेटिन, वर्ष ४ अंक ३ पुर्णाङ्क ९

नेपालको संविधान(२०७२), कानुन किताब व्यवस्था समिति : काठमाण्डौं ।

नेपालको निर्वाचन इतिहास(२०७३), निर्वाचन आयोग : काठमाण्डौं ।

पण्डित, लोकदर्शन(२०६७), नेपालको संसदीय निर्वाचन दर्पण, काठमाण्डौंःसोपान प्रेस ।

पौडेल, तुलसीराम(२०६९), लैङ्गिक अध्ययनको रुपरेखा, काठमाण्डौंः पैरवी प्रकाशन ।

पाण्डे, मधुसुधन(२०६४), नेपालका दलितहरु, काठमाण्डौं : साझा प्रकाशन ।

मैनाली,गोपी(२०६४), प्रत्यक्ष शासन र जन आन्दोलन, शुभम मैनाली

मैनाली,गोपीनाथ(२०६६), राज्य संचालनका आधारहरु, काठमाण्डौंःसोपान प्रेस ।

मैनाली,मोहन(२०६१), समावेशी लोकतन्त्रका आधारहरु,काठमाण्डौ : सोसल साइन्स वहा

यादव, अवोधिप्रसाद(२०५९), उपेक्षित,उत्पिडित र दलित वर्गको अध्ययन, राजविराज सप्तरी ।

राष्ट्रिय जनगणना(२०६८), केन्द्रिय तथ्याङ्क विभाग : काठमाण्डौं ।

शर्मा, जनकलाल(२०५८), हाम्रो समाजको एक अध्ययन, काठमाण्डौं : साझा प्रकाशन ।

शर्मा, प्रयागराज(१९७७), जात सामाजिक गतिशिलता र संस्कृतिकरण, काठमाण्डौंः कैलाश प्रकाशन ।

शर्मा, कमलराज(२०५७), नेपाली समाज र संस्कृति समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोण, काठमाण्डौं : पैरवी प्रकाशन ।

स्थानीय तह निर्वाचन, २०७३, निर्वाचन आयोग, काठमाण्डौं ।

स्थानीय तह निर्वाचनःएक झलक(२०७३), क्षेत्रीय निर्वाचन कार्यालय, कास्की

सबै प्रकारका जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धी, राष्ट्रिय मानव अधिकार आयोग(२०६९)

**websites :**

https://alldalit.blogspot.com/2013/08/blog-post_2786.html

http://loktantrapost.com/?p=5594

http://reportersnepal.com/2017/10/208516.html

http://www.panakhabar.com/2016/07/13251/

https://www.onlinekhabar.com/2015/12/358738

http://ehimalayatimes.com/bichar-sahitya/469